कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.com.np

• वर्ष २५ • अंक ३४ • FRIDAY, 10 JANUARY 2020 • शुक्रबार, पुस २५, २०७६ • पृष्ठ ३२ • मूल्य रु. १५/-



# पहिचानसँगै पेसा

## पाँच लैंगिक अल्पसंख्यकका संघर्ष/सफलता

मध्यपृष्ठमा

मिस पिंक

एन्जल लामा



**जनसरोकार**

# पार्किङ व्यवस्थापनको मारमा सेवाग्राही

तस्बिरमा देखिएको दृश्य ललितपुर एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय साना तथा ठूला सवारी साधनको हो । सरकारले चक्रपथ सडकखण्डलाई फराकिलो बनाउने उद्देश्यले सडक विस्तार गर्ने काम सुरु गरेसँगै यातायात कार्यालयलाई पार्किङ स्थलको समस्या सुरु भयो । तस्बिरमा पार्किङ गरेको स्थान पनि सरकारले विस्तार गरेको सडकअन्तर्गत पर्छ । सरकारले कार्यालयमा सवारी साधनको अवस्था चेकजाँच गर्न आउने सवारी साधनका लागि न त पार्किङ स्थलको व्यवस्था गरेको छ, न त चेकजाँच गर्ने स्थानको नै ।

चेकिङ गर्ने स्थानको अभाव भएपछि सवारी साधन जाँच गर्ने प्राविधिकहरू सडकमा नै चेकिङ गर्न बाध्य छन् । कार्यालयमा दैनिक आउने साना तथा ठूला सवारी साधन चेक जाँच गर्न पुग्ने सेवाग्राहीहरू पनि पर्याप्त मात्रामा पार्किङको व्यवस्था नहुँदा बीच सडकमा नै सवारी साधन पार्किङ गर्छन् । यसले ट्राफिक जामको समस्या त छँदै छ,



'जतिसक्दो चाँडो सेवा-सुविधा उपलब्ध गराउन खोजे पनि कार्यालयको यस्तो समस्याले गर्दा उचित सेवा-सुविधा दिन सकेका छैनौं ।'

- राजन पोखरेल, सूचना अधिकारी
यातायात व्यवस्था कार्यालय, साना तथा ठूला सवारी साधन



तस्बिर : श्रुति श्रेष्ठ

साथै सेवाग्राही पनि ट्राफिक कारबाहीमा पर्छन् । 'सवारी साधनको अवस्था चेकजाँच गर्नका लागि सवारी साधन लिएरै आउनै पर्‍यो,' सेवाग्राही रमेश महर्जन भन्छन्, 'आउँदा पार्किङ गर्ने ठाउँ हुँदैन । सडकमा पार्किङ गर्दा ट्राफिक प्रहरीले चिट काट्छ ।'

सडक विस्तारका लागि बढाइएको बाटो कार्यालयको पार्किङ स्थल बनेपछि स्थानीय रूपमा विभिन्न टीका-टिप्पणी तथा जनगुनासोहरू आउन थालेको छ । कार्यालयले आफ्नो पर्याप्त पार्किङ स्थलको व्यवस्था नगर्दा सेवाग्राही मर्कामा पर्ने गरेका छन् ।

त्यस्तै कार्यालयमा पुग्ने अधिकांश सेवाग्राहीहरू कार्यालयमा प्रविधिको उचित मात्रामा उपयोग नहुँदा आफूहरूले छोटो समयमा हुने काममा पनि धेरै समय खर्चिनु परेको गुनासो गर्छन् । कार्यालयमा प्रयोग भएको सर्भरले राम्रोसँग काम नगर्ने तथा कर तिर्नकै लागि दिनभर लाइनमा उभिनुपर्ने सेवाग्राही कृष्णप्रसाद खतिवडा बताउँछन् ।

'आजको समयमा पनि घन्टौं लगाएर सवारी साधनको कर तिर्नुपर्ने विडम्बना छ,' खतिवडा भन्छन्, 'कार्यालयले केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरेर छिटोभन्दा छिटो यातायात व्यवस्था कार्यालयमा पार्किङ स्थलको सुविधाको विकास गर्नुपर्छ ।' साथै इन्टरनेटबाट सवारी साधनको बिल भुक्तानी गर्ने व्यवस्था हुनुपर्ने सेवाग्राहीको माग छ । यतातर्फ सम्बन्धित निकायको ध्यान नपुगेको सेवाग्राहीको गुनासो छ ।

सेवाग्राहीबाट आएका गुनासालाई सम्बोधन गर्ने पहल भैरहेको यातायात व्यवस्था कार्यालय साना तथा ठूला सवारी साधनका सूचना अधिकारी राजन पोखरेल बताउँछन् । 'हामीले ट्राफिक विभाग, महानगर तथा प्रदेश सरकारसमक्ष पटक-पटक यो समस्या बताएका छौं,' पोखरेल भन्छन्, 'हामीहरूले जतिसक्दो चाँडो सेवा-सुविधा उपलब्ध गराउन खोजे पनि कार्यालयको यस्तो समस्याले गर्दा उचित सेवा-सुविधा दिन सकेका छैनौं ।' कार्यालयमा पार्किङ स्थल नभएको, सर्भरमा ढिलाइ जस्ता समस्या छन् । यसलाई समाधानका लागि सम्बन्धित निकायलाई जानकारी गराइसकेको पोखरेल बताउँछन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला

(फलित ज्योतिष)

**यो साता**

पुस २५ गते
श्री स्वस्थानी व्रत आरम्भ
पुस २७ गते
पृथ्वीजयन्ती
राष्ट्रिय एकता दिवस
माघ १ गते
माघे संक्रान्ति, माघी पर्व

## मेष

तपाईंको यो साता आनन्दमय रहनेछ । पूण्य कमाउन व्रत बसी मठ-मन्दिरको परिक्रमा गरिनेछ । कार्यक्षेत्रका झिनामसिना झन्झट भने रहिरहन सक्छन्, धैर्यताले उन्मुक्ति पाइनेछ । प्रेमिकाले ससाना त्रुटि औंल्याउँदा प्रेममा तुसारो लाग्न सक्छ । रातो रंगको पहिरनले ऊर्जा प्राप्त भई कार्य सम्पन्न गर्न सहज हुनेछ ।

## वृष

दूरदराज तथा सामाजिक सञ्जालबाट मन पराएको प्रस्ताव आए विचार पुऱ्याएर निर्णय लिन सकिनेछ । अध्ययनका निम्ति विदेशमा पाइला चाल्दा सोचेको नतिजा हात लाग्न सक्छ । अन्योलका बीच विशिष्ट व्यक्तिको सुझावले सकारात्मक मार्ग पहिचान गर्दा अरूको मन लोभिनेछ । साताको अन्त्यमा शारीरिक कष्टले सताउन सक्छ ।

## मिथुन

स्वदेशमै उत्कृष्ट रोजगारीको अवसर मिल्न सक्छ । प्रतिस्पर्धामा भाग लिँदा परिणाम आफ्नै पोल्टामा पर्न सक्छ । मित्र तथा नातेदारको बोलावटमा संलग्न भै मनोरञ्जन गर्दा शरीरिक थकानको महसुस हुनेछ । लामो दूरीको यात्रामा खराब आचरण भएकाबाट टाढा रहँदै सावधानीपूर्वक प्रतिष्ठा जोगाउने प्रयत्न गर्नुहोला ।

## कर्कट

सामाजिक जिम्मेवारीको कार्य उत्कृष्ट भै चर्चित हुँदा प्रेमिकाले नौलो पहिरन टक्र्याउन सक्छिन् । नसोचेको परिणाम प्राप्त हुँदा हर्षले गद्गद भइनेछ । मनले खाएका मित्रलाई मुनाफा हात लाग्ने व्यवसायमा संलग्न गराइनेछ । सवारी साधन खरिद गर्ने पारिवारिक मत भने सोचेजस्तो नहुन सक्छ ।

## सिंह

धार्मिक तथा परोपकारी भावना अवलम्बन गर्दा रोकिएका कार्य स्वत: फुकुवा भई आर्थिक हैरानीबाट मुक्ति पाइनेछ । भित्रभित्रै षड्यन्त्र गर्ने विपक्षीहरूले तपाईंको कौशलबाट प्रभावित भई समर्थन गर्नेछन् । पाचन प्रणालीमा हुने गडबडीबाट भने सावधानी अपनाउनुपर्ने हुन्छ । सामाजिक हैसियतको हेक्काले विलासीपनमा परिवर्तन ल्याउनेछ ।

## कन्या

विपरीत लिंगीसँगको खटपटमा मल्हम लगाउन नयाँ रणनीतिको जरुरत पर्नेछ । सांस्कृतिक कार्यक्रममा मनोरञ्जन गर्दा भने तनाव हलुका हुनेछ । उत्ताउलोपनले परिणाममुखी कार्य सम्पन्न गर्न ढिलाइ हुन सक्छ, हेक्का राखे सफलता हात लाग्नेछ । नगद सापटी लिएका मित्रले समयमा वचन पूरा नगर्दा आर्थिक चेपटामा पर्न सकिनेछ ।

## तुला

टाढिएका प्रेमी/प्रेमिकाले प्रणयसूत्रमा बाँधिने मनसाय व्यक्त गर्न सक्छन् । विशिष्ट व्यक्तिसँगको भेटले नयाँ-पुराना कार्य सम्पन्न गर्न जुक्ति-बुद्धि प्राप्त गरिनेछ । सेतो एवं नीलो रंगको पहिरन लगाएमा थप आकर्षित भइनेछ । संयमता र बोलीको मधुरताले बिग्रन लागेको कार्यसमेत सफलतामा परिणत हुन सक्छ ।

## वृश्चिक

द्रुत गतिमा गरेका कार्यबाट आर्थिक लाभ हात पार्ने सम्भावना छ । पुँजी तथा मेहनतबाट नयाँ अवसर सिर्जना भई लाभ लिन थप लगानीको जरुरत पर्नेछ । सामाजिक कार्यको जिम्मेवारी कार्यान्वयन गर्दा अपजस आइलाग्न सक्छ । प्रेमिकाको सुझाव अनुसरण गरेमा सफलता नजिक पुगिनेछ ।

## धनु

पूण्य आर्जनमा धन खर्च गरिनेछ । मठ-मन्दिरको यात्रामा समय खर्चंदा तनावमुक्त भइनेछ । विभिन्न निकायबाट रोजगारीको प्रस्ताव आइलाग्नाले मन प्रफुल्लित हुनेछ । मौसमी फेरबदलले स्वास्थ्यमा असर पार्न सक्छ । धार्मिक संस्थाको कार्यक्रममा नयाँ मित्रसँग मनोरञ्जन गर्दा अरूको मन लोभिनेछ ।

## मकर

विदेश यात्राको साइत जुर्नाले साथी-संगिनीसँग भ्रमण, खानपान तथा फेसनमा राम्रै धन खर्च गर्नुपर्ने हुन सक्छ । योजना कार्यान्वयनमा ढिलाइ गर्नाले पछि परिनेछ । घरायसी श्रृंगार सामग्री खरिदमा पारिवारिक मतान्तर देखा परे पनि गहना तथा विद्युतीय उपकरण खरिद गर्न मत मिल्नेछ । सवारी चलाउँदा सावधानी अपनाउनुहोला ।

## कुम्भ

मन पराउनेले घुमाउरो भाषा प्रयोग गरी प्रेम प्रस्ताव राख्दा मुटुको धड्कन बढ्न सक्छ । हेलचेक्र्याइँ गरी यात्रा गर्दा आर्थिक नोक्सानको थप भार पर्नेछ । सवारी साधन चलाउँदा संयमता अपनाउनुपर्नेछ । नयाँ कार्य सफल पार्न खर्च र मेहनतको जरुरी पर्नेछ । सुनौलो रंगको पहिरनले सहजता महसुस हुनेछ ।

## मीन

पहेंलो रंगको पहिरनमा प्रस्तुत हुँदा प्रेमिकाले बढी मन पराउनेछिन् । व्रतालुलाई जल तथा फल प्रदान गरी पूण्य आर्जन गर्ने सम्भावना टरेको छैन । खानपानमा फेरबदल भई शारीरिक दुर्बलता देखा पर्न सक्छ । पारिवारिक सल्लाहमा अन्योल देखा पर्दा तपाईंको ठोस प्रस्ताव नै निर्णायक हुनेछ ।


SPECIAL OFFER 2020
Japanese & Korean
भाषा पढौं र जापान, कोरिया जाऔं
CANADA & EUROPE
Student, Work Permit, Training, Permanent Residence, Dependent &
LMIA Work Permit Visa
Process For Canada
IELTS, Chinese, English Language
Good Life Education
Samakhusi, Kathmandu, 01-4385722, 4358679
Mob.: 9851133914, 9841379372

समाचार

# माघेसंक्रान्तिका लागि गोरु स्याहार्दै







■ फाइल तस्बिर

■ विष्णु तारुके

नुवाकोट- नुवाकोट तारुकाका किसान मदन श्रेष्ठ रत्ने गोरुको स्याहारमा व्यस्त छन् । ठूलो जुरो भएको रत्नेले मैदानमा अरूलाई पछार्नेमा उनी ढुक्क छन् । त्यसैले त अण्डा, तेल र चामल भिजाएर राम्रो स्याहार गर्छन् मदन, गोरुलाई । आफ्नो गोरुले माघेसंक्रान्तिको दिन भिड्दा हार्‍यो भने उनको मन कम्ता दुख्दैन । त्यसैले मेलाको तयारी अघि किसानहरू गोरुको हेरचाह र जुधाईको पूर्वतयारीमै व्यस्त हुन्छन् ।

मदनको मात्रै होइन नुवाकोट तारुकाका अधिकांश किसानहरू जुधाइने गोरुको स्याहारमै व्यस्त छन् । हरेक वर्ष माघेसंक्रान्तिमा नुवाकोटको तारुकामा मनाइने गोरु जुधाई मेलाको तयारीले गाउँ रंगिएको छ । घर-घरमा अजंगका बहर गोरु छन् भने टोलटोलमा जितहारको अड्कलबाजीमा सुरु भएको छ । तारुका बेहुलीभैंm सिगारिएको छ । बाटामा स्वागत गेट बनिसकेका छन् । जुधाइने गोरुको जोडी बनिसकेको छ भने मेला समिति पर्यटन वर्षको स्वागतमा जुर्मुराएको छ । यस वर्ष पर्यटन वर्ष-२०२० पनि तारुकावासीमा लागेको देखिन्छ । बझांगी राजा जयपृथ्वी बहादुरसिंहको पालादेखि चलिआएको वर्ष जोगाउन किसानहरू मरिमेटेर लागेका छन् । मेलालाई पर्यटन वर्षको रूपमा मनाउन स्थानीय तारकेश्वर गाउँपालिका नेपाल पर्यटन बोर्डसमेत लागेको छ ।

काठमाडौंबाट ६५ किलोमिटरको दूरीमा रहेको तारुका मेलाका लागि स्थानीय तहले होमस्टेको समेत व्यवस्था गरेको छ । तारुका चन्दनीमा करिब ४० घरमा सुविधासम्पन्न होमस्टे छ । स्थानीय होटलहरूमा गाउँले परिकार चाख्न पाइन्छ । मेलामा स्थानीय मगर झाँकी तामाङ झाँकी स्थानीय बालन भजन र स्थानीय परिकारसमेत राखिने रसुवा नुवाकोट पर्यटन समाजका महासचिव शिव अधिकारीले बताए ।



अपराध



■ तस्बिर : सटरस्टक (मोडलिङमा आधारित)

# ‘सुन्दरी पासो’ को सकस

■ जनक तिमिल्सिना

> अपराधको नयाँ शैली हनी ट्र्यापले हाइप्रोफाइल व्यवसायीलाई मात्रै फन्दामा पारेको छैन, हनी ट्र्यापमा प्रयोग हुने युवतीहरू स्वयंको सुरक्षा पनि चुनौतीपूर्ण बनाएको छ ।

कुस्त पैसा, वाइल्ड मस्ती र क्युट गर्ल । यस्तै कल्पनामा बाँचिरहेको पुरुषको जीवनमा फिल्मी शैलीमा च्याटरुमबाट जब फुत्त ‘रूपवती’ र ‘धनवती’ युवतीको प्रवेश हुन्छ । त्यसपछि के होला ? तिलस्मी पारामा इन्ट्री मार्ने त्यस्ता रूपवती युवतीसँगको लसपसले निम्त्याउने सकसपूर्ण उतारचढाव श्रीपल जैनलाई भन्दा बढी कसलाई थाहा होला ?

झन्डै दुई वर्षअघि डायना सेकेन्डले श्रीपल जैनको जिन्दगीमा भर्चुअल वर्ल्डबाटै इन्ट्री मारेकी थिइन् । त्यतिबेला भारत महाराष्ट्रका श्रीपललाई आफ्नो जीवन कुनै सुन्दर सिनेमाको प्लटभन्दा कम लागेको थिएन । २१ वर्षीया बोल्ड डायना जब उनको जिन्दगीमा जोडिइन्, ३८ वर्षीय जैन खुसीले गद्गद भए । डायनाको बोल्ड व्यक्तित्वबाट मुग्ध जैन, जब युवतीले आफू ‘सिंगापुरे धनाढ्य’की एक्ली छोरी भएको बताइन्, झनै सम्मोहित भए ।

भर्चुअल वर्ल्डबाट ‘रूपवती’ र ‘धनवती’ युवतीले इन्ट्री मारेपछि उनका दिन बदलिए । कहिले दुबई, कहिले मुम्बईमा सँगै घुमघाममा निस्किए । दुई वर्षसम्म फूलमा घुमिरहेको माहुरीजस्तै डायना वरिपरि चक्कर लगाइरहेका श्रीपल त्यतिबेला छाँगाबाट खसेजस्तै भए, जब बिजनेस ट्रिपमा नेपाल बोलाएकी डायना ६ असार ०७६ को दिउँसो २३ लाख रुपैयाँ लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एकाएक गायब भइन् । श्रीपलले बल्ल आफू ठगिएको चाल पाए । त्यसलगत्तै जैन प्रहरीकहाँ पुगेँ । त्यही साँझ प्रहरीको अपराध अनुसन्धान महाशाखाको टोलीले डायनालाई नरेफाँटबाट २० लाख ८० हजार नगदसहित पक्राउ गर्‍यो । धनाढ्यकी नक्कली छोरी बनेर हनी ट्र्याप शैलीमा ठगी गर्ने महोत्तरीकी प्लस टु फेल डायनाको नक्कली अवतार केही घण्टामै छर्लङ्ग भयो ।

प्रेमिकामात्रै होइन, सपनाकी राजकुमारीको खोज्ने र सुन्दरीसँग विवाह गर्ने आकांक्षाका कारण पनि हनी ट्र्याप सुन्दरीका सिकार भएका घटना प्रहरीमा भेटिन्छन् । सुन्दरीसँग विवाह गर्ने सपनाले गोरखाका मनोज (नाम परिवर्तन) ले ९ लाख गुमाए भने पैसावाल फसाउने हनी ट्र्याप सुन्दरीको जालमा परेपछि सिन्धुलीका रोशनकुमार (नाम परिवर्तन) पछिल्लो दुई महिनादेखि लुकेर बस्न विवश हुनु परेको छ ।

बैंग्लोरमा इन्जिनियरिङ पढिरहेका गोरखाका २३ वर्षीय मनोजसँग झन्डै २ वर्षअघि रमा (नाम परिवर्तन) फेसबुकमार्फत नजिकिइन् । पढेलेखेकी रमाजस्ती सुन्दर युवतीलाई प्रेमिका रूपमा पाएपछि मनोजले अनेक रंगीन सपना बुन्न थाले । मनोजलाई आफ्नो मोहजालमा पारिसकेपछि रमाले अनेक बहाना देखाएर ९ लाख ५० हजार रुपैयाँ हात पारिन् । पैसा हात पारिसकेपछि उनकी फेसबुके प्रेमिका टाढा हुन थालिन् । जब मनोज च्याटमा माया दर्साउन खोज्थे, उनी उल्टै अनेक धम्की दिन थालिन् । मनोज क्रमशः बदलिएको रमाको व्यवहारबाट आजित हुँदै गए । राम्रो पढेलेखेकी केटीको व्यवहारले उनका सपनामा ग्रहण लाग्न थाल्यो । यत्तिकैमा रमा अचानक गायब भइन् । बल्ल मनोजले आफू ठगिएको थाहा पाए । त्यत्रो ठूलो रकम ठगिएपछि उनी उजुरी बोकेर महानगरीय प्रहरी परिसर काठमाडौं पुगे । प्रहरीले युवतीलाई पक्राउ गरेर काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गर्‍यो । ३ भदौ २०७५ मा काठमाडौं जिल्ला अदालतमा ५ लाख धरौटी बुझाएर ती युवती छुटिन् । ती युवतीसँग मिलेर ठगी गर्ने अर्का एक युवकको समेत मिलेमतो पाइएपछि प्रहरीले उनलाई समेत पक्राउ गरेर मुद्दा चलायो । युवक पनि ३ भदौ २०७५ मै ५० हजार धरौटीमा अदातलबाट छुटे ।

सानातिना ठेक्कापट्टामा संलग्न सिन्धुलीका रोशनको पीडा अझ बेग्लै छ । फेसबुकमा गत साउनमा सुन्दर युवती सुनिता (नाम परिवर्तन) को फ्रेन्ड रिक्वेस्ट आउँछ । ओखलढुंगाकी सुनिताको फेसबुकबाट आएको रिक्वेस्ट एसेप्ट गरेपछि उनीहरूबीच निरन्तर संवाद हुन थाल्छ । फेसबुकमा जोडिएदेखि बढेको घनिष्ठताले २३ वर्षीया रोशन र २७ वर्षीया सुनिताबीच ‘फेसबुके अफेयर’ सुरु हुन्छ । ‘फेसबुके अफेयर’मा तानिँदै गएका उनीहरू सिन्धुली खुर्कोटमा भेटघाट गर्छन् । त्यसपछि दुवै काठमाडौं फर्किन्छन्, केही दिन होटलमा बस्छन् । यत्तिकैमा सुनिताको त्यसअघि नै विवाह भइसकेको र उनीबाट एक सन्तान पनि रहेको रहस्य खुल्छ । युवतीको विगत पनि केटालाई थाहा हुन्छ, केटा विवाह गर्न अस्वीकार गर्दै फरार हुन्छन् । युवती आफ्नो श्रीमान् खोजी दिन भन्दै उजुरी लिएर बौद्धस्थित प्रहरी वृत्तमा पुग्छिन् । प्रहरीले उक्त उजुरी नेपाल प्रहरीको महिला तथा बालबालिका सेल कालिमाटीमा पठाइदिन्छ । कालिमाटीले अहिले उक्त केसमाथि अनुसन्धान गरिरहेको छ । केटाको पारिवारिक स्रोतका अनुसार अहिले सुनिताले १४ लाख रुपैयाँ

दिएमा आफूले केटालाई छाडिदिने र उजुरी फिर्ता लिने प्रस्ताव पठाइरहेकी छन्।

रूपवान् युवतीसँग शारीरिक सम्बन्ध बनाउने लालशाले हनी ट्र्याप सुन्दरीको सिकार भइरहेका घटना झन् धेरै छन्। प्रहरीका अनुसार कतिपय उच्च खानदानका व्यक्तिहरू तथा धनाढ्यहरू सुन्दरीसँगको यौनसम्बन्धको लिप्सामा हनी ट्र्यापका सिकार भइरहेका छन्, जसमध्ये केही त परिवार बिग्रने र लोकलाजको डरले प्रहरीसम्म पनि पुग्दैनन्। झन्डै डेढ वर्षअघि ६० वर्षका निराजन (नाम परिवर्तन)सँग एक २२-२३ वर्षीया कलेज गर्ल ठोक्किइन्।

> युवतीलाई लिएर शारीरिक सम्बन्धका लालसाले निराजन घर गए । घर पुगेपछि दुवै लुगा खोलेर शारीरिक सम्बन्धका लागि तयार हुँदै थिए । चार-पाँच जना युवाहरुको समूहले ती युवतीसँगै निराजनको लुकेर नग्न फोटो खिच्यो । यसले उनको शारीरिक सम्बन्धको लालसामा पानी मात्रै खन्याएन, अर्को ठूलो तनाव सिर्जना गर्‍यो ।

आकर्षक जीउडाल भएकी युवती आफूसँग ठोक्किएपछि महिलाप्रति बढी नै आशक्त निराजन नलोभिने कुरै थिएन्। केही समय उनीहरू सुटुक्क क्याफेहरूमा डेट गरे। एक दिन युवतीलाई लिएर शारीरिक सम्बन्धका लालसाले निराजन घर गए। घर पुगेपछि दुवै लुगा खोलेर शारीरिक सम्बन्धका लागि तयार हुँदै थिए। चार-पाँच जना युवाहरूको समूहले ती युवतीसँगै निराजनको लुकेर नग्न फोटो खिच्यो। यसले उनको शारीरिक सम्बन्धको लालसामा पानी मात्रै खन्याएन, अर्को ठूलो तनाव सिर्जना गर्‍यो। त्यसपछि बार्गेनिङ सुरु भयो। केही समय निराजनले उनीहरूले मागेजति पैसा दिए। झन्पछि झन् ठूलो डिमान्ड गर्न थालेपछि गुपचुप रूपमा यो केस हल नगरी उनलाई सुखै भएन। उनी प्रहरीकहाँ पुगे। हाइप्रोफाइल निराजनको यो केस प्रहरीले समाधान गर्‍यो।

५ कात्तिक ०७५ मा पाँचथरकी एक युवतीले कुपण्डोलमा एक व्यवसायीलाई फसाउँदै १ करोड पैसाको बार्गेनिङ गरेपछि प्रहरी फन्दामा परेकी थिइन्। निशा नामबाट फेसबुक चलाउने ती युवतीले धनाढ्य व्यवसायीलाई फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाएकी थिइन्। अर्ध खैरो रंग पोतिएका कपालमा कालो चश्मा लगाएकी उनी झट्ट हेर्दा मोडलभन्दा कम देखिँदैनन्। त्यति सुन्दर युवतीको फ्रेन्ड रिक्वेस्ट आएपछि ती व्यवसायीको मनले रिक्वेष्ट स्वीकार नगरी मानिरहन सकेन। फेसबुकमा विकसित सम्बन्धको फेरो समात्दै युवती व्यवसायीलाई भेट्न उनकै अफिसमा पुगिन्।

२५ वर्षीय निशा त कति 'फरवार्ड' बनेर निस्किइन् भने उनले व्यवसायीलाई उनकै प्राइभेट क्याबिनमा अँगालो मार्दै चुम्बन गरिन्। केही दिनपछि व्यवसायीलाई अज्ञात नम्बरबाट फोन आयो, 'तिम्रो एक युवतीसँगको यस्तो भिडियो छ, १ करोड रुपैयाँ देऊ, नत्र सार्वजनिक गरिदिन्छु।' ती व्यवसायी विलखबन्दमा परे। १ करोड दिऊँ, त्यति पैसा छैन। भिडियो आयो भने त्यसले दिने तनाव झनै ठूलो छ। त्यसपछि उनी प्रहरी शरणमा पुगे। प्रहरीले इन्दिरासँगै गोरखाका एक जना ३१ वर्षीया युवकलाई ५ कात्तिक २०७५ मा गौशालाबाट पक्राउ गर्‍यो।

शारीरिक सम्बन्धको आकांक्षामा हनी ट्र्याप सुन्दरीको सिकार बन्ने ती व्यवसायी एक्ला होइनन्। २ असार २०७४ मा पनि धनाढ्यहरूलाई यौन सम्बन्धको जालमा फसाउँदै लाखौं रुपैयाँ ठगी गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको थियो। दाङकी १९ वर्षीया सुन्दरी आशिकाको सुन्दरतालाई हतियारका रूपमा प्रयोग गरेर हनी ट्र्याप शैलीमा धनाढ्य फसाउने ३१ वर्षीया कोमान्द खड्का आशिकासँगै त्यही दिन समातिएका थिए। प्लस टु सकेपछि आर्थिक अभाव टाल्न विदेश जाने मनस्थितिमा रहेकी आशिकालाई कोमान्दले जागिर लगाइदिने भन्दै काठमाडौं ल्याएका थिए।

काठमाडौंमा उनलाई जागिर त लगाइदिएनन्, नै बरु उनको आकर्षक जीउडाललाई पैसा कमाउने हतियार बनाए। कोमान्दले धनाढ्यहरूलाई फोन, भाइबर र फेसबुकबाट फसाउने आइडिया सिकाउँथे, आशिकाले प्रेमिका बनेर यौनसम्बन्धको सपनामा लठ्याउँदै व्यवसायीहरूलाई होटल वा कोठाहरूमा पुर्‍याउने गर्थिन्। जब व्यवसायीसँगै आशिका कोठामा हुन्थिन्, बाहिरबाट नक्कली सिआइबी बनेका कोमानन्दका समूहका सदस्यहरूलाई आइपुग्थे। उनीहरूले सिआइबीका नाममा रेड मार्थे र बार्गेनिङपश्चात् पैसा असुल्थे। उनीहरूको यो हनी ट्र्याप संसार २ असारमा प्रहरी फन्दामा परेसँगै भत्कियो।

हनी ट्र्यापमा प्रयोग हुने सुन्दरीहरू स्वयंको सुरक्षा पनि चुनौतीपूर्ण रहेको घटनाक्रमले देखाउँछ। ०७३ को फागुनमा प्रेमीको पैसा कमाउने योजनामा हनी ट्र्याप टुल्स बन्दा राधिका श्रेष्ठले ज्यान गुमाइन्। धादिङकी राधिका श्रेष्ठ न्युरोडको मखनगल्लीस्थित न्यु डालिज साडी संसारमा काम गर्थिन्। कालीमाटी बस्ने उनीकाम गर्न आउँदा मरुको बाटो भएर ओहोर-दोहोर गर्थिन्। त्यही क्रममा मरुमा मोबाइल पसल चलाउने भक्तपुरका प्रकाश लामिछानेसँग राधिकाको परिचय भयो। त्यो चिनजान प्रेममा बदलियो। राधिका र प्रकाश दुवैको आर्थिक अवस्था राम्रै थियो। तर, प्रकाश यति महत्वाकांक्षी थिएकी उनलाई चाँडै कुस्त पैसा कमाउने चाहना थियो।

पैसा कमाउने लोभ डोरिँदै प्रकाशले राधिकाले काम गर्ने साडी पसलका सञ्चालक–श्यामसुन्दर अग्रवाललाई नै हनी ट्र्यापको पासोमा पारेर लुट्ने योजना बनाए। अपहरण गरेर फिरौती असुल्ने योजनाअनुसार राधिकालाई अग्रवालसम्म पुग्ने माध्यमका रूपमा प्रयोग गरियो। ५ फागुन ०७३ मा राधिकाले श्यामसुन्दरलाई सुन्धाराको एक होटल बोलाइन्। त्यही प्रकाशको समूहले उनलाई बन्धक बनाउँदै १० लाख ७० हजार रुपैयाँ फिरौती असुल्यो। पछि, प्रेमीको अपहरणको योजनामा हनी ट्र्याप टुल्सका रूपमा प्रयोग भएकी राधिकाको मृत्युको कारण नै त्यही बन्न पुग्यो। अग्रवालको अपहरण





■ तस्बिर : सटरस्टक (मोडलिङमा आधारित)

‘केटाहरूलाई माया गर्छु भनेर सम्बन्ध विस्तार गर्ने, माया गरेजस्तो देखाउने, केटाहरूलाई अँगालो हाल्ने, चुम्बन गर्नेजस्ता क्रियाकलाप गर्छन् र अन्त्यमा उनीहरूलाई पैसाका लागि ब्ल्याकमेल गर्छन् ।’



– होविन्द्र बोगटी, प्रवक्ता, महानगरीय प्रहरी परिसर, काठमाडौं

गरेर फिरौती असुलेको केही घण्टामै उनले आफ्नो ज्यान गुमाइन् । उक्त साँझ वसन्तपुरमा फिरौतीबापत प्राप्त रकम बाँडफाँड भयो । बाँडफाँडपछि ६ बजे प्रकाश र राधिका ट्याक्सी लिएर भक्तपुर बागेश्वरीस्थित प्रकाशको घरमा पुगे ।

घरमा पुगेपछि प्रकाशलाई राधिकाका कारण आफू पक्राउ पर्ने र पोल खुल्ने डर भयो, जसका कारण उनले आफ्नी दुई वर्षदेखिकी प्रेमिका राधिकाकै हत्या गर्ने मनसाय बनाए । सोही योजनाअनुरूप अपहरणमा प्रयोग गर्न जैसीदेवलमा किनिएको डोरी र कार्टुन टेपको सहायताले राधिकाको मुख बन्द गरियो भने उनको खुट्टा डोरीले बाँधियो । त्यसपछि प्रकाशले उनको घाँटी थिचेर हत्या गरे । राधिकाको हत्यापछि उनको मृतक शरीरलाई प्लास्टिकको बोरामा हालेर मोटरसाइकलमा राखी घरभन्दा झन्डै २ सय मिटर तल मुहानपोखरी भन्ने ठाउँमा खाल्डो खनी पुरियो ।

अपहरणको १५ दिनपछि २० फागुनमा प्रहरीले सडेगलेको अवस्थामा राधिको शव फेला पाऱ्यो । त्यसमा अनुसन्धान गर्दै जाँदा अपहरणसँग जोडिएको यो हत्याको पर्दाफास भएको हो । हत्यालगत्तै नयाँदिल्ली हुँदै दुबई पुगेर लुकेर बसेका प्रकाशलाई ०७४ को असोजमा प्रहरीले इन्टरपोलका माध्यमबाट पक्राउ गरेर नेपाल ल्यायो ।

यी त सहरमा मौलाइरहेको नयाँ अपराध शैली हनी ट्र्याप कति खतरनाक बन्दैछ भन्ने उदाहरण मात्रै हुन् । केही वर्षयता पैसा कमाउन युवतीहरू आफ्नो आकर्षक अनुहार प्रयोग गरेर पुरुषलाई कसरी फसाउँदैछन् भन्ने यस्ता थुप्रै दृष्टान्त भेटिन्छन् । पैसा कमाउन धन्दा गर्ने यस्ता सुन्दरीहरू कोही विवाहको नाटक गरेर त कोही नक्कली प्रेमिका बनेर युवाहरू फसाउँदैछन् । कोही शारीरिक सम्बन्ध बनाउन दिने आश्वासनमा धनाढ्यहरूबाट ठूलो आर्थिक स्रोत जुटाउन लागिपरेका घटनाक्रमहरूले देखाउँछ । हनी ट्र्याप शैलीका कतिपय

> शारीरिक आकर्षणमा लोभ्याएर सुन्दर युवतीहरूले पुरुषलाई फसाउने कला हो- हनी ट्र्याप । जसरी झिँगा महको लोभमा त्यसमाथि बस्छ, मह खाएर उड्न खोज्छ तर उड्न नसकेर ट्र्यापमा पर्छ, त्यसैगरी हनी ट्र्यापमा महिला शरीर प्रयोग गरिन्छ ।

घटनामा मास्टरमाइन्डका रूपमा युवतीका नजिकका पुरुषहरू पनि काम गर्ने गरेको माथिका घटनाले प्रस्टयाउँछ ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता होविन्द्र बोगटी पछिल्लो समय पैसा कमाउन केही युवतीहरू स्वयं र केहीको सुन्दरतालाई उनका नजिकका पुरुषहरूले हतियार बनाइरहेको बताउँछन् । उनका अनुसार केही युवती केटाहरूलाई फेसबुक, फोन, म्यासेन्जर वा भाइबरमार्फत विभिन्न प्रलोभन तथा मीठा-मीठा कुरा गरेर फसाउने गर्छन् । ती हनी ट्र्याप सुन्दरीहरूको मुख्य मोटिभ के हुन्छ त ? प्रवक्ता बोगटी भन्छन्, ‘केटाहरूलाई माया गर्छु भनेर सम्बन्ध विस्तार गर्ने, माया गरेजस्तो देखाउने, केटाहरूलाई अँगालो हाल्ने, चुम्बन गर्नेजस्ता क्रियाकलाप गर्छन् र अन्त्यमा उनीहरूलाई पैसाका लागि ब्ल्याकमेल गर्छन् ।’

प्रहरी अधिकारीहरू यसरी हनी ट्र्याप सुन्दरीहरूको जालमा परेर पैसा गुमाउनेहरू अझ धेरै हुन सक्ने आँकलन गर्छन् । तर, सामाजिक लोकलाज र पारिवारिक इज्जतका कारण यस्ता घटनाहरू कमै मात्रै प्रहरीसम्म पुग्ने ती अधिकारीको भनाइ छ । गहन प्रकारका अपराधको अनुसन्धान गर्ने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रवक्ता बेलबहादुर पाण्डे ‘हनी ट्र्याप’को मुख्य कारण सम्पत्ति जोड्नु र पैसा कमाउनु नै रहेको बताउँछन् । ‘यसको मुख्य कारण त पैसा कमाउनु र सम्पत्ति जोड्नु नै हो,’ उनी भन्छन्, ‘कतिपय अवस्थामा मानसिक कारण पनि देखिन्छ ।’ प्रवक्ता पाण्डेका अनुसार यस्ता केही केसहरूमा ब्युरोले अनुसन्धानसमेत गरिरहेको छ भने केही हाइप्रोफाइल पनि हनी ट्र्यापको सिकार भएका देखिन्छन् । उनी करणीसम्बन्धी कानुनी प्रबन्ध र यसको दुरुपयोगजस्ता कारणले पनि यस्ता घटनाहरूमा बढोत्तरी भएको मान्छन् ।

महिलाहरू नै यौन तथा सुन्दरताको आडमा हनी ट्र्यापजस्तो अपराध कर्ममा किन संलग्न हुन्छन् त ? अपराधशास्त्री माधव आचार्य महिला प्राकृतिक र शारीरिक रूपमै विशिष्ट व्यक्तित्व भएको बताउँछन् । ‘महिलाहरू सुन्दर देखिन चाहन्छन्, अपोजिट सेक्सलाई आकर्षित गर्न सक्ने प्राकृतिक गुण नै उनीहरूमा हुन्छ,’ आचार्य भन्छन्, ‘त्यही गुणलाई प्रयोग गरेर केहीले अवसर त केही लाभका लागि त कतिपय अवस्थामा अपराधिक चरित्रका व्यक्तिहरूले यौन ट्र्यापका रूपमा पनि प्रयोग गर्ने गर्छन् ।’

हनी ट्र्याप सुन्दरी बन्नका लागि आधुनिक युवतीहरूलाई कुन मानसिक कुराले प्रभावित गरिरहेको हुन्छ ? मनोविद् करुणा कुँवर अपराधिक मनोवृत्ति र विभिन्न प्रलोभनका आधारमा ट्र्याप पारिँदा महिलाहरू यस्तो कार्यमा संलग्न हुने बताउँछिन् । ‘समाजमा महिलाको सौन्दर्यको प्रशंसा हुन्छ, महिलालाई सोझा हुन्छन् भनेर टृष्ट गर्ने गरिन्छ,’ उनी भन्छिन्, ‘त्यही बुझाइको फाइदा उठाउँदै कतिपय अपराध मनोवृत्तिका महिलाहरू सौन्दर्य, पर्सनालिटीजस्ता कुरालाई आधार बनाएर यस्ता कार्य गर्छन् ।’

उनका अनुसार कतिपय अवस्थामा महिलालाई अपराध गर्नका लागि ट्र्यापमा पारिएको हुन्छ । ‘अर्कातिर इमोसनल्ली वा इकोनोमीकल्ली रूपमा पनि ट्र्यापमा पारेर ब्ल्याकमेल गरेर उनीहरूबाट यस्ता कामहरू गराइएको पनि हुनसक्छ,’ कुँवर थप्छिन् । नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल भने उनीहरूलाई यसका लागि पैसाले नै तयार पार्ने बताउँछन् ।

झन्डै ४ वर्षयता आफ्नो सुन्दरता मोहित पारेर पुरुषलाई ठगी, ब्ल्याकमेलिङ र लुटपाट गर्ने क्रम बढ्दो छ । पछिल्लो एक वर्षमा मात्रै यस्ता झन्डै दर्जन बढी घटनामा काठमाडौं प्रहरी परिसर, महानगरीय अपराध महाशाखा र केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरेको छ । जसमध्ये केहीलाई हनी ट्र्याप शैलीमा व्यक्तिलाई ठग्ने, ब्ल्याकमेलिङ गरेको अभियोगमा पक्राउ गरेर कारबाहीसमेत अगाडि बढाइएको छ । तर, हनी ट्र्यापको उक्लिँदो ग्राफको स्पष्ट तथ्यांक प्रहरीसँग छैन । किनभने, हनी ट्र्यापका घटनाहरूलाई ठगी, ब्ल्याकमेलिङलगायतका अन्य मुद्दा चलाइने गरिन्छ ।

### के हो हनी ट्र्याप ?

शारीरिक आकर्षणमा लोभ्याएर सुन्दर युवतीहरूले पुरुषलाई फसाउने कला हो- हनी ट्र्याप । जसरी झिँगा महको लोभमा त्यसमाथि बस्छ, मह खाएर उड्न खोज्छ तर उड्न नसकेर ट्र्यापमा पर्छ, त्यसैगरी हनी ट्र्यापमा महिला शरीर प्रयोग गरिन्छ । यसमा सुन्दर युवतीलाई प्रयोग गरेर सेक्सको लोभ देखाइ आफूअनुकूल ठाउँमा पुऱ्याई फसाइन्छ । खासगरी रूपवती युवतीलाई प्रयोग गरिने यो शैली जासुसीका लागि लडाइँहरूमा समेत प्रयोगमा आएको पाइन्छ । विपक्षी सेनाका सूचना प्राप्त गर्नका लागि पनि यो शैली प्रयोग भएको घटनाक्रमहरूले देखाउँछ । फेसबुक, भाइबर, फोन, ब्लफ कल, हाई प्रोफाइल पार्टी, डिस्कोमार्फत टार्गेटेड व्यक्तिसँग युवतीको मित्रता जोडिन्छ । पछि बिस्तारै उनीहरू नजिकिँदै आपसमा घुलमिल हुन थाल्छन्, त्यसपछि पैसा, सूचना फुत्काउने काम गरिन्छ । यसका लागि युवतीहरू केवल लक्ष्यलाई प्राप्त गर्न ‘सेक्सुअल ब्ल्याकमेलिङ’ पनि गर्छन् ।

पश्चिमा देशहरू हुँदै फैलिएको यो अपराधशैली केही वर्षयता नेपालमा पनि तीव्र बनेको छ । प्रविधिको विकाससँगै बढ्दो हनी ट्र्याप शैलीका घटना छिमेकी देश भारतमा पनि सतह आइरहन्छन् । सन् २०१९ को सेप्टेम्बरमा मध्यप्रदेशमा त्यहाँको एसआईटीले हनी ट्र्यापमा संलग्न ४० कल गर्लको गिरोहलाई कारबाही गरेको थियो । उनीहरूको टार्गेटमा नेता, उच्च अधिकारी तथा ठूला व्यवसायीहरू रहेको पाइएको थियो । भारतीय समाचार पोर्टल आजतकका अनुसार उक्त हनी ट्र्याप काण्डमा केही बी ग्रेडका हिरोइनको नाम पनि सतहमा आएको थियो । उक्त गिरोहले केही भीआईपीहरूका भिडियोहरूसमेत बनाएको पाइएको थियो ।

## पैसाका लागि हनी ट्र्यापमा लाग्छन्



हेमन्त मल्ल,
पूर्व डीआईजी नेपाल प्रहरी

**हनी ट्र्याप अपराधशैली के हो । यसको कारण के हुन् ?**

यो अपराधशैली मुख्यतया लोभ्याएर फसाउने हो । यसमा धेरैजस्तो केटीले हनी ट्र्याप गरेको केस आउँछन् । धेरैजसो घटना बाहिर पनि आउँदैनन् ।

यसका मुख्यत: दुई तीनवटा कारण छन् । महिला र शारीरिक सम्बन्धहरूको लालसा बढी पर्ने गरेको देखिन्छ । केटी पनि त्यस्तैमा पर्छन् । कहिले-कहिले लोभमा पनि परिन्छ, कुनै चीजको फाइदा देखाइदिएर पनि फसाउने गरेको पाइन्छ । सबै केसमा शारीरिक सम्बन्ध नै नहुन सक्छ । कुनै काम रोकिएको छ र त्यो मान्छेबाट काम फुत्काउनका लागि पनि यस्तो गरेको देखिन्छ । कतिपय बेनिफिट लिनका लागि पनि यस्ता घटना भएको पाइन्छ ।

**हनी ट्र्यापमा युवतीहरूको प्रयोग गरिन्छन् वा आफैं प्रयोग हुने हुन् ?**

आफैं प्रयोग भएको देखिन्छ । पैसाकै कारण इन्भल्भ भएको देखिन्छ ।

**हनी ट्र्यापमा हाम्रो जस्तो पूर्वीय देशमा के मानसिकताले युवतीहरू तयार हुन्छन् ?**

सिम्पल केटीहरू, महिलाहरू जसको आम्दानीको स्रोत हुँदैन । सहरमा देखासिकी छ, मोबाइल किन्नुपऱ्यो, राम्रो र महँगो लुगा लगाउनुपऱ्यो । विलासी जीवन र देखावटीका आवश्यकता पूर्ति गर्नका लागि पैसा चाहिन्छ । त्यही आवश्यकता पूरा गर्न उनीहरू यस्तो अपराधका लागि तयार हुन्छन् ।

**हनी ट्र्यापको मुख्य मोटिभ के देखिन्छ ?**

मुख्य मोटिभ पैसा नै हो । उनीहरू अर्थकै लागि बढी यस्तो अपराधमा संलग्न देखिन्छन् ।

KMG
KANTIPUR MEDIA GROUP

# WITHOUT FEAR OR FAVOUR

The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.

Without fear or favour.

THE KATHMANDU POST





सूचना प्रविधि

# चलेका नेपाली एप




आजभोलि कमैले मात्र पुराना मोडलका मोबाइल चलाउँछन् । धेरैका हातमा स्मार्टफोन छन् । र, ती स्मार्टफोनको माध्यमबाट मानवीय आवश्यकता पूर्ति गर्न तथा फोनलाई नै उपयोगी साधन बनाउन पछिल्लो समय विभिन्न एपको निर्माण हुन थालेको छ । टेक्नोलोजीको विकासका रूपमा यसरी बनेका विभिन्न एपले अहिले मानिसका दैनिक क्रियाकलापलाई सरल बनाइरहेका छन् । सन् २००४ मा मार्क जुकरबर्गले बनाएको फेसबुक एप आज विश्वभरि छाएको छ भने सन् २००५ मा निर्माण गरिएको युट्युब, भिडियो हेर्दै समय बिताउने उपयुक्त माध्यम बनेको छ । विभिन्न मुलुकमा बनेका मोबाइल एपहरूले संसारभरि राम्रो स्थान बनाइरहेका बेला नेपालमै बनेका केही एप लोकप्रिय छन्, जुन धेरैजसो नेपालीले आफ्नो स्मार्टफोनमा यी एप्लिकेसनहरू राखेका छन् । यस्ता एपले मानिसलाई शैक्षिक ज्ञान हासिल गर्न, मनोरञ्जन लिन, नयाँ फेसनका बारेमा थाहा पाउन, गेम खेल्न, चलचित्र, बिजुली र इन्टरनेटको बिल तिर्न, किनमेल गर्न, कुनै पनि आधिकारिक साइटबारे थाहा पाउन तथा समाचारहरू पढ्नका लागि सहयोग पुऱ्याइरहेका छन् । नेपालमा बनेका तथा लोकप्रियता कमाएका केही एप यी हुन्:

## हाम्रो पात्रो

हाम्रो पात्रो एक अनलाइन क्यालेन्डर हो । यो एपको माध्यमबाट मिति तथा समय हेर्न सकिन्छ । यसका साथै यो एपबाट नयाँ समाचार, राशिफलका बारेमा जानकारी लिन, विदेशी विनिमय दरहरू थाहा पाउन, रेडियो सुन्न, सुन, चाँदी तथा तरकारीको मूल्यका बारेमा जानकारी लिन, मिति परिवर्तन गर्न तथा पोडकास्टहरू सुन्न सकिनेछ । हाम्रो पात्रोलाई सन् २०१० मा शंकरराज उप्रेतीले निर्माण गरेका थिए तर सन् २०१२ मा मात्र यो एपलाई गुगल प्ले स्टोरमा रिलिज गरिएको थियो । हाल यसका प्रयोगकर्ता ५० लाखभन्दा बढी रहेका छन् । यो नेपालमा सबैभन्दा धेरै पटक डाउनलोड गरिएको नेपाली एप हो ।

## ई-सेवा

यो एप मोबाइलमा डिजिटल वालेट भएको एप हो । यो एपबाट प्रयोगकर्ताहरूले आफ्नो मोबाइल फोन र इन्टरनेटको सहायताबाट तत्काल घरमा बसीबसी रकम भुक्तानी गर्न, पठाउन तथा प्राप्त गर्न सक्छन् । ई-सेवाबाट प्रयोगकर्ताहरूले मोबाइलको रिचार्ज, टपअप गर्न, टेलिफोन, बिजुली, खानेपानी तथा इन्टरनेटको बिल भुक्तानी गर्न, डिसहोमको रिचार्ज गर्न र हवाईजहाज तथा बसको टिकट काट्न सकिन्छ । यो एप नेपालको पहिलो अनलाइनबाट रकम भुक्तानी गर्न मिल्ने एप हो । सन् २००९ मा एफ-१ सफ्ट इन्टरनेसनल कम्पनीले अनलाइन माध्यमबाट रकम लेनदेन गर्नका लागि यसको स्थापना गरेको थियो । अहिले यो एपका प्रयोगकर्ता १० लाख छन् ।

## खल्ती

यो एप पनि माथि चर्चा गरिएजस्तै प्रकारको नेपाली एप हो । खल्ती एप द्रुत, सुरक्षित तथा झन्झटरहित अनलाइनबाटै रकम भुक्तानी गर्न मिल्ने डिजिटल वालेट हो । यसले विभिन्न बिल भुक्तानी, मोबाइल रिचार्ज, डीटीएच भुक्तानी, मनी ट्रान्सफर तथा डोमेस्टिक रेमिट्यान्सको काम गर्छ । यो एप पैसा पठाउन तथा तुरुन्त भुक्तानी गर्नका लागि सजिलो तरिका बनेको छ । हाल नेपालभर यसका प्रयोगकर्ता ५ लाख छन् ।

## हाम्रो नेपाली किबोर्ड

यो एप नेपाली भाषाप्रति रुचि हुनेहरूका लागि निर्माण गरिएको एप हो । हाम्रो नेपाली किबोर्डको प्रयोगबाट नेपालीमा लेख्न सकिन्छ । हाम्रो नेपाली किबोर्डको सेटिङमा गएर आफूलाई मन पर्ने थिमहरू पनि छान्न सकिनेछ । त्यस्तै एपमा डार्क र लाइट गरी दुईवटा डिजाइनमा किबोर्डको थिम उपलब्ध गरिएको छ । यसको माध्यमबाट नेपाली टाइप गर्न सकिन्छ । त्यस्तै यसमा युनिकोड ट्रान्सलिटेरेसन, परम्परागत लेआउट, न्युमेरिकल किपेड तथा इमोजीहरूका फिचर्सहरू रहेका छन् । देशैभर अहिले यो एप प्रयोग गर्नेको संख्या ५० लाखभन्दा बढी पुगेको छ ।

## नेपाली डिक्सनेरी

यो एप अंग्रेजीबाट नेपाली र नेपालीबाट अंग्रेजीमा उल्था गर्ने दुईपक्षीय नेपाली शब्दकोश हो, जसमा ३० हजार नेपाली तथा २२ हजारभन्दा बढी अंग्रेजी शब्द छन् । यो एपले प्रयोगकर्तालाई अंग्रेजी तथा नेपाली शब्द कसरी बोल्ने, त्यसको अडियो उच्चारणका लागि स्पिच गाइडको व्यवस्था गरेको छ । त्यस्तै नेपाली डिक्सनेरीमा सजिलो किसिमको अफलाईन अंग्रेजीको समेत व्यवस्था गरिएको छ । एपमा प्रयोगकर्ताहरूलाई भाषा सिक्ने अवसर मिलोस् तथा भाषामा सुधार गर्न मद्दत होस् भनेर अंग्रेजी गेम पनि समावेश गरिएको छ । सन् २०१६ मा सार्वजनिक गरिएको यो एपका प्रयोगकर्ता हाल १० लाखभन्दा बढी छन् ।

## टुटल

यो एप राइडिङ सेयरिङ सुविधा भएको एप हो । यो काठमाडौं उपत्यकाभित्र दुई जना व्यक्तिबीच राइडिङ एग्रिमेन्ट गरेर सवारी गर्न मिल्ने एप हो । यसले असुविधाजनक सार्वजनिक यातायात, अधिक मूल्य निर्धारण गर्ने ट्याक्सी सेवाहरूको विकल्पमा सवारी सेवाको सुविधा दिने काम गर्छ । टुटलले उपत्यकाभित्र मानिसलाई सबैभन्दा सजिलो र चाँडो सवारी बुक गर्न मद्दत पुऱ्याउँछ । मोबाइलमा टुटल एप्स भएमा आफू कहाँदेखि कहाँसम्म पुग्नुपर्ने हो, त्यसको जानकारी दिएपछि यो सेवा लिन सकिन्छ । अहिले नेपालमा यसका प्रयोगकर्ता १ लाखभन्दा बढी छन् ।

> “ विभिन्न मुलुकमा बनेका मोबाइल एपहरूले संसारभरि राम्रो स्थान बनाइरहेका बेला नेपालमै बनेका केही एपहरूले पनि लोकप्रियता पाएका छन्, जुन धेरैजसो नेपालीले आफ्नो स्मार्टफोनमा राख्ने गर्छन् ।

## हाम्रो लुडो

यो एप खेलसँग सम्बन्धित एप हो । हाम्रो लुडो एक शास्त्रीय र लोकप्रिय खेल हो, जहाँ सबै उमेर समूहका व्यक्तिहरूले यो खेल खेल्न सक्छन् । यो गेममा पासा घुमाउन र प्रत्येक खेलाडीलाई तोकिएका टोकनहरू सार्नका लागि लुडो बोर्डको प्रयोग गरिन्छ, जसमा पहेंलो, हरियो, रातो र नीलो रंगका लुडो बोर्डका क्षेत्रहरू हुन्छन् । यो गेम एकपटकमा चार जनासम्मले खेल्न सक्छन् । यो एप १ लाखभन्दा बढी पटक डाउनलोड गरिएको छ ।

## नेट टिभी

नेट टिभी नेपालमा स्ट्रिमिङ र ट्रिपल प्ले मल्टिस्क्रिन उपकरण वितरण समाधान गर्ने खुला बजार भएको प्लेटफर्म भएको एप हो, जहाँ जो-कोहीले पनि आफ्नो सामग्री बेच्न र व्यापार गर्नका लागि नेट टिभीसँग साझेदारी गर्न सक्नेछन् । यो एप स्ट्रिमिङ प्लेटफर्मको सरलता, मनोरञ्जनका विभिन्न विकल्पको विविधता तथा न्यून मूल्यका लागि प्रख्यात छ । यो एपको माध्यमबाट लाइभ टिभी, लोकप्रिय टिभी कार्यक्रम, चलचित्र, भिडियो तथा अडियो सामग्रीहरू सजिलैसँग हेर्न सकिनेछ ।

## नेपाली पात्रो

यो एप हाम्रो पात्रोजस्तै विशेषताले भरिपूर्ण भएको नेपाली एप हो । यसको स्थापना सन् २०११ मा भित्ते पात्रोको सट्टामा गरिएको थियो । नेपाली पात्रो मोबाइल एपबाट नेपाली समय, तिथिमिति, महत्त्वपूर्ण चाडपर्वहरू तथा शुभसाइत तथा मुहूर्तहरूको सम्पूर्ण जानकारी प्राप्त गर्न सकिन्छ । यसका साथै मिति रुपान्तरण, राशिफल, विदेशी विनिमयको फिचर्स पनि यसमा रहेको छ । हाल नेपालभर यसका प्रयोगकर्ता १० लाखभन्दा बढी छन् ।

## रिचार्ज कार्ड स्क्यानर

यो एप पनि नेपालमा धेरै रुचाइएका एपहरूमध्ये एक हो । यो एपको माध्यमबाट नेपाल टेलिकम तथा एनसेलद्वारा प्रदान गरिने सेवाहरूको प्रयोग गर्न मद्दत मिल्छ । रिचार्ज कार्ड स्क्यानर एपमार्फत मोबाइल फोनको क्यामेरा प्रयोग गरेर रिचार्ज कार्डहरू स्क्यान गर्न सकिनेछ । यसले युएसएसडी कोड टाइप नगरी तुरुन्त ब्यालेन्स रिचार्ज गर्न सहयोग गर्छ । नेपालभर १० लाख पटकभन्दा बढी यो एप डाउनलोड गरिएको छ ।

केवल एक प्रश्न



# अहिलेसम्म हिउँ खेल्न कहाँसम्म पुग्नुभएको छ ?

नेपालमा त हिउँ खेली नै हालिन्छ। बाहिरचाहिँ नर्वेसम्म पुगेको छु।

**विकास आचार्य, चलचित्र निर्देशक**

हाम्रो देश नेपालमा फूलचोकी, दामन, कालिन्चोक, नगरकोट इत्यादिमा र विदेशमा लन्डन, स्वीट्जरल्यान्ड, डेनमार्क र क्यानडामा हिउँ खेलेको छु।

**सञ्जय रौनियार, गायक**

हिउँ खेल्नकै लागि भनेर दोलखाको कालिन्चोक र मुस्ताङको जोमसोम अनि मुक्तिनाथसम्म पुगेको सम्झना छ।

**मल्लिका शाक्य, बडीबिल्डर**

नेपालभित्र हिउँ खेलेको जन्मथलो संखुवासभाको गुफापोखरीमा हो, तर पहिलो पटक हिउँ नै परेको प्रत्यक्षचाहिँ दक्षिण कोरियामा देखें।

**हेमन्त गौतम, टेलिभिजनकर्मी**

आजसम्म हिउँ खेल्ने त्यस्तो अवसर नै जुरेको छैन भन्या ! सायद यो वर्षचाहिँ कालिन्चोक गइन्छ कि ?

**संजोक बस्याल, आरजे**

यो वर्ष त म कतै गएको छैन, तर विगतका वर्षहरूमा मनाङ, मुस्ताङ र अन्नपूर्ण बेस क्याम्पसम्म हिउँ नै खेल्न भनेर पुगेको थिएँ।

**अर्जुन गिरी, पत्रकार**

हिउँ खेल्नकै लागि त कहीँ पनि गएको छैन।

**भगवान भण्डारी, लोकदोहोरी गायक**

हिउँ खेल्नकै लागि भनेर त कहीँ पनि गएको छैन, तर गत महिना कजाकस्तान पुगेका बेला हिउँ परेको थियो। त्यहाँचाहिँ मज्जाले हिउँ खेलियो।

**अविरल थापा, स्तम्भकार**

हिउँ खेल्ने चिज होइन, यो त हेर्ने चिज हो। हिउँ हेर्नका लागि चाहिँ सगरमाथाको फेदीदेखि माछापुच्छ्रे, कञ्चनजंघासम्म पुगेको छु। एकपटक हिउँ खेल्दा गर्दनबाट हिउँको डल्लो छिरेर तल जुत्ताबाट निस्किएको थियो, त्यसैले मलाई हिउँ खेल्न मनै लाग्दैन, बरु हेर्न मन लाग्छ। फेरि हिउँ खेलेर चिसोमा कुनै पदक पाइने पनि होइन। सबै जना चिसोबाट बचौं, हिउँ खेल्नुभन्दा पनि हेरेर आनन्द बटुलौं।

**अर्जुन घिमिरे (पाँडे), हास्यकलाकार**

कर्णालीको जुम्ला जिल्लामा मंसिर, पुस र माघमा नेपालकै बढी जाडो हुन्छ। मेरो बाल्यकाल जुम्लामै बितेकाले धेरै कुराको सम्झना छ। त्यो बेला मलगायत साथीभाइ भएर हिउँ कति पऱ्यो भनेर काठको स्केलले हिउँको उचाइ नाप्ने गरिन्थ्यो, अनि पैतालादेखि घुँडासम्म हातको नापले नै हिउँको उचाइ पत्ता लाउँथ्यौं। बारीमा गएर हिउँको सबैभन्दा ठूला डल्ला बनाउने प्रतिस्पर्धाको खेल खेल्थ्यौं। हिउँमा मान्छेको आकृति बनाइन्थ्यो। दिनमै तीन-चार पटक कपडा फेर्ने गरिन्थ्यो। घरअगाडिको परालको टौवामा झुन्डिएको हिउँलाई निकालेर खाइन्थ्यो। अझै हिउँ खानका लागि भनेर घण्टौं हिँडेर जङ्गलमा गई नुन र चुकसँग साँधेर घाममा बसेर पो खाइन्थ्यो त।

**पूर्ण चौलागाईं, अन्तर्राष्ट्रिय भलिबल रेफ्री**

धेरै समयअघि तेऱ्हथुम, जिल्लाको वसन्तपुरमा हिउँ खेल्न गएको थिएँ।

**रवि आचार्य, अभिनेता**

हिउँ खेल्नका लागि भनेर ताप्लेजुङ जिल्लाको पाथीभरा गएको थिएँ। त्यो ठाउँमा दुई रात बास नै बसेको थिएँ।

**वसन्त अधिकारी, चलचित्र निर्देशक**

मैले त अहिलेसम्म हिउँ नै देख्न पाएको छैन। यस्तो भन्दा नि कस्तो अचम्म है। हिउँसँग खेल्न त धेरै मन छ, तर के गर्नु समय नै जुरेको छैन। यो वर्ष हिउँ खेल्न कालिन्चोक जाने योजना थियो तर कामविशेषले गर्दा देशबाहिरको कार्यक्रममा आउनुपऱ्यो। आउँदो वर्ष भने हिउँसँग खेल्ने अवसर मिल्ला कि ?

**वसन्त विश्वकर्मा, गायक**

हिउँ हेर्नका लागि मात्र भए पनि काठमाडौंदेखि करिब २ घण्टा भन्दा बढी लगाएर बाइकमा फुल्चोकी डाँडा गएको थिएँ। त्यहाँ हिउँभन्दा पनि धेरै त दुःख देखियो।

**आशिष न्यौपाने, आरजे**

अघिल्लो वर्षमा हिउँ हेर्न अनि खेल्न भनेर कालिन्चोकसम्म पुगेको थिएँ।

**विकल्प अधिकारी, हास्यकलाकार**

अहिलेसम्म त केवल टेलिभिजनसम्म मात्र पुगेको छु, तर इच्छाचाहिँ हिमालसम्म नै पुग्नेछ।

**मिलन श्रेष्ठ, भिजे**

ताप्लेजुङको पाथीभरामा हिउँ खेलेको छु। निकै रमाइलो भएको थियो। पहिलोचोटि हिउँ पनि त्यहीँ देखेको हुँ।

**सुमन कोइराला, कमेडियन**

ओहो ! म त अहिलेसम्म पनि हिउँ खेल्न कतै जानै पाएको छैन नि ! हैट के पो गर्ने होला ? अब यसपालिचाहिँ जानुपर्ला कि !

**काजिश श्रेष्ठ, भिडियो निर्देशक**

हिउँ परेको ठाउँमै पुगेको छु। अस्ति मात्र चन्द्रागिरि पुगेको थिएँ।

**अरविन भट्टराई, गायक**

करिब पाँच-छ वर्षअघि साथीभाइ मिलेर दामनमा हिउँ खेल्न गएका थियौं। धेरै रमाइलो भएको थियो।

**महेश भण्डारी, राजनीतिज्ञ**

हिउँको आनन्द लिन दोलखाको कालिन्चोकसम्म पुगेको छु।

**कुशल विष्ट, हास्य कलाकार**

हिउँ खेल्न मुलुकका धेरैजसो स्थानमा सम्झेर नै पुगेको छु। कहिलेकाहीं कास्मिर र स्वीजरल्यान्डका सेताम्य हिँउले पनि लोभ्याउँछन्। त्यहाँ पनि हिउँ खेलिरहेकै हुन्छु। फरक यति मात्र छ, कहिलकाहीं हिउँ खेल्दा खेल्दै बिउँझिन्छु, कहिले खेल्नै नपाई बिउँझिन्छु। आफू जहाँ छु त्यहाँ हिउँ नै पर्दैन। जहाँ हिउँ पर्छ त्यहाँ जिन्दगीले हिउँ नै खेल्न जान्छु भनेर खर्च गर्नका लागि कुनै अनुमति दिएको छैन।

**मन क्षेत्री, सञ्चार तथा साहित्यकर्मी**

योभन्दा पहिलेको वर्ष साथीहरूसँग मिलेर भारतको उत्तराखण्डमा पर्ने औलीमा गएको थिएँ। धेरै मज्जा आएको थियो, तर पछि घर आइपुग्दा चिसो लागेछ।

**ममता अधिकारी, मोडल**

आजसम्म हिउँ खेल्ने त्यस्तो मौका नै मिल्या छैन, के गर्नु ? एकपटक चन्द्रागिरिमा भने हिउँ परेको देखेको छु। हाहाहा।

**सुमन कार्की, कमेडियन**

दोलखाको कालिन्चोकसम्म पुगेको छु। त्यहाँ निकै मस्ती गरियो।

**उमेश राई (फुलन्देकी आमा), हास्यकलाकार**

सानोमा आफ्नै गाउँ डोटीको कोटिलामा २०४१ सालको पुस महिनामा खेलेको थिएँ। त्योबाहेक अन्त कतै गएको छैन।

**रामलाल जोशी, लेखक**

गएको वैशाखमा मुस्ताङ जादाँ हिउँ परेको रहेछ। त्यहाँ खेलेको थिएँ।

**देवेन्द्र बब्लु, मोडल**

साप्ताहिक
सूचना तथा मनोरञ्जनको सँगालो साप्ताहिक पत्रिकाको आधिकारिक वेबसाइट
www.saptahik.com.np
GET IT ON Google Play
Available on the App Store

संगीत गतिविधि



## अर्को रियालिटी शो

नेपालका टेलिभिजन च्यानलमा अहिले रियालिटी शोको बाढी आएको छ । नेपाल आइडल, भ्वाइस अफ नेपाल, लोकस्टार आदि रियालिटी शोपछि 'नेपाल स्टार' नामको अर्को रियालिटी शो सञ्चालन गरिने भएको छ । बुटवलबाट देशव्यापी अडिसनमा निस्किएको उक्त शोमा १६ वर्षदेखि ४५ वर्षभित्रका व्यक्तिले सहभागिता जनाउन पाउने बताइएको छ । रामकृष्ण ढकाल, अञ्जु पन्त तथा आलोकश्री उक्त शोको निर्णायकमा छन् । प्रतियोगिताको अवधि करिब ६ महिनाको हुनेछ ।

## प्रकाश अब अभिनेता



गायन प्रतिभामार्फत सांगीतिक क्षेत्रमा स्थापित भएपछि आकर्षक व्यक्तित्व भएका गायकहरू चलचित्रमा अभिनेता बन्न लालायित हुन्छन् । यो आकर्षण विगतमा पनि थियो भने गायकहरूको त्यस्तो चाहना अहिले पनि घटेको छैन । विगतमा भुवन केसी, रामकृष्ण ढकाल, निमा रुम्बा, बाबु बोगटी, यश कुमार, यम बराल, प्रशान्त तामाङ, सत्यराज आचार्य, कोशिश क्षेत्रीजस्ता गायकहरूले यस्तो प्रयोग गरिसकेका छन् । यद्यपि, भुवन केसीबाहेक कुनै पनि गायकले अभिनयलाई करियर बनाउन सकेनन् । अहिले आएर युवा गायक प्रकाश सपूतले पुनः पुरानै नियति दोहोऱ्याउने निर्णय गरेका छन् । गलबन्दी तथा बोल माया गीतको अपार सफलतापछि सपूतले चलचित्रमा अभिनेता बन्न पाएको प्रस्तावलाई सहर्ष स्विकारेका छन् । उनी निकट भविष्यमै नारायण रायमाझीको निर्देशनमा बन्ने चलचित्र 'परदेशी-२' बाट अभिनयमा सक्रिय हुँदैछन् । उक्त चलचित्र प्रदर्शनपछि मात्र उनको अभिनय करियरका बारेमा केही बोल्न मिल्छ । यद्यपि, विगतमा आफ्ना तथा अन्य गायक-गायिकाका म्युजिक भिडियोमा अभिनय गरेर सपूतले आफ्नो अभिनय क्षमतालाई भने प्रमाणित गरिसकेका छन् ।





## शिवको भजन घोषणा

गायक शिव परियारले सामाजिक सञ्जालमार्फत एउटा रमाइलो घोषणा गरेका छन् । फेसबुकमा एउटा स्टाटस लेख्दै आगामी दिनमा भजन विधाका गीत गाएको पारिश्रमिक नलिने उनको घोषणा छ । गायक परियारका अनुसार कुनै पनि व्यावसायिक प्रयोजन नराखी मानव कल्याणको उद्देश्यमा कसैले उनलाई भजन गाउन आग्रह गऱ्यो भने उनले पारिश्रमिक लिने छैनन् । नयाँ वर्ष २०२० को संकल्पका रूपमा उनले यस्तो घोषणा गर्दै भनेका छन्– 'भजनका नाममा आफ्नो स्वरमा गीत रेकर्ड गराएर व्यापार भने गर्न पाइनेछैन ।' आज आफू यो स्थानमा हुनुमा भगवानको कृपा भएकाले आफूले मान्ने भगवान्प्रति आफ्नो पनि कर्तव्य हुने उनको तर्क छ । 'भगवान्प्रति आस्था भएकै कारण म मानव जातिले निःस्वार्थ भावनाले रेकर्ड गरेका भजनहरूमा स्वर दिन चाहन्छु, उनले भनेका छन् ।

## बल्ल खुल्यो चेत

नेपालका अधिकांश गायक-गायक कन्सर्टहरूमा प्रायः ट्र्याकमा गीत गाउन रुचाउँछन् । एकल गायन बाहेकका सांगीतिक कार्यक्रममा अधिकांश गायक-गायिकाहरू ट्र्याकमै गाइरहेको सुनिन्छ । मेला-महोत्सवका सांस्कृतिक कार्यक्रमहरूमा समेत उनीहरू ट्र्याकमै गाउँछन् । दर्शक तथा श्रोताहरूलाई समेत कलाकारले ट्र्याकमा प्रस्तुत गर्ने गीत सुन्ने बानी परेका छन् । यो प्रसंगमा प्रमोद खरेलदेखि रामकृष्ण ढकालसम्म तथा मीना निरौलादेखि अञ्जु पन्तसम्ममा लागू हुन्छ । यद्यपि, अहिले आएर गायक प्रमोद खरेलले स्वदेशका सांगीतिक कार्यक्रममा सकेसम्म ब्यान्डमै प्रत्यक्ष गीत गाउने निर्णय लिएका छन् । यसै साता भारतको आसाममा सम्पन्न सांगीतिक कार्यक्रममा पहिलो पटक ब्यान्डसहित प्रस्तुत भएपछि हौसिएका गायक खरेलले स्वदेशका कन्सर्टमा समेत त्यसैलाई निरन्तरता दिने बताएका हुन् । आसामका कन्सर्टमा ब्यान्डबिना गीत नै नसुन्ने जानकारी पाएपछि उनले स्वदेशमा पनि त्यसैलाई निरन्तरता दिने निर्णय गरेका हुन् । ढिलै गरी खुलेको गायक खरेलको चेतलाई अन्य गायक-गायिकाहरूले समेत पछ्याए भने बल्ल वास्तविक संगीतको स्वाद चाख्न पाइनेछ ।




## रत्नदासको सम्झनामा

स्वरशिरोमणि मास्टर रत्नदास प्रकाशको १०७ औं स्मृति दिवस संगीतमय वातावरणमा मनाइयो । बाल्यकालदेखि अभिनयको माध्यमबाट रंगकर्म र गायनका माध्यमबाट संगीतकर्म उर्वर बनाएका रत्नदास प्रकाशका लोकप्रिय गीत प्रस्तुत गरेर उनको स्मृति कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमका सभापति रत्नदास प्रकाशका छोरा निर्मलरत्न प्रकाशले आगामी वर्ष बुबाको नाममा प्रतिष्ठान स्थापना गरी कलाकारहरूको सम्मान गर्दै लैजान १ करोड ११ हजार राशिको अक्षयकोषको घोषणासमेत गरेका थिए । १९७० सालमा जन्मेका मास्टर रत्नदास प्रकाशले स्वअध्ययनबाट नाटक, गीत र अन्य साहित्यिक विधामा कलम चलाएका थिए । उस्ताद भैरवलाल प्रधान, टीएल राणा, उस्ताद रामबहादुरलगायत दिग्गज साधकसँग ज्ञान हासिल गर्ने अवसर पाएका उनले नेपाली ६ वटा, हिन्दी १३ वटा र उर्दू ५ वटा नाटकमा अभिनय गरेका थिए । उनका झमझम पानी पऱ्यो, नेपालको सहर, म माहुरी हुँ राधा बोलको गीत चर्चित छन् । उनको २०४९ साल कात्तिक २६ गते निधन भएको थियो ।

कलिउड

# फुर्सदिला कलाकार

व्यस्त कलाकारहरू सुटिङबाट अलिकति फुर्सद निस्क्यो भने कोही परिवारलाई समय दिन्छन्, कोही घुमघाममा निस्कन्छन्, कति घरमै संगीत सुनेर बस्छन्



● पूजा शर्मा, अभिनेत्री

“अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाको कुरा सुन्ने हो भने उनको जिन्दगी बेफुर्सदमै घुमेको छ । बेफुसर्दिलो दैनिकी भए पनि समय निकालेर परिवारलाई समय दिएसँगै उनी पशुपतिनाथ पुग्छिन् ।

■ नेमिष गौतम

प्राय: सुटिङमै व्यस्त भइरहने कलाकारहरू फुर्सदको समयमा के गर्लान् ? दर्शकका लागि यो पक्कै पनि चासोको विषय हो । क्यामराअगाडि अभिनय, नृत्य, द्वन्द्व गर्ने कलाकार प्रत्येक चलचित्रमा फरक-फरक लोकेसनमा पुगिरहेका हुन्छन् । चलचित्र, म्युजिक भिडियो, विज्ञापनको सुटिङको काममा हरबखत उनीहरू व्यस्त देखिन्छन् । यी व्यस्त अभिनेता-अभिनेत्री सुटिङ सकिएपछिको फुर्सदी-जीवन कसरी व्यतीत गर्छन् भन्ने जिज्ञासा धेरैमा छ । साप्ताहिकसँगको कुराकानीमा अभिनेता अभिनेत्रीहरूले फुर्सदको समय फरक-फरक किसिमले बिताउने गरेको बताए ।

रंगमञ्चीय अभिनयबाट चलचित्रमा पदार्पण गरेका अभिनेता विजय बराल हालैमात्र एक बेनामे चलचित्रको सुटिङ सकेर फुसर्दिला बनेका छन् । त्यही फुर्सदको समय सदुपयोग गर्न उनी अनामनगरस्थित मण्डला थिएटरमा दैनिक भेटिन्छन् । 'फुर्सदको समयमा म चलचित्र हेर्छु, मण्डला थिएटरमा नाटकको काम गर्छु । थिएटरका कलाकारसँग चलचित्रकै विषयमा कुराकानी गर्छु', विजय भन्छन्, 'यही चलचित्र हेर्छु भन्ने छैन । कोही कसैले चलचित्र हेर्न सिफारिस गरेका चलचित्र हेर्ने गर्छु। पुस्तक पनि पढ्छु। बजारमा चर्चामा आएका पुस्तक पढ्न रुचाउँछु ।'

अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाको कुरा सुन्ने हो भने उनको जिन्दगी बेफुर्सदमै घुमेको छ । बेफुसर्दिलो दैनिकी भए पनि समय निकालेर परिवारलाई समय दिएसँगै उनी पशुपतिनाथ पुग्छिन् । 'मलाई विराटनगर उपमहानगरपालिकाले सद्भावदूत बनाएकाले कार्यक्रमका लागि विराटनगर गइरहनुपर्छ । त्यस्तै सरकारले भ्रमण वर्ष-२०२० का लागि पर्यटन दूत पनि बनाएको छ । अहिले विराटनगर र भ्रमण वर्षकै काममा दौडधूप भइरहेको छ', उनी भन्छिन्, 'नेपाल टेलिभिजनमा मुन्द्रे कमेडी क्लब र रेडियो अडियोमा धनियाँकी दुनियाँको काम पनि गर्नुपर्छ । घुम्ने भनेको सुटिङको बेला वा विराटनगर गएका बेलामा मात्र हुन्छ ।'

जनवरीको अन्त्यतिर दीपाश्री पछिल्लो चलचित्र 'छ माया छपक्कै' लिएर मलेसिया जाँदै छिन् । 'फुर्सद पायो भने घरमै गीत संगीत सुन्ने गर्छु । चलचित्रका लागि धेरै कथा आइरहेका हुन्छन् । एउटा कथाको सार भेटेपछि त्यसलाई कुन तरिकाबाट स्क्रिनप्लेमा ढाल्ने भनेर सहकर्मी साथीहरूसँग छलफल गर्छु । परिवारलाई धेरै समय त दिन सक्दिन, तर दिएको बेला त्यसको भरपुर सदुपयोग गर्छु । बिहानको समय पशुपतिनाथ जान्छु र घर गएर कामको तालिका बनाउँछु', उनी भन्छिन् ।

कामबाट फुर्सद मिल्नासाथ धेरैको ध्यान पुस्तक अध्ययनमै हुन्छ । तर, कलाकारहरूको भने पुस्तकमा खासै चासो देखिँदैन । उनीहरू पुस्तक नपढ्ने त होइन, तर आवश्यकताभन्दा कम मात्र पुस्तक पढ्ने गर्छन् ।

अभिनेता सलोन बस्नेतलाई पुस्तक पढ्ने कुनै रुचि छैन । व्यस्त सुटिङबाट फुर्सद पाउनासाथ उनी साथीभाइ लिएर घुम्न निस्कन्छन् । घुम्नबाहेक चलचित्र हेर्ने र संगीत सुन्न उनी रुचि राख्छन् । 'कहीँ कतै नयाँ ठाउँ थाहा पाए भने घुम्न निस्कन्छु । मलाई पुस्तक पढ्नतिर कहिल्यै रुचि जागेन । त्यसकारण म बुक रिडर पनि हुन सकिनँ', सलोन भन्छन्, 'चलचित्र हेर्ने शैली मेरो अनौठो छ । कुनै चलचित्रको स्क्रिप्ट हातमा परेपछि आफ्नो चरित्र कस्तो छ, पहिला त्यो पढ्छु, अनि त्यस्तै चरित्र अनुसारका कस्ता चलचित्र बनेका छन्, त्यो बुझेर चलचित्र हेर्ने गर्छु । म घरायसी काम खासै गर्दिनँ । नढाँटी भन्नुपर्दा मलाई चिया पकाउनबाहेक अन्य केही काम आउँदैन ।'

अभिनेत्री स्वस्तिमा खड्काले केही समयअघि मात्र चलचित्र 'चपली हाइट-३' को सुटिङ पूरा गरिन् । हालका दिनमा उनी आफ्ना रोकिएका काम पूरा गर्न व्यस्त छिन् । 'सुटिङ भएकाले मेरा झन्डै १० वटा जति काम पेन्डिङमा थिए । यो समयमा ती पेन्डिङका काम पूरा गर्न लागिपरेको छु', स्वस्तिमा सुनाउँछिन्, 'त्योबाहेक घरमा नै आराम गरिरहेकी छु । घरको सरसफाइ गर्ने काम पनि छ । केही राम्रा पुस्तक पढ्छु । यो समयमा विज्ञापनका बाँकी काम पनि पूरा गर्छु ।'

कामको तनावबाट फुर्सद हुनासाथ रमाउने अभिनेत्रीमा पूजा शर्मा पनि पर्छिन् । यतिबेला उनी आफूले निर्माण र अभिनय गरेको चलचित्र 'म यस्तो गीत गाउँछु-२' को डबिङमा व्यस्त छिन् । 'चलचित्रको कामबाट फुर्सद पाउनासाथ चलचित्र हेर्ने र पुस्तक पढ्छु । मेरो मुड त्यो बेला कस्तो हुन्छ, त्यसैअनुसार चलचित्र र पुस्तक छनोट गर्छु', पूजा भन्छिन्, 'अन्य साथीहरू फुर्सदमा घुमफिर गर्छन् । तर, मचाहिँ सुटिङकै बेला घुमफिर गर्छु । सुटिङ नहुँदाचाहिँ पारिवारिक माहोलमा रमाउँछु ।'

नेपाली चलचित्र क्षेत्रमा पछिल्लो समयमा व्यस्त अभिनेतामा अनुपविक्रम शाही पनि पर्छन् । उनी एकपछि अर्को चलचित्रको काम गरिरहेका छन् । यी अभिनेता अहिले टेलिभिजन रियालिटी शो 'रोडिज' को निर्णायक छन् । 'अहिले चलचित्रकै काम गरिरहेको छु । फुर्सदमा कतै घुम्नभन्दा पनि म नयाँ काम नै गरिरहेको छु । पुस्तक पढ्न त मन लाग्छ, तर पुस्तकभन्दा बढी स्क्रिप्ट नै पढिरहेको हुन्छु', एङ्ग्री लुक्समा रुचाइएका यी अभिनेता भन्छन्, 'घरमा म नेटफ्लिक्सबाट चलचित्र हेर्छु । यस्तै फ्लेभरको भन्ने हुँदैन । तर, राम्रा चलचित्र छुटाउँदिनँ ।'

कुनै बेला अभिनयमा व्यस्त रहने अभिनेता भुवन केसी पछिल्लो दशकमा चलचित्र निर्माणमा सक्रिय छन् । उनी होम प्रोडक्सन् सुपर काजोल फिल्म्सबाटै चलचित्र निर्माणमा व्यस्त छन् । छोरा अनमोललाई लिएर उनी लगातार चलचित्र बनाइरहेका छन् । भुवनको भनाइमा उनको फुर्सद पनि चलचित्रबारे सोचेरै बित्ने गर्छ । 'मेरो फुर्सद समय पनि चलचित्र सम्झेर नै बित्ने गर्छ । कसरी राम्रो चलचित्र बनाउने, कुन



● प्रमोद अग्रहरि, अभिनेता

कथामा बनाउने भन्ने नै सोचिरहेको हुन्छु । मलाई घुम्नभन्दा पनि चलचित्र नै सम्झन मन लाग्छ', भुवन भन्छन्, 'स्क्रिप्ट कस्तो बनाउने होला, कस्तो गीत दर्शकका लागि रुचिकर हुन्छ भन्ने कुरामै बढी सोच्छु ।'

चलचित्रमा खल चरित्रमा रुचाइएका अभिनेता प्रमोद अग्रहरिको फुर्सद शैली अलिक फरक छ । उनी फुर्सद हुनासाथ कोठामै समय बिताउँछन् । 'कहीं कतै कार्यक्रम वा साथीभाइ भेटघाट गर्नुपर्‍यो भने मात्र कोठा बाहिर निस्कन्छु । नत्र दिनभर कोठामा हुन्छु', प्रमोद भन्छन्, 'कोठामा बस्दा कि सुत्छु कि पुस्तक पढ्छु । पुस्तक यही भन्ने छैन । आफूलाई मन लागेको र रुचि भएको विषयका पुस्तक पढ्छु । म कोठामा बस्दा चलचित्रचाहिँ हेर्दिनँ । किनभने चलचित्र हेर्दा त्यसमा देखिने चरित्र देख्दा मलाई डर लाग्छ । कतै त्यस्तै चरित्र मैले पाएँ भने त्यसलाई कसरी निभाउन सक्छु भन्ने चिन्ता लाग्छ ।'

अभिनेत्री तथा कोरियोग्राफर पवित्रा आचार्य चलचित्र अभिनयका अतिरिक्त भिडियो तथा चलचित्रकै कोरियोग्राफीमा प्रायः व्यस्त रहन्छिन् । उनी आफू फुर्सदमा रहँदा पनि खाली हात बस्दिनन् । 'चलचित्र वा भिडियोको काममा व्यस्त हुँदा त घरमा बस्नै पाइँदैनथ्यो । ती कामबाट फुर्सद निस्कनासाथ आफ्नो कार्यालयलाई समय दिन्छु । म आफ्नो कार्यालयमा नृत्य प्रशिक्षण गर्छु', पवित्रा सुनाउँछिन्, 'नियमित कामबाहेक चलचित्र हेर्ने, गीत सुन्ने त छँदैछ । म आफू कोरियोग्राफर भएकाले पनि रोमान्टिक र सेन्टिमेन्टल टाइपका गीत सुन्ने गर्छु ।'

चलचित्र निर्देशक बसन्त अधिकारी आफ्नो फुर्सदलाई व्यस्तताको फुर्सद मान्न रुचाउँछन् । 'म अहिले व्यस्तताको फुर्सदमा छु । व्यस्तताको फुर्सद यसअर्थमा कि दिनभर काम गर्छु अनि बेलुकाको समय घरमा सन्तानसँग रमाउँछु' बसन्त भन्छन्, 'अहिले सर्ट मुभिमा व्यस्त छु । आफ्नै नयाँ चलचित्रको स्क्रिप्ट लेखिरहेको छु । एक आफन्तले चलचित्र बनाउन लागेकाले उनको स्क्रिप्टमा पनि

> कलाकार शिवहरि पौडेलले परिवारलाई बाहिर घुमाउन नलगेको वर्षौं भइसक्यो । शिवहरि फुर्सदको अभावका कारण परिवारलाई घुमाउन नसकेको स्विकार्छन् ।

समय दिइरहेको छु ।'

बसन्त दिनभरि जति नै व्यस्त भए पनि बेलुकाको एक घण्टाको समय सन्तानलाई दिन्छन् । 'घर पुगेपछि एक घण्टा छोराछोरीसँग खेल्छु । घर पुग्दा दिनभरिको सबै तनावलाई घर बाहिर नै छोड्छु । घरमा पुगेपछि कि चलचित्र हेर्छु कि त किताब पढ्छु । मुड चलेको बेला नयाँ र पुराना दुवै किसिमका चलचित्र हेर्ने गर्छु', उनी खुल्छन्, 'पुस्तक पनि यस्तै भन्ने छैन । बजारमा नयाँ पुस्तक आएको थाहा पाउनासाथ किनेर पढ्छु । शनिबारको एक दिनचाहिँ मेरै हातले घरमा खाना पाक्छ । छोराछोरी र श्रीमती पनि खुसी हुन्छन् । दुःखको कुराचाहिँ के भने व्यस्त जीवनका कारण परिवारलाई घुमाउने समय निकाल्नै मुस्किल पर्छ ।'



● रक्षा श्रेष्ठ, अभिनेत्री



● शिवहरि पौडेल, अभिनेता

अभिनेता आमिर गौतम चलचित्र 'चपली हाइट-३' को छायांकनपछि त्यसको डबिङको समय कुरेर बसिरहेका छन् । मकवानपुरे यी अभिनेता काम पर्दा मात्र काठमाडौं आइपुग्छन्, नत्र अधिकांश समय हेटौंडामा नै हुन्छन् । 'चलचित्रको काम नहुँदा पुस्तक पढ्छु । म पन्ध्र वर्षदेखि नियमित रूपमा स्नुकर खेलिरहेको छु । समय मिलेमा साथीभाइसँग घुम्नका लागि बाहिर निस्कन्छु', आमिर भन्छन्, 'यसबाहेक ममा पुस्तक पढ्ने सोख पनि छ । बजारमा आएका समसामयिक विषयका प्रायः पुस्तक किनेर पढ्छु ।'

निर्देशक सुदर्शन थापा यतिबेला आफ्नो चलचित्र 'म यस्तो गीत गाउँछु-२' को पोस्ट प्रोडक्सनमा व्यस्त छन् । जति व्यस्त भए पनि फुर्सदको समय निस्कनासाथ उनी चलचित्र हेर्ने, घुम्ने काम गर्छन् । 'फुर्सदमा चलचित्र हेर्ने, घुम्ने र चलचित्रसम्बन्धी छलफलमा व्यस्त हुन्छु । यो बेला स्क्रिप्टको काम पनि गरिरहेको हुन्छु', सुदर्शन भन्छन्, 'मलाई किताब पढ्ने लत छैन । त्यसकारण पनि यसमा खासै ध्यान जाँदैन । घुम्न निस्किएँ भने चाहिँ उपत्यका छोड्छु । बाहिर कतै सुन्दर, शान्त स्थानको छनोट गरेर त्यता पुग्छु ।'

निर्देशक तथा निर्माता शोभित बस्नेत फुर्सदको समय डिस्को र क्लबमा बिताउँछन् । 'पहिले-पहिले घुम्ने समयमा काममा घोटिएर नै बिताइयो । त्यो बेला लाइफको इन्जोय गर्न पाइएन । तर, अहिले भने त्यो इन्जोय गर्न थालेको छु । फुर्सदमा नियमित क्लब जान्छु, नाचगान गर्छु', शोभित अनुभव सुनाउँछन्, 'अहिले टेलिसिरियल कुल खानदानमा व्यस्त छु । समय-समयमा चलचित्र हेर्छु । पुस्तक पढ्नचाहिँ खासै ध्यान गएन । तर, स्क्रिप्टका लागि आइडिया जेनेरेट गर्छु ।'

अर्का कलाकार शिवहरि पौडेलले परिवारलाई बाहिर घुमाउन नलगेको वर्षौं भइसक्यो । शिवहरि फुर्सदको अभावका कारण परिवारलाई घुमाउन नसकेको स्विकार्छन् । 'मेरो त फुर्सद नै हुँदैन । सकभर आफ्नो नत्र अरूको काममा हिँडिरहेको हुन्छु । कहीं कतै झुक्किएर फुर्सद मिल्यो भने वाइफाई चलाउँछु, नत्र डाटाबाटै हो । यो बेला अनलाइनका समाचार हेर्ने गर्छु', शिवहरि सम्झन्छन्, 'घरमा छु भने घरकै काम गर्छु । जस्तै पुराना कृतिहरू निकाल्ने, पढ्ने अनि स्क्रिप्टसँग सम्बन्धित विषय छ भने त्यो विषय छान्ने गर्छु । मेरो बुझाइमा राति चलचित्र हेर्नु भनेको निन्द्रा बिगारेर गर्ने काम हो । निन्द्रा लागेन भने नयाँ क्रिएसनका बारेमा घोत्लिन्छु, यसो गरिसक्दा निन्द्रादेवीको प्रवेश भइसक्छ ।'

अभिनेत्री, निर्मात्री तथा निर्देशक रेखा थापा पछिल्लो चलचित्र 'मालिका' पछि चुपचाप नै छिन् । उनी यतिबेला नयाँ चलचित्रको तयारीमा छिन् । चलचित्रकै लागि उनले केही महिनाअघि मात्र रेनेशा वान्तवा राईलाई निर्देशकका रूपमा अनुबन्धित गरिसकेकी छिन् । 'म फुर्सदमा घरमै परिवारसँग खाने, बस्ने र रमाइलो गरेर बिताउँछु । कहिलेकाहीं चलचित्र पनि हेर्ने गर्छु । घुम्न खासै गइदैन । चलचित्रको लागि स्क्रिप्टको काम गर्छु', उनी भन्छिन् ।

अभिनेत्री रक्षा श्रेष्ठ टेलिभिजनमा दर्शकले सर्वाधिक रुचाएको सिरियल 'सक्किगोनी' की प्रमुख कलाकार हुन् । उनी सिरियल 'भद्रगोल'बाट चर्चामा आइन् । 'सिरियलको सुटिङ नहुँदा घरमै बस्छु । टेलिभिजन खासै हेर्दिन् । युट्युबले गर्दा टेलिभिजन कम हेर्ने गरेको छु । परिवारसँग कहिलेकाहीं घुम्न निस्कन्छु', उनी भन्छिन् ।

फुर्सदको समयमा चिसो मौसम परेकाले अभिनेता राजाराम पौडेल खासै घुम्न निस्कँदैनन् । उनी दिनभर घरमै मोबाइल चलाएर बस्छन् । 'बाहिर घुम्न गए पनि एक्लै जानुपर्छ । घरमा आमा बिरामी हुनुहुन्छ । उहाँलाई हेर्नुपर्ने भएकाले पनि घुम्न जान मिल्दैन । घरमै म मोबाइल चलाएर दिन बिताउँछु', उनी भन्छन्, 'आजकाल पुस्तक नपढेको पनि धेरै भइसक्यो । यो बेला चलचित्रको काम पनि खासै छैन ।'



● स्वस्तिमा खड्का, अभिनेत्री

**कलिउड**

# कम पारिश्रमिकले अन्याय



आठवटा चलचित्रमा अभिनय गरिसकेकी अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह अहिले निर्देशक हेमराज बीसीको नयाँ चलचित्रमा आबद्ध भएकी छिन् । फागुनमा छायांकन हुने उक्त चलचित्र फ्लोरमा जानुअघि उनी अभिनेता प्रदीप खड्कासँगै वर्कसपमा व्यस्त हुनेछिन् । यसैबीच हालै एउटा समारोहमा सहभागिता जनाउनुअघि साम्राज्ञीले साप्ताहिकसँग चलचित्र क्षेत्रमा राम्रो पारिश्रमिक लिने कलाकारको सूचीमा आफ्नो नाम आउनुलाई आफूले अस्वाभाविक नमान्ने बताएकी छिन् । पुरुष कलाकारको तुलनामा महिला कलाकारलाई कम पारिश्रमिक दिने प्रवृत्ति चिर्न आफू धेरै हदसम्म सफल पनि भएकोमा उनी गर्वसमेत महसुस गर्छिन् । 'पुरुषको तुलनामा महिला कलाकारलाई कम पारिश्रमिक दिनु अन्याय हो,' साम्राज्ञीले भनिन्, 'जबकि कतिपय अवस्थामा पुरुषभन्दा महिला कलाकारले बढी मेहनत गर्नुपर्छ, अन्य महिला कलाकारले पनि पारिश्रमिकको विषयमा खुलेर बोल्न थाल्नुभएको छ, धेरैले राम्रो पारिश्रमिक पाइरहनु पनि भएको छ ।'



## गायिका बन्दै सुपुष्पा

चलचित्र 'रणवीर' मार्फत अभिनेत्रीका रूपमा उदाएकी अभिनेत्री हुन्– सुपुष्पा भट्ट । अग्लो कद, सुन्दर मुहार तथा राम्रै अभिनय गर्ने भएकाले पछिल्लो समय उनी चलचित्र निर्माता-निर्देशकको नजरमा पर्न सफल भएकी छिन् । दोस्रो चलचित्र 'छ माया छपक्कै' मा पनि सुपुष्पाले अभिनेता जितु नेपालको जोडीका रूपमा छोटो भए पनि प्रभावकारी भूमिका निर्वाह गरिन् । अहिले आएर उनले एउटा ठूलो ब्यानरको चलचित्र पाएकी छिन्–'चपली हाइट-३' । अर्जुन कुमारको यो चलचित्रमा सुपुष्पाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताइन्छ । बाल्यकालदेखि नै भविष्यमा अभिनेत्री बन्छु भन्ने लक्ष्य लिएकी सुपुष्पाले म्युजिक भिडियोमा समेत अभिनय गर्न थालेकी छिन् । विक्रमजंग शाह र मेलिना राईको स्वरको 'टिलपिल टिलपिल...' मार्फत सुपुष्पा म्युजिक भिडियोमा समेत प्रस्तुत भएकी छिन् । नारीप्रधान चलचित्रमा अभिनय गर्ने लक्ष्य लिएकी सुपुष्पाले एउटा चाहनाका बारेमा समेत आफ्नो धारणा व्यक्त गरेकी छिन् । उनी गीत गाउन पनि सिपालु छिन् । विद्यालयमै छँदा स्टेज कार्यक्रमहरूमा गीत गाइसकेकी सुपुष्पा अहिले गिटार वादनको प्रशिक्षण लिइरहेकी छिन् । निकट भविष्यमै उनी गायिकाका रूपमा समेत दर्शक तथा श्रोतामाझ आइरहेकी छिन् । 'मैले कभर गीतमार्फत गायिकाको करियर प्रारम्भ गर्ने योजना बनाएकी छु,' सुपुष्पाले अभिनय र गायनलाई समानान्तर रूपमा अघि बढाउन चाहेको समेत खुलासा गरेकी छिन् ।

**फिल्मी खबर**

- अभिनेत्री ऋचा शर्मालाई मातृशोक परेको छ । उनकी आमा रिनादेवी शर्माको ६७ वर्षको उमेरमा गत शुक्रबार साँझ निधन भएको हो । उनको गत आइतबार पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरियो । रिनादेवी लामो समयदेखि बिरामी थिइन् । गएको महिना ऋचाले प्रेमी दिपेक्षविक्रम राणासँग विवाह गर्दासमेत उनकी आमा बिरामी नै थिइन् । आमाकै दबाबका कारण आफू वैवाहिक जीवनमा बाँधिएको ऋचाले बताएकी थिइन् ।

- नयाँ वर्ष २०७७ को अवसर पारेर ठूलो बजेटका तीन नयाँ चलचित्र प्रदर्शन हुने भएका छन् । प्रदीप खड्काको 'प्रेमगीत-३' तथा अर्जुन कुमारको 'चपली हाइट-३' ले यसअघि नै चैत २८ गतेलाई प्रदर्शन मिति तय गरिसकेका थिए । अहिले आएर गोपीकृष्ण मुभिजले समेत आफ्नो चलचित्र 'माइकल अधिकारी' लाई त्यही मितिमा प्रदर्शन गर्ने घोषणा गरेको छ । उक्त चलचित्रमा सौगात मल्ल तथा सृष्टि श्रेष्ठको जोडी मुख्य भूमिकामा छ ।

- माघ १० गतेदेखि प्रदर्शन हुने चलचित्र 'कमान्डर' को ट्रेलर सार्वजनिक भएको छ, जसमा अभिनेता अनुप विक्रम शाही तथा रोबिन तामाङबीचको द्वन्द्वलाई चित्रण गरिएको छ । विवेक सापकोटाले उक्त चलचित्र निर्देशन गरेका हुन् ।

- माघ २४ गतेदेखि प्रदर्शन हुने चलचित्र 'साङ्लो' को ट्रेलर सार्वजनिक भएको छ, जसमा अभिनेता विराज भट्टको एक्सनलाई प्राथमिकता दिइएको छ । भट्टकै निर्माण तथा निर्देशनमा बनेको उक्त चलचित्रमा पूर्व मिस नेपाल निकिता चाण्डकले पनि अभिनय गरेकी छिन् ।

- फागुन ९ गतेदेखि प्रदर्शन हुने धुर्मुस-सुन्तलीको चलचित्र 'सेन्टी भाइरस' ले नयाँ वर्ष २०२० को अवसर पारेर नयाँ पोस्टर सार्वजनिक गरेको छ, जसमा यही जोडीलाई रोमान्टिक मुडमा देख्न सकिन्छ । यसअघि यही चलचित्रको फनफनी...गीत सार्वजनिक भएको थियो ।

- माघ १७ गतेदेखि प्रदर्शन हुने चलचित्र 'दि कर्मा' को ट्रेलर सार्वजनिक भएको छ । देवकुमार श्रेष्ठद्वारा निर्देशित उक्त चलचित्रको ट्रेलरमा नीता ढुंगाना, बुद्धि तामाङ, करण वर्मा, पारमिता आरएल राणालाई प्रस्तुत गरिएको छ ।

- दसौं संस्करणको नेफ्टा एवार्डको औपचारिक घोषणा गरिएको छ । सोमबार काठमाडौंमा आयोजित एक समारोहमा नेफ्टा एवार्डको नयाँ लोगोसमेत अनावरण गरियो । यसपटकको नेफ्टा एवार्ड काठमाडौंको टुँडिखेलमा आयोजना गरिने बताइएको छ ।



## निर्देशनको रहर

अभिनेत्री प्रियंका कार्की अहिले चलचित्रमा सक्रिय छैनन् । पछिल्लो चलचित्र 'हजार जुनीसम्म' पछि उनको हातमा नयाँ चलचित्र पनि छैनन् । चलचित्रमा सक्रिय नभएको मौका पारेर प्रियंकाले यतिबेला निर्देशनमा आफ्नो भाग्य परीक्षण गर्न थालेकी छिन् । उनको निर्देशनमा बनेको पहिलो वेब सिरिज 'जस्ट एनोदर लभ स्टोरी' को केही भाग युट्युबमार्फत सार्वजनिक भइसकेको छ । यो सिरिजमा उनी निर्देशकसँगै सम्पादकका रूपमा समेत सक्रिय छिन् भने सृष्टि श्रेष्ठसँगै अभिनय पनि गरेकी छिन् । वेब सिरिजको निर्देशनसँगै प्रियंकाले अहिले आएर म्युजिक भिडियोको निर्देशनमा समेत हात हालेकी छिन् । उनले निर्देशन गरेको बालगायिका आयुष्का खनियाँको स्वरको 'मैरै लाहुरेले...' गीतको म्युजिक भिडियो हालै सार्वजनिक भएको छ । आफ्नै निर्देशनको उक्त गीतको म्युजिक भिडियोमा प्रियंकाले अभिनेता आयुष्मान देशराज जोशीसँग अभिनय पनि गरेकी छिन् । प्रियंकाको निर्देशन यात्रालाई अधिकांश चलचित्रकर्मीले सकारात्मक मानेका छन् । वेब सिरिज र भिडियोमार्फत निर्देशनमा सक्रिय भएकी प्रियंकाले कुनै दिन चलचित्र नै निर्देशन गरिन् भने अचम्म नमाने हुन्छ ।

बलिउड



# बुढेसकालमा चर्चा

बलिउडकी ६७ वर्षीया गायिका अनुराधा पौडवाल यतिबेला चर्चाको चुलीमा छिन्। तिरुवनन्तपुरम (केरल) की ४५ वर्षीया करमाला मोडेक्सले गायिका अनुराधा आफ्नी आमा भएको बताएपछि उनको चर्चा चुलिएको हो। उनले अनुराधा आमा भएको भन्दै जिल्ला फ्यामिली अदालतमा अनुराधाका विरुद्ध मुद्दा दर्ता गराएकी छन्। उनले मुद्दामा अनुराधाले आफूलाई ५० करोड जरिवाना तिर्नुपर्ने उल्लेख गरेकी छन्। 'करिब ५ वर्षअघि मेरो बुबाले निधन हुनुअघि यो सत्यता बताउनुभएको हो। उहाँले अनुराधा मेरो बायोलोजिकल आमा रहेको बताउनुभएको थियो। म चार वर्षको हुँदा अनुराधाले मलाई पाल्ने जिम्मेवारीसहित पोंनाचन र अगनेसलाई हस्तान्तरण गर्नुभएको थियो', करमालाले भनेकी छन्, 'मेरो पिता पोंनाचन हुनु उहाँ महाराष्ट्रमा आर्मीमा हुनुहुन्थ्यो। उहाँ अनुराधाको साथी पनि हो। केही समयपछि उहाँको केरलामा सरुवा भएको थियो।'

करमालाले पार्श्वगायनमा व्यस्त रहेका बेला अनुराधाले बालबच्चाको जिम्मेवारी बहन गर्न नसक्ने भएपछि अन्यलाई आफूलाई जिम्मा लगाएको दाबी गरेकी छन्। करमालाका वकिल अनिलप्रसादले करमाला जुन बाल्यकाल र जिन्दगीको हकदार थिइन्, त्योबाट उनलाई वञ्चित गरिएको बताएका छन्। उनले यदि पौडवालले करमालाको दाबीलाई खारेज गरे उनीहरूले अदालतलाई डीएनए टेस्टको माग गर्ने बताए। करमालाले यो सत्यताका बारेमा आफूलाई पाल्ने आमा अगनेसलाई पनि थाहा नभएको दाबी गरकी छन्। पोंनाचन र अगनेसका तीन छोरा छन्। उनीहरूले करमालालाई आफ्नो चौथो सन्तानका रूपमा पालेका थिए। ८२ वर्षीया अगनेस अल्जाइमरबाट पीडित छिन्।

तीन सन्तानकी आमा करमालाले आफूले कैयौं पटक गायिका पौड्वाललाई फोन गर्ने प्रयास गरे पनि उनले कहिले प्रतिक्रिया नदिएको दाबी गरेकी छन्। अनुराधाले करमालाको नम्बर ब्लक गरेपछि समस्या झन् बढेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। तिरुवन्तपुरमको फ्यामिली कोर्टले अनुराधा र उनको बच्चालाई २७ जनवरीमा सुनुवाइका लागि अदालतमा उपस्थित हुन आदेश दिएको छ।



# सलमानकै दबदबा

पछिल्लो दशकमा बलिउडको बक्स अफिसमा सबैभन्दा बढी कलेक्सन गर्ने चलचित्रको सूची सार्वजनिक भइसकेको छ। यी चलचित्रमध्ये केही चलचित्र बक्स अफिसमा मात्र सफल नभई दर्शकको प्रेमका आधारमा पनि सफल भएका छन्। बक्स अफिस इन्डिया डटकमले हालै मात्र पछिल्लो दशकमा सबैभन्दा बढी हेरिएको चलचित्रको सूची बाहिर ल्याएको छ। यो सूचीमा थिएटर र टेलिभिजनमा सर्वाधिक हेरिएका चलचित्र छन्।

सूचीको पहिलो स्थानमा प्रभास अभिनीत चलचित्र 'बाहुबली २ : द कन्क्लुजन' छ, तर सूचीमा अभिनेता सलमान खानले प्रभाससहित अन्य अभिनेतालाई पछाडि पारेका छन्। दशकमा सबैभन्दा बढी हेरिएको चलचित्रमा सलमानका चार चलचित्र 'बजरंगी भाइजान', 'टाइगर जिन्दा है', 'दबंग' र 'सुल्तान' छन्। यसबाहेक शाहरूख खान र दीपिका पादुकोण स्टारर चलचित्र 'चेन्नइ एक्सप्रेस' पनि सूचीमा छ। सूचीमा पहिलो स्थानमा 'बाहुबली : द कन्क्लुजन' (२०१७), दोस्रो स्थानमा 'बजरंगी भाइजान' (२०१५), तेस्रो स्थानमा 'बाहुबली : द बिगिनिङ' (२०१५), चौथो स्थानमा 'दंगल' (२०१६), पाँचौं स्थानमा 'गोलमाल अगेन' (२०१८), छैटौं स्थानमा 'पीके' (२०१४), सातौं स्थानमा 'टाइगर जिन्दा है' (२०१८), आठौं स्थानमा 'दबंग' (२०१०), नवौं स्थानमा 'सुल्तान' (२०१६) र दसौं स्थानमा 'चेन्नई एक्सप्रेस' (२०१३) छन्।

# जान्हवीको पछुतो



बलिउड अभिनेत्री श्रीदेवीकी अभिनेत्री छोरी जान्हवी कपुरले चलचित्र 'धडक'बाट बलिउडमा पाइला चालिन्। आमाजस्तै सुन्दर जान्हवीको चलचित्र यात्राप्रति धेरै चलचित्रकर्मी उत्साहित थिए। पहिलो चलचित्रबाट चर्चा पाए पनि स्वयं जान्हवी भने निराश छिन्। जान्हवी आफूले पहिलो चलचित्रबाट दर्शकको मन नजितेको भन्दै पछुतो मानिरहेकी छन्। सन् २०१८ मा रिलिज चलचित्र 'धडक' चलचित्र 'सैराट'को हिन्दी रिमेक हो। यो चलचित्रको प्रदर्शनपछि जान्हवी गत वर्ष केही चलचित्रमा देखिइन्। त्यसमा जोया अख्तरको हरर सर्ट चलचित्र 'घोस्ट स्टोरिज', बायोपिक 'गुन्जन सक्सेना : द कारगिल गर्ल' र हरर-कमेडी चलचित्र 'रुहीआफ्जा' छन्।

'म मेरा आउन लागेका चलचित्रबाट उत्साहित छु। यी चलचित्रमा मैले आफ्ना सबै शक्ति प्रयोग गरेकी छु। किनकि मलाई लाग्छ, मैले कहीं न कहीं धेरै मेहनत गर्दा पनि 'धडक'बाट दर्शकको मन जित्न सकिनँ। म त्यसबाट निराश त छैन, किनभने मैले जति सोचेको थिएँ त्योभन्दा धेरै नै दिएँ,' उनले भनेकी छन्। जान्हवी यो वर्ष करण जोहारको चलचित्र 'तख्त'को काम सुरु गर्दै छिन्।यो चलचित्रमा जान्हवीका अतिरिक्त रणवीर सिंह, विक्की कौशल, करिना कपुर खान, अनिल कपुर, आलिया भट्ट र भूमि पेडनेकरको पनि अभिनय रहनेछ। 'यो चलचित्र यस्तो पृष्ठभूमिबाट बनेको छ, जसमा मलाई बाल्यकालदेखि नै आकर्षण थियो। मलाई पाकिजा, उमराव जान, मुगल-ए-आजमजस्ता चलचित्र जहिले पनि मन पर्थ्यो, उनले भनेकी छन्।



# अक्षयको साडी मोह

यो वर्ष अक्षय कुमारको पहिलो चलचित्र 'लक्ष्मी बम्ब' रिलिज हुँदैछ। इदको दिन रिलिज हुने चलचित्रका लागि अक्षय कुमार निकै मेहनतका साथ जुटिरहेका छन्। चलचित्रको फस्टलुक सन् २०१९ मै रिलिज भएको थियो। फस्टलुकमा अक्षय रातो रंगको साडीमा देखिएका थिए।

चलचित्रमा अक्षय एक तेस्रोलिंगी भूतको चरित्रमा देखिँदैछन्। चलचित्रका निर्देशक राघव लरेन्स हुन्। अक्षयले दर्शकबाट 'लक्ष्मी बम्ब'मा आफ्नो चरित्रप्रति देखाएको चासोले प्रेरणा मिलेको बताएका छन्। 'साडी लगाउँदा कुनै समस्या छैन। साडी लगाएर सुटिङ गर्दा पनि केही समस्या आएन। किनकि म जहिल्यै पनि कठिन काम गर्न रुचाउँछु। यो चलचित्रले मेरो चरित्रलाई नजिक ल्याएको छ', उनले भनेका छन्, 'मैले अहिलेसम्म चलचित्रमा निर्वाह गरेको चरित्रमा लक्ष्मी बम्बको भूमिका कठिन थियो। यो चरित्रबाट चरित्र अनुसारको शारीरिक हाउभाउ र त्यसैअनुसार सोच्न सुरुमा निकै गाह्रो भएको थियो।'

हलिउड

# लियोनार्दोकी आमाको चाहना




ओस्कार एवार्ड विजेता अभिनेता लियोनार्दो डि क्याप्रियकी आमा इरमेलिनले छोराबाट एउटा अनौठा कुराको चाहना गरेकी छिन् । उनी आफ्ना छोराले उनकी प्रेमिका केमिला मोरोनलाई विवाहका लागि प्रस्ताव राखून् भन्ने चाहेकी छिन् । एउटा अनलाइनले जनाएअनुसार इरमेलिनलाई के कुराको डर छ भने लियोनार्दोको व्यवहारका कारण उनले राम्री युवतीलाई गुमाउनेछन् । लियोनार्दो र केमिलीलाई सार्वजनिक रूपमै धेरै पटक देखिएको छ । रोचक कुरा के छ भने यी अभिनेतालाई केही समयअघि चर्चित मोडल केन्डल जेनरसँग एउटा क्लबमा देखिएका थिए । लियोनार्दो र केमिलासँग हालै इटलीमा बिदा मनाउने क्रममा आमा इरमेलिनले केमिलालाई बुहारीका रूपमा हेर्न चाहेको मनसाय व्यक्त गरेकी थिइन् । तर, उनी आफ्ना छोराको प्रेमिका परिवर्तन गरिरहने बानीका कारण चिन्तित छिन् । केमिली हलिउड अभिनेता अल पचिनोकी छोरी हुन् ।




# अभिनेताको उदारता

हलिउड अभिनेता तथा गायक डनी वालबर्गले नयाँ वर्षको मौका पारेर एउटा रेस्टुराँकी वेट्रेसलाई २०२० डलर (करिब २ लाख ३० हजार रुपैयाँ) टिप्स दिएका छन् । उनकी श्रीमती जेनीले एउटा तस्बिर सेयर गर्दै उक्त कुराको जानकारी दिएकी हुन् । तस्बिरका अनुसार डनीले ७८ डलरको बिलमा उक्त रकम टिप्सका रूपमा दिएकी हुन् । अनुमान के लगाइएको छ भने यो पछिल्लो इन्टरनेट ट्रेन्ड २०२० टिप च्यालेन्जको एउटा अंग हो । जेनी र डनी दुवै मिसिगनस्थित एउटा रेस्टुराँमा नयाँ वर्षको अवसर पारेर खाना खान गएका थिए । दुवैले करिब ९ हजार रुपैयाँको खाना खाए र वेट्रेसलाई झन्डै साढे २ लाख टिप्स दिए । उक्त जोडीले रेस्टुराँको बिलमा 'ह्याप्पी न्यू इयर' लेख्दै ट्विटरमा उक्त तस्बिर सेयर गरिदिए । यति धेरै टिप्स पाएपछि वेट्रेस डेनियल फ्रान्जोनी निकै खुसी छन् । उनले उक्त रकम आफ्ना बच्चाहरूको भविष्यका लागि खर्च गर्ने बताएका छन् । सीएनएनले जनाएअनुसार यो २०२० टिप च्यालेन्जकै एउटा अंश हो । उक्त ट्रेन्डमा खाना पस्किनेलाई वर्षको आँकडाअनुसार टिप्स दिइन्छ । सन् २०१८ मा पनि यस्तो समाचार सार्वजनिक भएको थियो । च्यालेन्जअनुसार खाना खानेले १ सय प्रतिशत टिप्स दिनुपर्ने हुन्छ ।




# जस्टिनको सर्त

अमेरिकी गायक जस्टिन बिबर चाँडै नै हकीको मैदानमा खेलाडीका रूपमा देखिँदैछन् । जस्टिनले हालै नेसनल हकी लिगका स्टार गोलटेन्डर जोर्डन बिनिङ्टनसँग हकी च्यालेन्ज स्वीकार गरेका थिए । जस्टिनले इन्स्टाग्राममा एउटा सेयर गर्दै उक्त कुराको जानकारी दिएका हुन् । जोर्डनले जस्टिनलाई च्यालेन्ज गर्दै उनको इन्स्टा पोस्टमा कमेन्ट गरेका थिए । उनले लेखेका थिए– 'तिमीले मेरो विरुद्ध एक मात्र स्कोर गर्न सफल भयौ भने म आफ्नो केशमा प्लेटिनम ब्लन्ड डाई लगाउनेछु ।' २६ वर्षीय जोडर्न क्यानाडाका व्यावसायिक आइस हकी खेलाडी हुन् । गायकका साथै हकीका राम्रा खेलाडी जस्टिनले जोर्डनको च्यालेन्ज स्वीकार गरिदिए । यद्यपि उनले सर्त परिवर्तन गर्ने प्रस्ताव राखे । उनले कमेन्टको स्क्रिनसट सेयर गर्दै लेखे– '१० हजारको च्यारिटीका बारेमा के छ विचार ? यदि मैले तिमीविरुद्ध स्कोर गर्न सफल भएँ भने तिमी मैले चाहेको ठाउँ गएर च्यारिटी गर्नुपर्छ र हामी त्यसलाई छायांकन गर्नेछौं ।' जस्टिनले हालै मात्र हेली बाल्डटिनसँग लस एन्जल्समा आर्ट एजुकेसनलाई प्रोत्साहन गर्नका लागि एउटा च्यारिटी कार्यक्रम राखेका थिए, जहाँ काइली जेनर, जेडन स्मिथसहितका सेलिब्रेटीहरूले सहभागिता जनाएका थिए ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक

Since 1760
Lewis Berger
Paint your imagination

# Glamor icon of the week

## एन्जल लामा, मिस पिंक



**सन् २०१८ मा मिस पिंक** उपाधि जित्नुअघिसम्म एन्जल लामा आमाबाटै उपेक्षित थिइन् । छोराका रूपमा जन्मिए पनि महिलाजस्तो व्यवहार देखाएकै कारण उनी आमाको मायाबाट ओझेलमा परिन् । 'उपाधि जितेपछि भने आमाले म छोरी भएकोमा बल्ल गर्व गर्न थाल्नुभयो', लामाले भनिन्, 'आमाको मन जित्नकै लागि मैले मिस पिंकको उपाधि हात पार्नु थियो । यो उपाधिले मेरो परिवारको मप्रतिको विश्वास बढ्ने थियो भने यौनिक तथा लैंगिक अल्पसंख्यकका क्षेत्रमा जिम्मेवार व्यक्ति बनाउने पनि पक्का थियो ।'

मिस पिंक भएपछि कसैले नसुनेको उनको आवाज सुन्न धेरै तयार भए । सञ्चारमाध्यमको ध्यानाकर्षण भएपछि उनलाई यो क्षेत्रमा काम गर्न सजिलो समेत भयो । मिस पिंक बनेपछि नै एन्जेलले सडक बालबालिकाका क्षेत्रमा रहेका यौनिक तथा लैंगिक अल्पसंख्यकमा जनचेतना फैलाउने र उनीहरूलाई आफ्नो अधिकारबारे बुझाउने काम गरिन् । 'म यस क्षेत्रमा १६ वर्षको उमेरमा लाग्दा सामान्य कार्यकर्ता थिएँ होला, मिस पिंक भएपछि भने यस क्षेत्रको अभियन्ता भएको छु', उनले भनिन्, 'नेपाली चलचित्रमा हाम्रो समुदायका व्यक्तिलाई सधैं नकारात्मक भूमिकामा प्रस्तुत गर्ने चलन छ । तर मैले 'ए मेरो हजुर-३' मा तेस्रोलिंगी महिलाका रूपमा अभिनय गरें ।'


चलचित्रमा अभिनय गर्नुको उनको उद्देश्य पनि लैंगिक अल्पसंख्यकलाई पनि विवाहको आवश्यकता पर्छ र उनीहरूबीच हुने विवाहले पनि मान्यता पाउनुपर्छ भन्ने सन्देश दिनु थियो । एन्जल जीवनलाई काँडाको बाटोमा हिंडेको यात्रा महसुस गर्छिन् । भन्छिन्, 'म जुन परिवेशबाट यहाँसम्म आएँ, यो बाटोमा काँडैकाँडा थियो । म चाहन्छु– यस क्षेत्रमा आउने दिदीबहिनीलाई मलाई जस्तै घोच्ने काँडाले नघोचोस् भनेर फूलैफूलको बाटो बनाउनुपर्नेछ ।'

**मुकुन्द बोगटी**



Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
हेयर एण्ड मेकअप: सुमन लामा
लोकेसन: नोर्चोक बुटिक होटेल, लाजिम्पाट
Berger
SILK GLAMOR
CRYSTAL REFLECTIVE TECHNOLOGY
SILK
GLAMOR
LUXURY INTERIOR EMULSION

आवरण



“

लैंगिक विभेदको शिकार भएर पनि संघर्षसहित आफ्नो फरक पहिचान बनाउन सफल भएका पाँच जना यौनिक तथा लैंगिक अल्पसंख्यकको संघर्षको कथा प्रस्तुत गरेका छौं, जसमा गायन र नृत्यमा आफ्नो नाम कमाएकी जेसिका खड्का, पशुपालनमा लागेकी शान्ता राई, रेस्टुराँ व्यवसायमा लागेकी मेगना लामा, मोडलिङमा लागेकी ज्योति थापा र मेकअप आर्टिस्ट सोफी रहेकी छिन् ।

मोडल : अंकित, तस्बिर : महेश प्रधान

## लैंगिक अल्पसंख्यक

# संघर्ष, पहिचान अनि सफलता

मुकुन्द बोगटी

समाजमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूप्रतिको दृष्टिकोण, उनीहरूलाई गरिने व्यवहार र व्याख्या अलग्गै छ । उनीहरूको पहिचानलाई समाजको संस्थापनले नस्विकारेका कारण उनीहरूले क्षणक्षणमा अपमान महसुस गर्नुपर्छ । आधुनिक र सभ्य भनिएको समाजले नै फरक लैंगिक परिचयकै कारण अपमान, दुर्व्यवहार र निषेध गर्छ । परिणामतः नागरिकको दर्जा पाएर पनि यौनिक तथा लैंगिक अल्पसंख्यकहरू घर, परिवार, समाज, विद्यालय, कार्यस्थलमा अपहेलित अनुभव गरिरहेका छन् ।

समाजमा सम्मानित भनिएका पेशा-व्यवसायमा काम पाउन पनि लैंगिक अल्पसंख्यकहरूलाई कठिन छ । जन्मँदा एउटा परिचय हुने र हुर्कंदै जाँदा स्वभाविक रूपमा परिचय परिवर्तन हुने यथार्थलाई परिवार र समाजले स्विकार्न सकेको देखिँदैन । मेकअप आर्टिस्ट सोफी भन्छिन्, ‘हामीहरू जन्मँदै तेस्रोलिंगी हुँदैनौं । पुरुष शरीर लिएर जन्मिए पनि पछि हाम्रो आचरण महिला हाउभाउको हुन थाल्छ अनि घरबाटै पहिलो पटक अपहेलित हुन थाल्छौं ।’

घरबाट सुरु भएको यो अपहेलनाको शृंखला स्कुल जीवनको ८-१० वर्षमा सबैभन्दा निर्मम हुन्छ । बाल मस्तिष्कमै साथीहरूबाट अपमानित र शिक्षकबाट अपहेलित हुँदा त्यो पीडा बनेर बल्झिन्छ । ‘स्कुले जीवनमा हामीलाई ‘छक्का’ र ‘हिजडा’को संज्ञा दिइन्छ । साथीहरू लिंग परीक्षण गर्न चाहन्छन्, हिँड्दा पछि लागेर गिज्याउँछन्,’ नृत्य शिक्षक जोय तामाङ थप्छन् । यस्तो अवस्थामा हार खानेहरू स्कुले शिक्षा नै पूरा गर्न सक्दैनन् । युवा अवस्थामा प्रवेश गरेपछि उनीहरूको स्वभावलाई लिएर समाज झन गिज्याउन अघि सर्छ । यो चरण पार गरेर कथंकदाचित् उनीहरू कुनै सेवा वा नोकरीमा संलग्न भए, कार्यस्थलमा लैंगिक विभेद सुरु हुन्छ । ‘सबै क्षेत्रमा अपमानित भएरै जीवन बिताउनुपर्ने खराब नियति



छ। सरसर्ति हेर्दा हामीले सबै क्षेत्रमा अपमानित जीवन नै बिताउनु परेको छ,' सोफी भन्छिन्।

नृत्य प्रशिक्षक जोयको अनुभव त्योभन्दा फरक कहिल्यै रहेन। सिन्धुपाल्चोकबाट आएका जोयले आफ्नो क्षमताअनुसारको पेसा अंगाल्न पाएका छैनन्। आफूमा नृत्य सिकाउने खुबी भए पनि लैंगिक विभेदका कारण नृत्यको क्षेत्रमा काम गर्न नपाएको उनको तीतो अनुभव छ। 'हामीमा पनि क्षमता रहेको छ, तर हाम्रो क्षमतालाई भन्दा हाम्रो लैंगिक विषयलाई पहिला प्राथमिकतामा राख्छन्, अनि हुँदैन भन्छन्।'

जोयले आफूमा रहेको नृत्य निर्देशनको क्षमतालाई व्यावसायिकतामा परिवर्तन गर्न कपनमा केही साथीहरूसँग मिलेर नृत्य प्रशिक्षण केन्द्र खोले। केही समय उक्त केन्द्र चल्यो जब बिस्तारै जोय तेस्रो लिंगी रहेको कुरा सार्वजनिक हुँदै आयो उनका सहकर्मीहरूले अलग हुन दबाब दिए। र, अन्ततः उनी अलगिए।

यौनिक तथा लैंगिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत ब्लू डाइमण्ड सोसाइटी (नील हिरा समाज) की अध्यक्ष पिंकी गुरुङका लागि पनि समाजमा फरक र प्रोत्साहित गर्ने अनुभव संगाल्न पाउनु मृगतृष्णाजस्तै बनेको छ। 'संविधानको केही धारामा समानता भनेर हामी जस्ता अल्पसंख्यकहरूको व्याख्या गरिएको छ। तर, व्यवहारमा ती कुराहरू लागू हुन सकेको छैन। जसको कारण तेस्रोलिंगी मात्र नभएर यौनिक तथा लैंगिक अल्पसंख्यकहरू सबै कुरामा पछाडि परेका छौं,' उनी भन्छिन्, 'संविधानमा रहेको समानताको हकलाई समाजमा समान व्यवहार भएको देखिँदैन।' उनको अनुभवमा समाजमा कुनै पनि स्कुलमा यौनिक अल्पसंख्यक विद्यार्थीमैत्री वातावरण छैन। भौतिक संरचनाहरू उनीहरूको अनुकूल बनेका छैनन्। समकक्षी विद्यार्थीहरू उपहास र लान्छना लगाउने गर्छन् भने शिक्षक-शिक्षिकामा पनि कस्तो किसिमको व्यवहार गरिनुपर्छ भन्ने ज्ञानको कमी छ।' हाम्रो समाजका सदस्यहरूलाई उकास्न शिक्षा नै बलियो पाटो हो तर उनीहरू यही अपमानले गर्दा शिक्षाबाट बञ्चित छन्,' पिंकी दुखेसो पोख्छिन्।

सम्भ्रान्त वर्गका छोराछोरीको तुलनामा मध्यमवर्गीय र निम्नवर्गीय समाजबाट आउने यौनिक र लैंगिक अल्पसंख्यकहरूको स्थितिमा सुधार






नआउनुमा आर्थिक पाटो कारकका रूपमा छ। राज्यले विभेद नगर्नु भनेको छ। तर, सबैभन्दा बढी विभेद समुदायकै मानिसहरूमा हुने गरेको पिंकी बताउँछिन्। सरकारले जातजातिको आरक्षण गरेको छ तर यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि आरक्षण त परको कुरा अल्पसंख्यक भएको थाहा पाएमा जागिरबाटै हात धुनुपर्छ। त्यसको कारण विशिष्ट स्वभाव र भावना भएका तेस्रो लिंगी समुदायका व्यक्तिहरू धेरै उच्च पदमा विभिन्न क्षेत्रमा रहे पनि आफ्नो पहिचान बताउन चाहिरहेका छैनन्।

यौनिक तथा लैंगिक अल्पसंख्यकहरूलाई सहरी समाजमा मुख्यतः पेशेवर यौनकर्मीका रूपमा हेर्ने गरेको देखिन्छ। कतिपयले यो पेसा अँगालेको भए पनि त्यसमा सामाजिक-आर्थिक बाध्यता रहेको उनीहरू स्विकार गर्छन्। उनीहरूलाई स्कुल शिक्षामा अपहेलना गरेर निष्कासन हुने वातावरण बनाइन्छ जसको कारण उनीहरूले राम्ररी पढ्न पाउँदैनन्। ठूलो भएपछि हातमा सीप सिक्ने शिक्षा हुँदैन। समाजबाट तिरस्कार हुनु परिरहेको हुन्छ। बाँच्नका लागि केही काम त गर्नै पर्ने हुन्छ। यस्तो अवस्थामा यौन पेसा सजिलोसमेत हुन्छ। नील हिरा समाजकी अध्यक्ष पिंकी यसलाई सामाजिक समस्याका रूपमा अर्थ्याउँछिन्।

'प्रत्येक पेसामा यस्ता किसिमका व्यक्ति हुन्छन् तर हाम्रो समाजका व्यक्तिहरू फरक लिंगी भएको कारण बढी फोकस भएका हुन्, हामी अल्पमतमा छौं,' उनी कारण खोल्छिन्, 'कुनै पुरुष र महिलाले यौन पेसा अँगालेमा सबै पुरुष र महिलालाई यौनकर्मीका रूपमा हेरिँदैन किनकी उनीहरूको संख्या बढी छ।' तर लैंगिक अल्पसंख्यकको संख्या समाजमा कम छ र उनीहरूको आवाजलाई दबाउने प्रयास हुन्छ। जसको कारण २-४ जनाले गर्दा सबैलाई एउटै दर्जामा हेरिने गरेको गुनासो यो समुदायको छ। यसरी यौन पेसामा रहेकाहरूमा एचआईभी एड्सको जोखिम पनि बढेको छ। जो यो पेसामा लागेका छन् उनीहरूलाई

> 'हामीलाई राज्यले संरक्षण गर्नुपर्छ, हामी यस्ता व्यक्ति हौं जसको शरीरका अंग पुरुषको रहेको छ भने मन महिलाको छ,' भारतमा तेस्रोलिंगीहरूलाई किन्नर भनिन्छ । उनीहरूलाई कुनै पनि शुभ काममा सरिक गराउने चलन छ । तर, सोही धार्मिक समाज रहेको नेपालमा भने अपमानित गरिन्छ।

पनि जनचेतनाको खाँचो देखिन्छ। सरकारले यौनिक तथा लैंगिक अल्पसंख्यक रूपमा रहेका समुदायका व्यक्तिलाई सम्मानित सार्वजनिक जीवन बाँच्ने वातावरण बनाउन सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाउनेतर्फ पहल गर्नु पनि उत्तिकै जरुरी देखिन्छ। 'हामीलाई राज्यले संरक्षण गर्नुपर्छ, हामी यस्ता व्यक्ति हौं जसको शरीरका अंग पुरुषको रहेको छ भने मन महिलाको छ' पिंकी भन्छिन्, 'भारतको हिन्दु विश्वास भएको समाजमा तेस्रोलिंगीहरूलाई किन्नर भनिन्छ। उनीहरूलाई कुनै पनि शुभ काममा सरिक गराउने चलन छ।' तर, नेपालमा भने हिन्दू धार्मिक विश्वास भए पनि उनीहरूलाई अपमानित गरिने पिंकीको भनाइ छ।

यौनिक तथा लैंगिक अल्पसंख्यक, जसको छोटो रूपमा एलजिबिटीआईप्लस पनि भन्ने गरिएको छ। योअनुसार 'एल' को अर्थ लेस्बियन (समलिंगी महिला), 'जी' को अर्थ गे (पुरुष समलिंगी), 'बी' को अर्थ बाइसेक्सुअल (उभयलिंगी), 'टी' को अर्थ ट्रान्सजेन्डर (तेस्रो लिंगी) र 'आई' को अर्थ इन्टरसेक्सुअल (अन्तरलिंगी) भन्ने हुन्छ। प्लस भन्नाले यसबाहेक अरु पनि यस प्रकारका अल्पसंख्यक हुन्छन् भन्ने मान्यता छ। यौनिक तथा लैंगिक अल्पसंख्यकको संख्या नेपालमा बढिरहेको छ। एक अनुमानअनुसार नेपालमा ९ लाखको हाराहारीमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरू रहेको अनुमान गरिएको छ। एचआईभी रोकथामले गरेको गणनाअनुसार यो संख्या ५-६ लाख रहेको बताएको छ। पछिल्लो जनगणनाअनुसार यो संख्याको वास्तविक संख्या खुल्न सकेन तर विश्वमै एलजिबिटीआईमा रहेका सदस्यहरूको एकिन जनसंख्या कुनै पनि देशमा रहेको छैन। जसको कारण उनीहरूले सर्वव्यापी एउटा मान्यता के बनाएका छन् भने कुनै पनि देशको कुल जनसंख्याको ८ देखि १० प्रतिशत जनसंख्या एलजिबिटीआई हुने गरेका छन्।

तर, जनसंख्याको ठूलो हिस्सा हुँदाहुँदै पनि समाजले भने अझै अपहेलना गरिरहेको छ। मिस पिंक उपाधि विजेता एन्जेल लामा अनुवभ सुनाउँछिन्, 'मैले उपाधि नजितेसम्म घर परिवारको विश्वास जित्न सकिन। यो उपाधि मेरो लाइफको टर्निङ प्वाइन्ट पनि हो।' यस्तै, मेकअप आर्टिस्ट सोफी आफ्ले घर, समाज, स्कुल सबैतिरबाट लैंगिक विभेद मात्र होइन लान्छना र अपमान सहेर आएको दाबी गर्छिन्। यो घटनाले उनलाई अरूकोमा गएर काम गर्नुपर्छ भन्नेभन्दा पनि आफैं केही गरेर देखाउनुपर्छ भन्ने भावनाको विकास गरायो। 'त्यही कारण मैले आफैंले मेकअप स्टुडियो खोलेर मेकअप आर्टिस्ट बनें,' उनी भन्छिन्।

सोफीजस्तै लैंगिक विभेदको शिकार भएर पनि संघर्षसहित आफ्नो फरक पहिचान बनाउन सफल भएका पाँच जना यौनिक तथा लैंगिक अल्पसंख्यकको संघर्षको कथा प्रस्तुत गरेका छौं, जसमा गायन र नृत्यमा आफ्नो नाम कमाएकी जेसिका खड्का, पशुपालनमा लागेकी शान्ता र ई, रेस्टुराँ व्यवसायमा लागेकी मेगना लामा, मोडलिङमा लागेकी ज्योति थापा र मेकअप आर्टिस्ट सोफी रहेकी छिन्।

आवरण

# ब्यूटी विथ ब्रेन

कृष्ण आचार्य

३० वर्षअघि कान्छो सन्तानका रूपमा जन्मदा ज्योति थापाको परिवारमा एउटा खुसी थपिएको थियो । परिवारले उनलाई छोराकै रूपमा हुर्कायो-बढायो । भक्तपुरको शान्ति निकेतनमा पढिन् । कक्षा सातमा पुग्दा उनको पहिचानमाथि औँला उठाइयो । उनलाई केटाहरूभन्दा केटीहरूसँगको निकटता मन पर्थ्यो । उनीहरूसँगै बस्न, खेल्न र रमाउने इच्छा जाग्थ्यो ।

'कृष्ण केटा हो कि केटी ? यसको पाइन्ट खोलेर हेर्नुपर्छ,' शिक्षकको मुखबाटै यस्तो वचन सुनेपछि उनको मनमा सधैं डरले जरा गाडिरहयो । कतिबेला मेरो पाइन्ट खोलेर हेर्नेहुन् भन्ने डर । 'मेरो कलिलो बालमस्तिष्कमा नकारात्मक कुराहरू खेल्न थाले । पढाइमा ध्यान जान छाड्यो,' ज्योति आफू कृष्ण हुँदाको क्षण सम्झन्छिन् ।

## आफ्नै पहिचानमाथि प्रश्न

घरमा एक दाइ र दुई दिदी थिए । उनलाई कहिल्यै दाइजस्तो हुन मन लागेन । दिदीको कपडा लगाउने, लेडिज ब्याग बोक्ने, लामो कपाल पाल्न, घरको काम गर्न, दिदीहरूको कपाल कोरिदिन, गाउँ-घरमा केटीहरूको संगत गर्न मन लाग्ने हुन थाल्यो । उनको स्वर पनि न केटाको जस्तो थियो न केटीको जस्तो ।

परिवारले ज्योतिको 'अस्वाभाविक क्रियाकलाप'लाई उनको बालापन ठान्यो । ज्योतिलाई त्यसको महसुस हुने कुरै थिएन । ७ कक्षा पास गरेपछि उनी गाउँको स्कुल छाडेर शारदा माध्यमिक विद्यालयमा भर्ना भइन् । त्यहाँ ज्योतिको व्यवहार साथीहरूका लागि ठट्टाको विषय बन्यो, तब उनमा म किन अरूभन्दा फरक भएँ भन्ने प्रश्नले घचघच्याउन थाल्यो ।

'९ कक्षामा पढ्दा म अरूभन्दा फरक छु भन्ने महसुस भयो । तर के फरक हो भन्ने थाहा पाउन सकिनँ,' ज्योति भन्छिन्, 'म केटा भए पनि मलाई किन केटै मन पर्छ र केटीहरूको संगत गर्न किन रुचाउँछु भन्ने प्रश्नले मलाई निकै तनाव दिइरहयो ।' यस्तै चिन्ता, तनाव र अपमानबीच उनले ०५७ सालमा एसएलसी पास गरिन् र भक्तपुर बहुमुखी क्याम्पसमा ११ कक्षामा भर्ना भइन् ।

समय बित्दै गयो । ज्योतिको न दाह्री-जुँगा आयो, न उनको स्वर केटाको जस्तो भयो । 'म बोल्दा साथीहरू थपडी बजाएर हाँस्थे । साथीहरूको मलाई हेर्ने दृष्टिकोण नै फरक हुन्थ्यो । त्यसैले मैले कसैसँग नबोल्ने निर्णय लिएँ,' उनी प्रस्ट पार्छिन् । निर्णय जति सहज थियो, परिस्थिति त्यति नै कठिन । यसैबीच घरमा केटीसँग उनको बिहेको कुरा चल्यो । उनलाई केटा मन पर्ने ! बिहे सम्भव थिएन । उनले जागिर नभएका कारण श्रीमती पाल्न नसक्ने बहाना बनाउँदै तत्काल बिहे नगर्ने अडान लिइन् । ०६१ सालमा १२ कक्षा पास गरिन् । 'विभिन्न तनावले १२ कक्षा पास गर्न मलाई चार वर्ष लाग्यो' ज्योति भन्छिन् । लगत्तै बीएमा भर्ना पनि भइन् ।

बीएमा भर्ना भएको केही समयमै उनले भक्तपुरकै सरस्वती निम्न माध्यमिक विद्यालयमा करारमा पढाउन थालिन् । त्यहाँ पनि उनलाई विद्यार्थीहरूले 'केटी मास्टर' भनेर जिस्क्याउन थाले । उनी विद्यार्थीका कुरामा ध्यान नदिई आफ्नो कर्ममा लागिन् । धैर्यता धेरै समय नटिकेपछि २ वर्ष ६ महिनापछि पढाउन छाडिन् । त्यति नै बेला ज्योतिले एक म्यागजिनमा तेस्रोलिङ्गी-समलिङ्गीबारे पढ्ने मौका पाइन् । म्यागजिनमा तेस्रोलिङ्गीका विशेषताहरू जे-जे थिए ती सबै उनको जीवनमा मेल खान्थे । बल्ल उनले आफ्नो फरक पहिचान चाल पाइन् ।

समाज र परिवारले थाहा पाए के भन्लान् ? उनको मनमा यो प्रश्नले बारम्बार झकझक्याइरह्यो । 'त्यसपछि म रातभरि रोएँ । अरूले थाहा पाउलान् भन्ने कुरा मनमा खेल्न थाल्यो अनि मैले आत्महत्याको प्रयास गरेँ,' ज्योति सुनाउँछिन् । आत्महत्या सोचेजति सहज थिएन । संसारमा ममात्र किन यस्तो भएँ ? उनले कैयौं रात यही सोचेर बिताइन् । डिप्रेसनमा परिन् । बिरामी भइरहने, मनमा कुरा खेलाइरहने, भोक र निद्रा नलाग्ने । दुई वर्ष उनको जीवन ठूलो संकटबाट गुज्रियो । ज्योति भित्रभित्र विक्षिप्त भइसकेकी थिइन् । न मर्न सक्थिन्, न बाँचेर बाँच्न नै । मर्नु र बाँच्नु बीचको दोसाँधमा थिइन् उनी ।

> ज्योतिले परिवारका सबै सदस्यलाई एकै ठाउँमा राखेर रुँदैरुँदै मुख खोलिन् । ०६५ सालतिरको कुरा हो । उनले आफू 'मिस पिङ ब्यूटी ट्यालेन्ट'मा भाग लिन लागेको समेत बताइन् ।



## विश्वविद्यालयमा एक्सपोज, परिवारको साथ

यत्तिकैमा ब्ल्यू डायमन्ड सोसाइटीबारे थाहा पाइन् । उनले बुझिन्- आफूजस्ता अरू पनि हुँदा रहेछन् र उनीहरूका लागि संस्था पनि हुँदो रहेछ । भन्छिन्, 'ब्ल्यू डायमन्डको कार्यालय जाँदा त मलाई अचम्म लाग्यो । त्यहाँ मजस्ता धेरै साथी थिए । उनीहरूको दुःखकष्टबारे सुनेँ । त्यसपछि बल्ल राहत महसुस भयो ।' बल्ल उनको मनलाई शान्ति मिल्यो । फलस्वरुप ०६४ सालमा बीए पास भइन् । केही समयमै एमए भर्ना भइन् । परिवारबाट बिहेका लागि दबाब आउन भने रोकिएको थिएन । उनले भक्तपुरमा रहेको ब्ल्यू डायमण्डको कार्यालयमा जागिर खान थालिसकेकी थिइन् । अब उनीसामू बिहे टार्ने कुनै बहाना थिएन ।

अन्ततः ज्योतिले परिवारका सबै सदस्यलाई एकै ठाउँमा राखेर रुँदैरुँदै मुख खोलिन् । ०६५ सालतिरको कुरा हो । उनले आफू 'मिस पिङ ब्यूटी ट्यालेन्ट'मा भाग लिन लागेको समेत बताइन् । यो तेस्रोलिङ्गीहरूको सौन्दर्य प्रतियोगिता हो ।उनको आत्मकहानी सुनेर एकछिन सबै स्तब्ध भए । त्यसपछि सबैले ज्योतिलाई हौसला दिन थाले । त्यो पल उनका लागि जीवनको सबैभन्दा विशेष मोड थियो ।

उनी एमए पढ्दै गरेको त्रिभुवन विश्वविद्यालयमा पनि एक्स्पोज भइन् । 'आफ्नो पहिचान लुकाएर आफैंभित्र गुम्सिन मन लागेन । त्यसैले केटीको लुगा लगाएर कलेज गएँ र विद्यार्थी तथा सरहरूको बीचमा उभिएर आफू र आफ्नो समुदायबारे बताएँ' ज्योति भन्छिन् । एसएलसीपछि कृष्ण थापाको नामबाट नागरिकता लिएकी उनलाई त्रिविले 'टाइटल नेम' ज्योति राखेर परिचयपत्र बनाइदियो ।

ज्योति ०६५ मा ब्ल्यू डायमन्डले आयोजना गरेको ब्यूटी पेजेन्टमा 'ब्यूटी विथ ब्रेन'को उपाधि जित्न सफल भइन् । सोही प्रतियोगिताअन्तर्गत एचआईभी एड्स एमबेसडोरका रूपमा मध्यमाञ्चल विजेता पनि बनिन् । उनको पहिचानबारे पत्रपत्रिकामा समाचार आउन थाले । गाउँ-घरकाले पनि त्यसबारे चाल पाए । लगत्तै उनी गाउँमा आयोजित सांस्कृतिक कार्यक्रममा सारी-चोलो लगाएर गइन् । माइकिङ गरेर आफ्नोबारे बताइन् । 'गाउँभरि फलानोको छोरा त केटी भएर हिँड्छ रे भनेर हल्ला फैलियो । मेरो उपचारका लागि मानसिक अस्पतालमा लैजान परिवारमा सुझाव दिए । तर, यस्ता कुराले म कत्ति विचलित भइन,' ज्योति भन्छिन् ।

२०६६ सालदेखि ज्योतिले ब्ल्यू डायमन्ड भक्तपुर शाखामा काम गर्न थालिन् । त्यसपछि निरन्तर उनी सोही संस्थामा आबद्ध छिन् । भक्तपुर जिल्लामा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मानवअधिकार र यौन स्वास्थ्यको क्षेत्रमा जिल्ला कार्यक्रम संयोजक भएर उनले निरन्तर काम गरिरहेकी छिन् ।

## यात्रा मोडलिङको

०६५ को प्रतियोगितापछि ज्योतिको रुचि मोडलिङमै बढ्यो । उनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हक-हितमा काम गर्ने र मोडलिङलाई निरन्तरता दिने सोच बनाइन् । २०७३ सालदेखि उनी पूर्णकालीन रूपमा मोडलिङमा आबद्ध भइन् । तीन वर्षको दौरान उनले 'पानाच रनवे', इन्भोग्यू सिजन-४', 'आईसी डिजाइनर्स रनवे', 'पोखरा अन्तर्राष्ट्रिय फेसन विक' जस्ता दुई दर्जन फेसन शोमा भाग लिइन् । गत वर्ष मलेसियामा भएको 'अन्तर्राष्ट्रिय आईपोन फेसन विक' मा सहभागी भएर ज्योतिले आफ्नो अन्तर्राष्ट्रिय यात्राको सुरुवात गरिसकेकी छिन् ।

'अहिले त मलाई धेरै देशबाट अफर आएको छ,' ज्योति भन्छिन्, 'फेसन शो मात्र नभएर फोटोसुटका लागि पनि अफर आएका छन् । केही समयपछि म फोटोसुट र फेसन शोका लागि विदेश जाने योजनामा छु ।' ज्योति आफूलाई प्रोफेसनल मोडलका रूपमा चिनाउन सफल भएकी छिन् । कुनै समय 'हाउस अफ फेसन नेपाल' मा आबद्ध मोडलका रूपमा काम गरेकी ज्योति यतिबेला स्वतन्त्र मोडलिङमा छिन् ।

उनी यतिबेला आफ्नै खुट्टामा उभिएकी छन् । चाहेको पैसा खर्च गर्न, मन परेको ठाउँ घुम्न, मन परेको लुगा लगाउन कुनै आर्थिक समस्या छैन । अध्ययनका हिसाबले पनि ज्योतिले चानचुने सफलता हासिल गरेकी छैनन् । जेन्डर स्टडीमा मार्स्टस गरेर उनले पहिलो 'ओपन जेन्डर ग्राजुएट' को रुपमा पहिचान बनाउन सफल भएकी छिन् ।



आवरण

# बेली डान्सर जेसिका



सानैमा आमा गुमाएकी जेसिकाले त्यसको एक वर्षमा बुवा पनि गुमाइन् । आमाबुवा दुवै गुमाउँदा निकै एक्लो महसुस गरिन् । आफ्ना भावना कसलाई कहाँ पोखूँ भन्ने प्रश्नसँग आफैं लडिरहिन् । जब उनी नाच्नका लागि स्टेजमा पुग्न थालिन्, उनको भेट आफूजस्तै परिना चौधरीसँग भयो ।

■ रूपा महतराज

बैजनाथ गाउँपालिका-६, लालपुरमा जेसिका छोरा भएर जन्मिइन् । घरको कान्छो सदस्य । घरमा सबैले खुसीयाली मनाए । एउटा दाइ अनि दिदीपछि जेसिका जन्मिएकी थिइन् ।

आमाबाबुले बडो खुसीले नाम राखे– जीवन खड्का । बढ्दै जाँदा हाउभाउ छोरीजस्तै हुन थाल्यो । न उनले आफ्नो स्वभावबारे चाल पाइन्, न परिवारले नै उनको स्वभावबारे कुनै केरकार गऱ्यो । बालापनमा चुलबुले स्वभावमा उनले धेरै पटक आफ्नी दिदीको फ्रक चोर्दै लगाइन् । त्यही पहिरनमा स्कुलसम्म पुगिन् ।

जब उनी १५ वर्षकी भइन्, आफ्नै शरीर उनलाई मन पर्न थालेन । हिँड्दा शरीर त्यसै लचिलो हुन थाल्यो । बोल्दा केटीकोजस्तो स्वर आउन थाल्यो । त्यसपछि उनले शरीरमा उम्रिएका रौं उप्काएर फाल्न थालिन् ।

सुरुमा जेसिका आफैंमा भएको परिवर्तनबारे बेखबर थिइन् । बुझ्दै जाँदा उनले आफूलाई महिलाको स्वरूपमा ढाल्न थालिन् ।

सानैदेखि नाच्न अनि गाउन भनेपछि हुरुक्कै हुने जेसिका स्कुल हुँदै महोत्सव तथा गाउँमा हुने सार्वजनिक कार्यक्रममा नाच्न थालिन् । उनी नाच्दा सबै हाँस्थे, तर उनलाई भने महिलाको पहिरनमा सजिएर नाच्दा ठूलै सन्तुष्टि मिल्थ्यो । 'जोसुकैले जे भने पनि त्यसरी नाच्दा बडो आनन्द आउँथ्यो,' जेसिका भन्छिन्, 'बल्ल आफ्नै शरीरसँग छु जस्तै लाग्थ्यो ।'

यसरी उनमा आएको परिवर्तन दाजुले थाहा पाए । जेसिकालाई नराम्रोसँग कुटे । घरबाट निस्कन दिएनन् । उनी त्यसै उकुसमुकुस भइन् । 'कहाँ जाऊँ, के गरौं-गरौं जस्तो लाग्यो,' जेसिकाले भनिन्, 'आफ्नो शरीर देखेर घृणा हुन थाल्यो ।'

सानैमा आमा गुमाएकी जेसिकाले त्यसको एक वर्षमा बुवा पनि गुमाएकी थिइन् । आफ्ना भावना कसलाई कहाँ पोखूँ भन्ने प्रश्नसँग आफैं लडिरहन्थिन् । म किन अरुभन्दा फरक भएँ भन्ने प्रश्नले उनलाई सताइरहयो ।

जब उनी नाच्नका लागि स्टेजमा पुग्न थालिन्, उनको भेट आफूजस्तै पहिचान भएकी परिना चौधरीसँग भयो । तब उनको जीवनले नयाँ मोड लियो । उनले आफ्नो वास्तविक परिचय थाहा पाइन् ।

सुरु भयो अर्को विद्रोह । उनी जेसिका बनेर कलेज पढ्न जान थालिन् । कलेजमा सबैले जिस्क्याउन थाले । बोल्न पनि अप्ठ्यारो मान्थे । तर जेसिकाले हिम्मत हारिनन् । नेपाल आर्मीका क्याप्टेन दाजु अनि भाउजूलाई बुझाउँदै लगिन् । बिस्तारै परिवारले बुझ्दै गयो । परिवारको साथपछि उनी खुलेर जेसिका खड्काको नामले चिनिन् थालिन् ।

२१ वर्षीया जेसिकाले १९ वर्षको उमेरदेखि आफ्नो वास्तविक पहिचानअनुरूप जीवन बाँच्न थालिन् । समाज अनि आफन्तको अपहेलित व्यवहारलाई बेवास्ता गर्दै गइन् । आफ्नो लक्ष्य अनि चाहनालाई मूर्तरूप दिन कडा मेहनत गर्न थालिन्, नृत्य अनि गायनको अभ्यासमा अभ्यस्त हुन थालिन् । 'परिवारको साथ भयो भने समाजले के भन्छ भन्ने कुराले त्यति अर्थ राख्दैन,' उनले भनिन्, 'मप्रति परिवारको विश्वास नै मेरो आत्मविश्वास थियो ।' अहिले उनको परिचय बेली डान्सरको रुपमा पनि थपिएको छ । उनी महिला र पुरुष दुवैको आवाजमा गीत गाउँछिन् । यो उनको फरक क्षमता हो ।

साथै, जेसिकाले व्यवस्थापनमा उच्च शिक्षा पनि हासिल गरिन् । आफूलाई गिज्याउने साथीहरूलाई उनको यो सफलता मौन जवाफ थियो ।



> अहिले उनको परिचय बेली डान्सरको रुपमा पनि थपिएको छ । उनी महिला र पुरुष दुवैको आवाजमा गीत गाउँछिन् । यो उनको फरक क्षमता हो । साथै, जेसिकाले व्यवस्थापनमा उच्च शिक्षा पनि हासिल गरिन् । आफूलाई गिज्याउने साथीहरुलाई उनको यो सफलता मौन जवाफ थियो ।

मानवशास्त्र विषयमा स्नातक गरिरहेकी जेसिकाले यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारका विषयमा आवाज पनि उठाउँदै आएकी छन् । 'जीवन भनेकै चुनौती रहेछ,' उनी भन्छिन्, 'यही सोचेर वेस्टर्न स्टार नेपालको कार्यक्रम सहजकर्ता भएर काम गर्न थालें ।' यस क्रममा लान्छना, हेपाइ सहनुपऱ्यो । धेरैले महिला-पुरुषले गर्न नसकेका काम यिनले के गर्लिन् भने । उनी बोल्नेको मुख थुन्न नसकिने बुझेर अघि बढिरहिन् ।

विभिन्न उपनाम, हन्डर, अपहेलना र तिरस्कारले आफूजस्तै यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारका विषयमा आवाज उठाउन सघाएको उनले बताइन् ।

अहिले उनी स्कुलहरूमा यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिकाको अधिकार सुरक्षित गर्ने, उनीहरूमा आएको परिवर्तनको व्यवस्थापनमा सघाउने तथा बालमनोविज्ञान बुझेर उनीहरूलाई समाजमा स्थापित गराउने अभियानमा लागेकी छन् । यसमा उनलाई दाजु-भाउजूले पनि साथ दिएका छन् ।

अहिले उनी परिवारसँगै कोहलपुरमा बस्छिन् । आफ्नो पहिचानका लागि आफैंले गरेको विद्रोहले समाजलाई पहिचान स्वीकार्न कर लागेको उनले सुनाइन् । 'त्यही समाज हो, तिनै आफन्त हुन्, जसले अनेको लाञ्छना लगाए । मरेतुल्य बनाए । त्यो समय र अहिलेको समय देख्दा अचम्म लाग्छ,' उनले भनिन्, 'आफ्नो लागि आफैं लड्नुपर्छ, पहिचान सम्भव छ ।'

त्यस्ता व्यक्तिको बीचमा स्थापित भएर अहिले अधिकारकर्मीको भूमिका खेल्न सकेकोमा उनी खुसी छिन् । अझै समाजले अगाडि राम्रो भने पनि पछाडि कुरा काट्ने प्रवृत्ति कायमै रहेको तितो अनुभव उनले सुनाइन् । यस्तै कारण खुल्न चाहेर नसकेका धेरै भएको उनको बुझाइ छ । उनी आफूलाई महिला भन्दा पनि तेस्रोलिङ्गी महिला भन्न रुचाउँछिन् ।

'विभिन्न ठाउँमा आफ्नो प्रतिभा देखाउन पाएको छ, निकै खुसी छु,' उनी भन्छिन् 'पहिले दुःख सहेर बसें । अहिले आएर सपना पूरा हुन थालेको छ । मजस्ता पछाडि पारिएका यौनिक तथा लैंगिक अल्पसंख्यकको जीवनस्तर उकास्नका लागि आर्थिक सशक्तीकरणका कार्यक्रम हुन जरुरी छ ।'

'सीप सिकेर दक्षता हासिल गरेकालाई रोजगारीको सम्भावना छ,' उनले भनिन्, 'पछाडि परेको समुदाय, लिंगको उत्थानका लागि जोड दिन जरुरी छ ।' जेसिका अब शारीरिक रुपले महिलाको पहिचान बनाउन ब्रेस्ट सर्जरी र लिंग परिवर्तन गर्ने सोचमा छिन् । 'सुरुमा ब्रेस्टको अपरेसन गरेर आउँछु,' उनले भनिन्, 'म पूर्ण रूपले महिला नै छु भने महिलाको रूपमा समाजमा स्थापित हुन चाहन्छु ।' के यो जरुरी छ ? भन्ने प्रश्नमा उनले भनिन्, 'अरू केही होइन, आफ्नो सन्तुष्टिका लागि नै हो ।'

आवरण



तस्बिर : नवराज बाग्ले

> सर्जरीकै लागि उनी बैंकक पुगिन् । उनले २०१४ मा बैंकक पुगेर ४ लाखमा स्तन सर्जरी गरिन् । स्तन सर्जरी गरेपछि आफ्नो पहिचानका लागि थप सहयोग पुगेको उनी बताउँछिन् । उनी भन्छिन्, "स्तन महिलाहरूको एक पहिचान हो ।

# बारमा जम्दै मेघना

प्रकृति दाहाल

उनी पुतलीसँग खेल्न रुचाउँथिन् । कोरी-बाटी चिटिक्क परेर विद्यालय जान खोज्थिन् । जामा लगाएर छमछमी नाच्न चाहन्थिन् । तर यो रहर पूरा गर्ने स्वाभाविक अवस्था भने उनको बालापनमा कहिल्यै आएन । बरु इच्छाविपरीत हाफ पाइन्ट र सर्ट लगाउन बाध्य भइन् । कारण जन्मिँदाको शारीरिक अवस्था छोराको थियो । समाजले उनलाई छोराका रूपमा चिन्थ्यो । छोरीको मनोभावमा छोराको देखावटी भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा बालापन गुजारेकी समलिंगी महिला हुन्– मेघना लामा ।

२०४८ सालमा झापामा जन्मिएकी हुन्– मेघना । छोराको रूपमा जन्म लिएकी उनी परिवारकी दोस्रो सन्तान हुन् । उनको व्यवहार भने ठ्याक्कै छोरीको जस्तो । हिँड्ने-बोल्ने हाउभाउ सबैको केटीको जस्तो । शारीरिक रूपमा उनी केटा भए पनि भावना कहिल्यै केटाको थिएन । उनलाई यति थाहा थियो, म अरूभन्दा भिन्न छु । शरीर केटाको, व्यवहार केटीको, उनको यस्तो हाउभाउ देखेर परिवार, समाज त छक्क पर्थे नै, अचम्म त के भने उनी आफैं पनि छक्क पर्थिन् । उनलाई लाग्थ्यो, म वास्तवमा को हुँ, किन यस्तो आफूलाई व्यवहार गर्न मन लाग्छ ? यस्ता प्रश्नबारे आफैंभित्रभित्र गुम्सिरहेकी हुन्थिन् । उनी न कसैबाट जवाफ पाउँथिन्, सतैको सहानुभूति । पाउँथिन् त केवल घृणा र अपमान । परिवारमा पनि छोरा मान्छे किन छोरी मान्छे भएर हिँडेको भन्ने जस्ता प्रश्नहरू बारम्बार उनीमाथि प्रहार भइरहन्थे ।

अझै विद्यालयमा भने साथीहरूको अपमान त कति सहनुपर्‍यो, पर्‍यो । उनलाई आफू केटी हुँ भन्ने लाग्थ्यो, कक्षामा केटीको संगत गर्न खोज्थिन् तर सबैले उनलाई केटाकै दर्जामा राखिदिन्थे । केटासँग न उनको भाव मिल्थ्यो, न त कुनै कुरा नै । उनले थुप्रै उपनाम पाउँथिन् । छक्का, हिजडाजस्ता उनका उपनाम थिए । यस्तो व्यवहारले उनलाई विद्यालयमा अपमान महसुस हुने गर्थ्यो । विद्यालयमा सबैभन्दा ठूलो समस्या थियो शौचालयको । विद्यालयमा महिला र पुरुषको शौचालय थियो । उनी महिला शौचालय जान रुचाउँथिन्, तर साथी र गुरुहरूको गिज्याइकै कारण उनी शौचालय प्रयोग गर्न सक्दिनथिन् । यसले गर्दा शौचालयका कारण छिटो घर पुग्ने बाध्यता थियो । उनी त्यो पल सम्झँदै भन्छिन्, 'पुरुष शौचालय प्रयोग गर्न गाह्रो लाग्थ्यो, महिला प्रयोग गर्दा अरूले देख्लान् भन्ने डर थियो, त्यसकारण शौचालयकै लागि भए पनि छिटो घर पुग्ने गर्थे ।' विद्यालयमा धेरै प्रकारका समस्या भोग्नुपरे पनि पढाइलाई भने निरन्तरता दिइरहिन् ।

परिवारको व्यवहार समाजको तिरस्कारलाई प्रतिकार गर्दै उनी अगाडि बढिरहेको थिइन् । परिवारले पहिलो सन्तान गुमाइसकेको थियो । परिवारले उनलाई विवाह गर्न दबाब दिन थाल्यो, त्यो पनि केटीसँग । केटीसँग आफूले कसरी विवाह गर्ने ? उनलाई त्यो व्यवहार असह्य भइरह्यो, सहन सकिनन्, आफ्नो जिन्दगी उनलाई बेकार लाग्न थाल्यो । मृत्युका लागि उनले विष सेवन गरिन् । लामो समय अस्पतालमै बिताइन् । भाग्यवश आफू बाँचेको उनी बताउँछिन् ।

मृत्युको मुखबाट तङ्रिँदै थिइन्, त्यही समय जन्मथलोमा तेस्रोलिङ्गीहरूको संस्था 'ब्ल्यू डाइमन्ड सोसाइटीको शाखा खुल्यो । उनी सोसाइटीसँग आबद्ध भएपछि आफ्नो पहिचान खुलाउने मौका पाइन् । त्यही बेलादेखि नै हो खुलेर उनी केटीको भेषमा हिँड्न थालेको । जब उनी खुल्न थालिन्, आफूलाई सहज महसुस गर्न थालिन् । उनले पहिचान त खुलाइन्, समाजमा भने उनलाई झन् समस्या हुन थाल्यो ।

समाजले हेर्ने नजर झन् पो नराम्रो हुन थाल्यो । आफू खुलेसँगै परिवारले नस्विकार्ने हो कि भन्ने त उनलाई लागेको थियो । तर परिवारमा भने उनलाई समस्या भएन । एक मात्र सन्तान मेघनालाई परिवारले आफ्नो इच्छाअनुसार अघि बढ्न सहमति दियो । यसकारण मेघनालाई परिवारबाट कुनै अवरोध झेल्नु परेन । सोसाइटीमा जागिर खान थालिन् तर विभेद भने कम थिएन ।

मेघनालाई मोडलिङमा सानैदेखि रुचि थियो । यो अवसर जुराइदियो 'मिस पिंक नेपाल'ले । सन् २०१० मा मिस पिंकको उपाधि हासिल गरिन् । उपाधि जितेको खुसी छँदै थियो, उनलाई थप खुसी दिलायो– अन्य युवतीसँग र्‍याम्पमा हिँड्न पाउनुले । भन्छिन्, 'अन्य युवतीहरू र्‍याम्पमा हिँड्न पाउँदा एकदमै खुसी भएकी थिएँ ।' योसँगै उनले मोडलिङको यात्रा सुरु गरिन् । मिस पिंकको प्रतिनिधित्व गर्दै उनले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने मौकासमेत पाइन् । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्दा उनले धेरै कुरा सिक्ने मौका पाइन् ।

आफ्ना कारण परिवारसमेत पीडित भएपछि राम्रो जागिरको सपना बोकेर उनी काठमाडौं आइन् । काठमाडौंमा पनि भेदभाव कम थिएन । कोठा पाउन एकदमै समस्या, बाटोमा हिँड्दा रेस्टुराँ पस्दा मानिसहरूको भेदभाव उस्तै नै । सोचेजस्तो काठमाडौं बसाइ उनको भएन । उनी भन्छिन्, 'सहरमा मानिसहरू बुझेका हुन्छन् भन्ने लाग्या थियो, तर काठमाडौं पनि झापाजस्तै पाएँ ।'

आफूजस्तै साथीहरूको जमघट हुने ठाउँ थियो वसन्तपुरको 'जेसीपेनी रेस्टुराँ' । भूकम्पपछि रेस्टुराँ भत्कियो रेस्टुराँ भत्किएसँगै मेघनाको मन भत्कियो । उनलाई लाग्यो, अब हामी कहाँ भेट गर्ने ? अन्य ठाउँमा त हामीलाई छिर्नसमेत दिँदैनन् । अरूको बाटो हेर्नुभन्दा उनले आफैं रेस्टुराँ खोल्ने र आफूजस्ता व्यक्तिहरूलाई रोजगारी सिर्जना गर्ने सोचाइ बनाइन् । परिवारको सपोर्ट त छँदै थियो ।

सोचअनुसार काम गर्न त्यत्तिकै समस्या भयो । त्यहाँ पनि उनको पहिचानको कुरा भयो । उनलाई देख्नेबित्तिकै ठाउँ दिन कसैले मान्दैनथे, रेस्टुराँका लागि धेरै ठाउँ भौंतारिन् तर पाउन सकिनन् । उनले जुक्ति लगाइन्, अर्को व्यक्तिलाई उभ्याउनु । ठाउँकै लागि उनले पार्टनरसिपमा साथी मछिन्द्र आचार्यलाई लिइन् । मछिन्द्रको साथ पाएपछि उनले वसन्तपुरमा रेस्टुराँ खोलिन्– 'पिंक टिफानी रेस्टुरेन्ट एन्ड बार' ।

बार समलिंगीले सञ्चालन गरेको नेपालकै पहिलो बार बन्न पुग्यो । यो रेस्टुराँ खुलेसँगै समलिंगी महिला-पुरुष, तेस्रो लिंगी तथा अन्य लैंगिक रूपले फरक वर्गका व्यक्तिहरूको जमघट हुन थाल्यो । व्यावसायिक रूपले उनलाई राम्रो हुँदै गयो । उनलाई चाहना बढ्दै गयो, ठमेलमा रेस्टुराँ सञ्चालन गर्ने । दुई वर्ष वसन्तपुरमा सञ्चालन गरेपछि ठमेलको सातघुम्तीमा रेस्टुराँ सञ्चालन गर्न थालिन् । उनले अहिले १० जना समलिंगी व्यक्तिहरूलाई रोजगार प्रदान गरेकी छन् । उनको रेस्टुराँको नामको पनि आफ्नै अर्थ छ । 'गुलाबी रंगले समलिंगी तथा तेस्रोलिंगीहरूलाई संकेत गर्छु ।' यो रेस्टुरेन्टले यही अर्थ बोकेको छ,' उनी सुनाउँछिन् ।

उनी केटीजस्तै बनेर खुलस्त भएर हिँड्न थालिसकेकी थिइन् । शारीरिक बनावट पनि केटीकै बनाउने तयारी गरिन् । केटीको भेषमा उनलाई आफूलाई थप आकर्षित बनाउन स्तन सर्जरी गर्ने रहर जाग्यो । यसको सुविधा आफ्नो देशमा त छैन, कहाँ जाने ? सर्जरीकै लागि उनी बैंकक पुगिन् । उनले २०१४ मा बैंकक पुगेर ४ लाखमा स्तन सर्जरी गरिन् । स्तन सर्जरी गरेपछि आफ्नो पहिचानका लागि थप सहयोग पुगेको उनी बताउँछिन् । उनी भन्छिन्, 'स्तन महिलाहरूको एक पहिचान हो । त्यसकारण पनि मैले स्तन सर्जरी गरेर आफ्नो पहिचान बनाएँ ।' उनलाई थप शारीरिक रूपमा परिवर्तन गर्दै लैजाने इच्छा छ । भन्छिन्, 'भावनामा मात्रै होइन शारीरिक रूपमा पनि आफुलाई परिवर्तन गर्दै लानेछु ।'

मोडलिङ गर्ने उनको रहर भने अझै मरेको छैन । 'व्यावसायिक जीवनले मोडलिङलाई निरन्तरता दिन सकिरहेको छैन,' उनी भन्छिन्, 'मोडलिमै राम्रो गर्ने इच्छा छ ।' समाजले आफूहरूलाई नबुझेको गुनासो गर्दै उनी भन्छिन्, 'अझ त्योभन्दा बढी समाजले दिएको दुःखविरुद्ध संघर्ष गर्नु छ ।'



तस्बिर : नवराज बाग्ले

# सोफीको स्वतन्त्र उडान

‘रामेछापबाट सरेर काठमाडौं आएको उनको परिवारसँग उनी अहिले साथै बस्दिनन् । उनी आफ्नो पार्टनरसँग लिभिङ टुगेदरमा बस्ने गर्छिन् ।’

■ मुकुन्द बोगटी

सामान्य आर्थिक अवस्था भएको परिवारमा कान्छो छोराका रूपमा उनको जन्म भयो । परिवारले कुनै किसिमको अभाव हुन दिएन । सानैदेखि नाच्नमा रुचि देखाउने उनलाई परिवारका सदस्यले नाच्नमै हौस्याइरहे । अझ राम्रो नाचोस् भनेर पैसा दिन्थे । नाच्दा राम्रो देखियोस् भनेर दिदीको घाँगर लगाउँथिन् । आमाका केही साथी अभिनय क्षेत्रमा भएका कारण उनलाई नाच्नका लागि विभिन्न अफर गर्थे, राम्रो नाचेर पाएको पैसाले उनी गुडिया किन्थिन् र चकलेट खान्थिन् ।

घरको कान्छो सन्तान भएका कारण सोफी आमाको प्यारी नै थिइन् । आमालाई काममा सघाउने बानीले उनलाई घरका सबैले माया गर्थे, पुलपुल्याउँथे । स्कुलमा पनि नाचगानमा राम्रै नाम कमाइन् । सानोमा नाचेको देखेर रमाउनेहरूले उनको उमेर र कक्षा बढ्दै गएपछि आएको परिवर्तन देखेनन् अनि गिज्याउन थाले । उनी केटा नै थिए तर साथीहरू ‘ओई केटी’ भनेर बोलाउँथे ।

एक दिन त स्कुलका सरहरूले नै उनलाई बोलाएर भने, ‘तिमी के छक्काको जस्तो गरेर हिँडेको ?’ यो नयाँ शब्द के होला भनेर जिज्ञासा उनलाई हुँदै थियो । पछि त घरकाले र छिमेकले पनि भने, ‘के हिजडाजस्तो भएको ?’ स्कुल तह पूरा गर्दा-नगर्दै उनले आफूलाई भनिएका शब्दहरूको अर्थ थाहा पाइन्- म त खासमा तेस्रोलिंगी रहेछु ।

सोफीलाई लाग्छ, यो समाज निकै ढोंगी छ । ‘स्कुल पढ्ने बेलामा म आमालाई घरको सबै काम सघाउँथें । छरछिमेक मलाई आमालाई कस्तो माया गर्ने छोरा भन्थे, मलाई पनि घरको काम गर्दा आनन्द आउँथ्यो’, उनी सम्झन्छिन्, ‘छिमेकी आन्टीहरू यसले हुनेवाली श्रीमतीलाई निकै सुख दिन्छ भन्थे । मेरो कामको प्रशंसा गर्ने तिनीहरूले नै पछि मलाई ‘छक्का र हिजडा’ भन्दै अपहेलित गर्न थाले ।’

एसएलसी दिएपछि तेस्रोलिंगीको समाजमा प्रवेश गरेकी सोफी एक घटना सम्झन्छिन् । उनका स्कुले साथीका बुबा, जो उनलाई ‘छक्का’ भन्दै छेडखानी गरिरहन्थे, सोफी तेस्रोलिंगी समाजमा प्रवेश गरेपछि थाहा पाइन्- उनी पनि तेस्रोलिंगी रहेछन् । ‘स्कुलमा अंग्रेजी पढाउने सर पनि सधैं मलाई होच्याउथें,’ सोफी भन्छिन्, ‘एक दिन पढेर आइज, भोलि सोध्छु भने । सरले भोलि बेइज्जत नगरोस् भनेर सबै कण्ठ पारेर गएँ । मैले पढेर गएको सबै मज्जाले भनिदिएँ । त्यसपछि पनि उनले मलाई अपमानित गर्दै भने- के नखरा पार्दै भनेको ? तेरो यो नखरा ठीक लागेन, केटाजस्तो बन् ।’

यस्ता घोचपेचको सिकार त जतिखेर पनि हुन्थिन् सोफी । स्कुलको एसेम्ब्लीबाट क्लासमा जाँदा उनको हिँडाइलाई लिएर जिस्क्याउनेदेखि ट्वाइलेट जाँदासम्म जिस्क्याउँथे । ‘कतिपय साथी ‘यसको छैन कि क्या हो हेरौं-हेरौं’ समेत भन्थे’, उनी हिजोका घटना सम्झँदै भन्छिन्, ‘जसको कारण म कोही नभएको मौका छोपेर ट्वाइलेट जाने गर्थें । हाफटाइममा स्कुलको ट्वाइलेटमा धेरै साथी भएका बेला घर गएरै शौचालय गरेर फर्कन्थें ।’ दिनहुँको घोचपेचले उनलाई बाँच्न मन नलाग्ने बनाएको थियो । ‘एक दिन त आत्महत्या गर्ने निर्णयमा पुगें,’ सोफी भन्छिन्- ‘घरमा कोही थिएन । दिदीको सल बाँधेर झुन्डिने प्रयास पनि गरें । तर के भएर हो, सल नै अड्किएन र मर्नै सकिनँ ।’

एसएलसी दिएपछि सोफीको रत्नपार्कतर्फ आउजाउ बढ्न थाल्यो । त्यहाँ उनले आफूजस्तै मानिसहरू भेट्न थालिन् । पछि थाहा पाइन्- तेस्रोलिंगीहरूका लागि नीलहीरा समाज भन्ने संस्था रहेछ । समाजले यौन तथा लैंगिक अल्पसंख्यकहरूलाई समाजमा ‘कसरी आत्मनिर्भर हुने’ किसिमका व्यावहारिक तालिम दिन्थ्यो । यो तालिममा उनको रुचि मेकअप आर्टिस्टतर्फ झुक्यो । मेकअपको प्रारम्भिक तालिम गर्ने क्रममा एसिया-प्रशान्त क्षेत्रका यौनिक तथा लैंगिक अल्पसंख्यकको बैंककमा भेला हुने भयो । त्यसमा सोफी नेपालका तर्फबाट छनोट भइन् । २२-२३ वर्षकी लजालु केटा पहिलो पटक विमान चढेर विदेश जाँदै थिइन् । सधैं सार्वजनिक बसको यात्रामा निस्कने सोफीलाई विमानबाट यात्रा कसरी गर्ने भन्ने विषयमा केही जानकारी थिएन, उनले केही विमान चढेकासँग परामर्श गरिन् । बैंकक गएर कहाँ ड्रेस चेन्ज गर्ने भनेर नेपालबाटै महिलाको पोसाक लगाएर एयरपोर्ट गइन् । विमानस्थलका कर्मचारीले उनको पासपोर्ट हेरे । केटाको नाम देखे, रुपरंग र हाउभाउ केटीको पाए । अनि सोधखोज गरे । केही नलागेपछि सोफीले भनिन्– ‘म तेस्रोलिंगी हुँ ।’ अनि बल्ल जान दिए ।

त्यो भेलामा विदेशका तेस्रोलिंगीहरूले आफैंले काम गरेका उदाहरणसहित उनीहरूले एक्लै काम गर्ने तौरतरिका सिकाए । त्यो ज्ञानले उनलाई नेपालमा आएर काम गर्न हौसला मिल्यो । घरबाट आर्थिक सहयोग नमिल्ने देखेपछि सोफीले जिरो लेभलबाट मेकअप आर्टिस्टको काम थालिन् । आफ्नै साथीहरूको मेकअप गर्नेदेखि अरूको सहयोगी बनेर काम गरिन् । यसै क्रममा एक चिनारुले उनलाई मिस नेपालका सहभागीको मेकअप गर्ने मौका दिलाए, जसका कारण उनले सन् २०१५ देखि ०१७ सम्म काम पाइन् । उनको सीपको दायरा फराकिलो हुँदै गयो । एक सौन्दर्य प्रतियोगितामा ग्ल्यामर फोटोग्राफर राजीव श्रेष्ठलाई भेटेपछि उनले केही म्यागजिनको कभर फोटोसुट गर्ने क्रममा सोफीलाई मेकअप आर्टिस्टका रूपमा लिए । यो कामले सोफीलाई नेपालका सेलिब्रेटीहरूमा पनि परिचित बनायो । अनि उनले केही साथीहरूको साथ लिएर खेलिन् मेकअप स्टुडियो ।

आफ्नो लैंगिक पहिचान खुलाएर नेपालमा पहिलो पटक मेकअप आर्टिस्टका रूपमा काम गर्ने श्रेय पाएकी सोफीलाई अझै पनि मानिसहरूले फरक व्यवहार गर्ने गर्छन् । उनी ग्राहकको प्रसंग सुनाउँदै भन्छिन्- ‘फोन गर्छन्, सोफीलाई पाऊँ न भन्छन् । हाम्रो स्वर त केटीको जस्तो हुँदैन । अनि उनीहरू पत्याउदैनन् । केटीको स्वर बनाएर बोलेपछि बल्ल कामको कुरा हुन्छ । अनि मेकअप गर्न गयो, फरक चालढाल देखेर पहिला हच्किन्छन् । त्यसपछि काम हेर्नुस्, राम्रो लागेमा मेरो कामअनुसारको पैसा दिनुस् भनेर काम गर्नुपर्छ । समाजको सोचाइ हामीप्रति अझै परिवर्तन भएको छैन ।’

बाबुआमाले राखेको नामसँग उनको कुनै लगाव छैन । बेलाबेलामा त्यो नामले बोलाउँछन् तर उनलाई अरूलाई नै बोलाएको जस्तो लाग्छ । त्यो नाम उनको नागरिकता र पासपोर्टमा मात्र छ । ‘मैले आफ्नो पहिचान आफैंले बनाएको भएर मेरो नाम सोफी नै हो र यसै नामले मलाई चिनोस् जस्तो लाग्छ,’ सोफी भन्छिन्, ‘हामी तेस्रोलिंगीहरू पहिलाको नामले भन्दा आफैंले न्वारन गरेर राखेको नामले चिनिऔं भन्ने सोच्छौं । मलाई पनि साथीहरूले कुनै अभिनेत्रीको नामसँग मेल खाने नाम राख न भन्थे । तर, मैले ब्ल्यू डाइमन्ड सोसाइटीको लाइब्रेरीमा रहेको एक उपन्यास पढ्दा परीका रूपमा चित्रण गरिएकी पात्र सोफीलाई रोजे, जो आफैं स्वतन्त्र भएर उड्न चाहन्थिन् ।’

समाजकै कुरा गर्दा सोफीलाई बाल्यकाल बिताएको महाबौद्ध क्षेत्र खासै मन पर्दैन । रामेछापबाट सरेर काठमाडौं आएको उनको परिवारसँग उनी अहिले साथै बस्दिनन् । उनी आफ्नो पार्टनरसँग लिभिङ टुगेदरमा बस्ने गर्छिन् । तेस्रोलिंगीहरूको विवाहले कानुनी मान्यता नपाउने भएकै कारण आफूहरूले विवाह गर्न नसकेको सोफीको दुखेसो पनि छ ।

आवरण



तस्बिर : नवराज बाग्ले

# पौरखी परलिङ्गी

■ महेश तिमल्सिना

नजिकका साथीहरूले शान भनेर चिन्छन्, उनको वास्तविक नाम भने शान्ता राई हो । उनी स्वयं आफूलाई न केटी भनेर चिनाउँछिन्, न त केटा । उनको आफ्नो अलग्गै परिचय छ, परलिङ्गी पुरुष (ट्रान्सम्यान) । आहाले, धनकुटाका शानलाई आफू परलिङ्गी पुरुष भएको खुलाउन कुनै हिचकिचावट छैन । बाबुआमाको चारवटी छोरीपछि पाँचौं छोरीका रूपमा जन्मिएका हुन्– शान ।

जसरी उनी अलग भएर जन्मिए, त्यस्तै उनको जीवन संघर्षको यात्रा पनि फरक धारमा अगाडि बढ्यो । परलिङ्गी पुरुष भएकै कारण उनले अनेकौं हन्डर खेपेका छन् । समाजमा लैङ्गिक अल्पसंख्यक हेर्ने नजर बदलिएको छैन । लैङ्गिक अल्पसंख्यक हुन् भन्ने बुझेपछि अझै पनि कतिपय मानिस पेसेवर यौनकर्मी ठान्छन् । 'सबै कुरा यौनसम्बन्धमै निर्भर छैन,' शान खुल्छन्, 'यौनसम्बन्ध नै ठूलो कुरा होइन, सबैभन्दा ठूलो कुरा त माया हो ।' मानिसहरूको यस्तै धारणा हटाउन शान आफूलाई एउटा सफल व्यवसायी बनाउन मेहनत गरिरहेका छन् ।

काठमाडौं सुन्दरीजलमा जग्गा भाडामा लिएर उनले पशुपालन गरिरहेका छन् । उनको फार्ममा कुखुरा, टर्की र बाखा छन् । यही फार्मबाट उनी मासिक ५० हजार आम्दानी गर्छन् । मासिक ५० हजार आम्दानी गर्ने व्यवसायसम्म आउनलाई पनि उनले कम्ता संघर्ष गर्नुपरेन । जन्मेको दुई वर्षमै बाबु बिते, लगत्तै आमाको मानसिक सन्तुलन बिग्रियो । उनका दिदीहरू पनि विवाह गरेर गएपछि आमा पाल्ने अभिभारा उनकै काँधमा आयो । सानै उमेरमा घरव्यवहार आइपरेपछि उनले ज्याला-मजदुरी गरेर बाल्यकाल बिताए ।

ज्याला-मजदुरीले घर चलाउन गाह्रो हुँदै गएपछि विदेश जाने सोच बनाए । १४ वर्षकै उमेरमा उनले त्यसैका लागि भनेर उमेर बढाएर नागरिकता बनाउन धनकुटा गए । त्यतिबेलासम्म उनको जन्मदर्तासमेत पनि रहेनछ । 'बुवाको नागरिकता थियो, तर पानीले भिजेर केही पनि बुझिँदैनथ्यो,' उनी भन्छन्, 'आमाको नागरिकता नै थिएन ।' यही कारणले उनलाई नागरिकता बनाउन निकै कठिन भयो ।

जिल्ला प्रशासन कार्यालय, धनकुटाले प्रमाण नपुगेकाले नागरिकता दिन मानेन । नेपाली भएर नेपालीले नै नागरिकता नपाउने भनेर उनी रिसाए । जिल्ला प्रशासन कार्यालयले नजिकको प्रहरी चौकीमा सात जनाको सर्जमिन गरी मुचुल्का उठाएर ल्याउनु भनेर पठाइदियो । उनी भेडेटार प्रहरी चौकीमा गएर हार गुहार गरेर ७ जनामान्छे जम्मा पारी मुचुल्का उठाएर जिल्ला प्रशासन कार्यालयमा गए । त्यसपछि मात्र उनले ६ वर्ष उमेर बढाएर नागरिकता लिए । नागरिकता बनाइसकेपछि उनले विदेश जानका लागि पासपोर्ट बनाए ।

विदेश जाने भनेर उनी आमासहित मोरङ झरे, जहाँ उनी दिदीको घरमा



बस्न थाले । मोरङको दिदीको घरमा रहँदा एक जनासँग उनको भेट भयो । कुराकानी हुन थाल्यो । बाक्लिँदो कुराकानीले उनीहरू एकअर्कासँग प्रभावित भए । त्यही प्रभाव प्रेममा बदलियो । बिस्तारै उनीहरूसँगै बस्न थालिसकेका थिए । सँगै बस्न थालेपछि घरपरिवारबाट नबस्न दबाब बढ्यो । दुवैले विदेश गएर केही गरौं भन्ने सल्लाह गरे । यही क्रममा उनको प्रेमी साउदी गए । केही समयमै शान पनि भिसालगायतका प्रक्रिया पूरा गरेपछि साउदी हानिए । 'पाँच महिनापछि म पनि साउदी गएँ, साउदी गएको एक वर्षमै हाम्रो सम्बन्ध टुट्यो,' उनी भन्छन्, 'डेढ वर्ष लामो प्रेमसम्बन्ध टुट्दा कसलाई पो दुःख लाग्दैन, हाम्रो सम्बन्ध छुट्दा उल्कै दुःखी भएँ ।' दुःखमै रहेर मात्र कुनै उपाय थिएन, आमाको मुहार उज्यालो राख्ने जिम्मेवारी उनकै काँधमा थियो । साथै आफूमाथि समाजले हेर्ने गलत नजरबाट पनि उम्कनु थियो । उनको शारीरिक बनावट र व्यवहारलाई देखेर कतिपय मानिस गिज्याउँथे, हेप्थे । तर, उनले त्यस्ता मानिसहरूलाई कहिल्यै प्रतिवाद गरेनन्, सहेरै बसे । यिनीहरूका अघि केही गरेर देखाउनुपर्छ भनेर आत्मबल बलियो बनाए । 'परलिङ्गी पुरुष रहरले हुने होइन आफ्नो बाध्यता हुन्छ,' उनी भन्छन्, 'बाध्यतालाई नबुझ्ने मान्छेले नराम्रो भने भनेर मन दुखाउनुभन्दा तिनीहरूका अघि केही गरेर देखाउनुपर्छ भन्ने लाग्छ ।'

साउदीमा घरायसी कामका लागि भनेर गएकी थिइन्, यद्यपि उनले त्यहाँ भनेजस्तो काम पाएनन् । भेडाबाखा गोठालो लाग्ने काममा लगाइयो । अफिसमा गुनासो गरे, 'म यस्तो काम गर्न आएको होइन ।' उनको कुरा सुनुवाइ गरिदिने कोही भएनन् । त्यहाँ रहेका नेपालीले समेत उनलाई राम्रो व्यवहार गरेनन् । तीन महिना भेडाबाखा चराइसकेपछि उनले नेपालमा दिदीलाई सम्पर्क गरे । दिदीले उनलाई पठाउने एजेन्टलाई थर्काएपछि घरमा काम लगाइदिएको शान बताउँछन् । घरको काम गर्न थालेपछि उनले मासिक ८ हजार पारिश्रमिक पाउन थाले । त्योमध्ये केही आमालाई पठाउँथे, केही आफैँसँग राख्थे । यसरी अढाई वर्ष साउदी बसाइपश्चात् उनी नेपाल आए । नेपाल फर्कँदा उनले १ लाख ५० हजार रुपैयाँ बोकेर आएका थिए । त्यही पैसाले मोरङमा जग्गा किने ।

साउदीबाट फर्केपछि उनी २०६७ सालमा काठमाडौं आए । काठमाडौंमा बाँच्न झनै ठूलो संघर्ष गर्नुपर्‍यो । 'मेरो गेटअपले गर्दा मलाई काठमाडौंमा टिक्न निकै गाह्रो पर्‍यो,' उनी भन्छन्, 'बाँच्नका लागि भारी बोक्ने, ज्यामी काम गर्न थालें ।' यहीबीचमा उनले एक जना महिला जीवनसाथी फेला पारिसकेका थिए । जीवनसाथीकी दुई छोरी पनि थिए । पाँच वर्ष काठमाडौंमा गुजारेपछि उनी २०७० मा मलेसिया पलायन भए । मलेसियामा पनि उनले भनेजस्तो सुविधा पाएनन् । बिरामी परेपछि अढाई वर्षमै नेपाल फर्किए । 'विदेशमा रात, बिहान भन्न नपाइने, बिरामी छु भन्दा पनि १८ घन्टा काम गर्नुपर्ने बाध्यता थियो,' शान भन्छन्, 'त्योभन्दा त नेपालमै ८ घन्टा खटेर आरामको जीवन बाँच्छु भनेर नेपाल आउने निर्णय गरें ।' नेपाल आउनका लागि उनीसँग पैसा थिएन । जीवनसाथीसँग आफू नेपाल आउन लागेको जानकारी गराए । लाइफ पार्टनरले ६० हजार रुपैयाँ नेपालबाट पठाएपछि उनी नेपाल फर्किए ।

मलेसिया र साउदीको वैदेशिक रोजगारीका स्वाद लिएर काठमाडौं फर्केपछि उनलाई नेपालमै केही गर्नुपर्छ भन्ने लाग्न थाल्यो । त्यसका लागि केही पैसा चाहिन्थ्यो । उनले आफ्नी जीवनसाथीलाई कुवेत पठाए । आफूले काठमाडौंमा ज्याला मजदुरी गर्दै दुई छोरीको पालनपोषण र अध्ययनलाई अघि बढाए । जीवनसाथी दुई वर्षपछि नेपाल फर्किइन् । त्यसपछि उनीहरूले सुन्दरीजलमा कुखुरापालन सुरु गरे । डेढ वर्षअघि ६ लाख लगानीमा टहरा निर्माण गरेर १ हजार कुखुरा हालेर व्यवसाय सुरु गरेको शान बताउँछन् । पहिलो लटबाटै उनले १ लाख २२ हजार रुपैयाँ नाफा कमाए ।

त्यसयता उनी यही व्यवसायमा रमाइरहेका छन् । व्यवसायमा कहिले अप त कहिले डाउन भइरहन्छ । पछिल्लो लट भने निकै घाटा बेहोर्नुपर्‍यो । १ हजार कुखुरा हालेकोमा १ सय २५ वटा कुखुरा मात्र बाँचे । त्यो पनि २ सय केजी मात्रै भयो । 'यसबाट निकै घाटा भयो,' उनी सुनाउँछन् । अहिले उनको फार्ममा कुखुरामात्र होइन, टर्की, खसी बाखा छन् । तरकारी खेती पनि थपिएको छ । सबैतिरबाट औसत मासिक ५० हजार रुपैयाँ आम्दानी हुन्छ, जसले उनलाई परिवारको जीविकोपार्जन गर्न पुग्छ । आफ्नै बाहुबलमा सामाजिक हेपाइ खप्दै उनी व्यावसायिक कर्ममा रमाइरहेका छन् ।

फेसन

# सदावहार जिन्स



महेश तिमल्सिना

नेपाली बजारमा समयअनुसार फरक-फरक फेसन क्रेज देखा परिरहन्छ । कुनै फेसनले क्षणिक समय बजार पिट्छ भने केहीले सदावहार रूपमा बजारमा आफ्नो आधिपत्य स्थापित गरिरहेका हुन्छन् । नेपाली पहिरन पारखीहरूका लागि कहिल्यै पुरानो नहुने त्यस्तै फेसनमध्ये एक हो– जिन्स । जिन्सका कपडाबाट बनेका पहिरन नेपालीहरूमाझ सदावहार फेसनका रूपमा स्थापित छन् । जिन्सका पहिरन बालकदेखि वृद्धसम्म सबैको रोजाइमा पर्छन् । नेपालमा अहिले विभिन्न ब्रान्डका जिन्सका पहिरन उपलब्ध छन् । आयातित जिन्सको रेडिमेड पहिरनको बजार एकातिर छ भने अर्कातिर विदेशबाट जिन्सको कपडा मगाएर आफ्नै फ्याक्ट्रीमा पहिरन निर्माण गर्नेहरू पनि उत्तिकै सक्रिय छन् ।

त्यस्तैमध्ये पर्छिन्- फेसन डिजाइनर मुना थापा । थापाले विगत २० वर्षदेखि जिन्सका पहिरनको फ्याक्ट्री सञ्चालन गर्दै आएकी छिन् । स्वयम्भूस्थित उनको फ्याक्ट्रीमा बजारको मागअनुसार जिन्सका पहिरन उत्पादन हुन्छन् । उनको फ्याक्ट्रीमा जिन्सका पाइन्ट, सर्ट, कुर्ती, टिसर्ट, ज्याकेट आदि उत्पादन गरिन्छ । ती पहिरनको डिजाइन थापा स्वयंले गर्दै आएकी छिन् । उक्त फ्याक्ट्रीमा ७७ वटै जिल्लाका पहिरन व्यवसायी आउँछन् र उनीहरूले बजारको माग र आवश्यकताअनुसार पहिरन अर्डर गर्छन् । 'हामीले उत्पादन गरेका जिन्सका पहिरन नेपालका ७७ वटै जिल्लामा जान्छन् भने काठमाडौंमा होलसेलमार्फत बिक्री गर्छौं,' थापा भन्छिन् । उनको फ्याक्ट्रीमा उत्पादन भएका जिन्स पाइन्टको होलसेल मूल्य १ हजारदेखि ३ हजार रुपैयाँसम्म पर्छ, जसलाई खुद्रा व्यापारीले १ हजार ५ सयदेखि ४ हजारसम्ममा बिक्री गर्छन् । यस्तै सर्ट १ हजारदेखि १ हजार ५ सय रुपैयाँसम्ममा बिक्री हुन्छन् । ज्याकेट १ हजार ५ सयदेखि ३ हजार रुपैयाँसम्म, जिन्सका ट्राउजर १ हजारदेखि १ हजार ५ सय रुपैयाँसम्म, जिन्स कोट १ हजार ५ सयदेखि ३ हजार रुपैयाँसम्म, जिन्स कुर्ती १ हजारदेखि १ हजार ५ सय रुपैयाँसम्ममा बिक्री हुन्छन् ।

२० वर्षअघि दुई जना कालिगढबाट सुरु गरेको उनको फ्याक्ट्रीमा हाल २



सयभन्दा बढी कालिगढ छन्। तिनै कालिगढले बजारको मागअनुसार दैनिक ४ सयभन्दा बढी पहिरन निर्माण गर्छन्। कुनै पनि फेसन डिजाइनिङका लागि फेब्रिकको ठूलो भूमिका हुने थापा बताउँछिन्। उनको फ्याक्ट्रीमा चीन, भारत, बंगलादेश आदिबाट जिन्सका कपडा आयात हुन्छ।

अहिले बालबालिका, युवायुवती एवं अधबैंसेहरूमा रेडिमेड जिन्सप्रतिको क्रेज बढ्दै गएको थापाको अनुभव छ। रेडिमेड पहिरन सस्तो अनि सहजै उपलब्ध हुने भएकाले पनि धेरैजसो मानिसले जिन्सका रेडिमेड पहिरन रुचाएको पाइन्छ। यद्यपि जिन्सका पहिरन लगाउने नै हो भने आफूलाई मन पर्ने डिजाइन लगाउनु उपयुक्त हुने थापाको सुझाव छ। जिन्स डिजाइनिङ गरेर लगाउँदा रेडिमेडको तुलनामा थोरै मात्र महँगो पर्छ। थापाका अनुसार अरू पहिरनमा चिनियाँ उत्पादन हावी भएजस्तै जिन्सका पहिरनमा पनि चिनियाँ उत्पादन हावी छन्। नेपालीहरू ब्रान्डका सौखिन पनि त्यत्तिकै छन्, नेपालमा सबै ब्रान्डका जिन्सका पहिरन उपलब्ध हुन्छन्, यद्यपि त्यसको कपी हुन्छ भन्ने कुरा धेरैले बुझ्दैनन्।'

फेसनमा देखिने परिवर्तनसँगै जिन्सको डिजाइनिङमा पनि परिवर्तन आइरहन्छ। अहिलेका जिन्स बजारमा युवायुवतीहरूमा स्किनी फेसन चलिरहेको छ। यतिबेला केटाकेटी दुवैका लागि जिन्सका पहिरनमा जगर्स ट्राउजर, स्किनी पाइन्ट, भुवावाला ज्याकेट ट्रेन्डमा छ। यसअन्तर्गत भुवा भएको जिन्सको ज्याकेट पुरानो फेसन हो तर अहिले यो एकपटक फेरि फर्किएको व्यवसायीहरू बताउँछन्।

जिन्सका कपडा पनि धेरै किसिमका हुन्छन्। जस्तै स्ट्रेच, ननस्ट्रेच, पातलो, बाक्लो आदि। जिन्सका पहिरन जाडो वा गर्मी, दुवै मौसमका लागि उपयुक्त हुने जिन्स फेसन डिजाइनर सुनिल महर्जन बताउँछन्। महर्जन पनि लामो समययता जिन्सकै डिजाइनिङमा संलग्न छन्। उनको पनि आफ्नै फ्याक्ट्री छ। महर्जनले विगत १० वर्षयता पाटनमा जिन्सको फ्याक्ट्री सञ्चालन गर्दै आएका छन्। त्यतिबेला जिन्स डिजाइन गर्ने डिजाइनर नेपालमा धेरै नभएकाले जिन्सको डिजाइन अरू डिजाइनभन्दा सजिलो र बजारको माग पनि धेरै हुने भएकाले आफूले जिन्सका पहिरनको फ्याक्ट्री सञ्चालनमा ल्याएको महर्जन बताउँछन्। हाल उनको फ्याक्ट्रीमा करिब १२ जना कालिगढ कार्यरत छन्। महर्जनले चीन, भारत, जापान, इन्डोनेसिया, पाकिस्तान आदि देशबाट फेब्रिक ल्याएर जिन्सका पहिरन तयार गर्छन्। उनको फ्याक्ट्रीबाट महिला-पुरुष दुवैका लागि पहिरन उत्पादन हुन्छन्, जसमध्ये पाइन्ट, ज्याकेट, वन पिस आदिको माग बढी रहेको महर्जन बताउँछन्। शंखमूल, मंगलबजार, लगनखेल आदि स्थानका आउटलेटबाट महर्जनले उत्पादन गरेका जिन्सका पहिरन बिक्री भइरहेका छन्। जिन्सको पहिरन सदाबहार पहिरनका रूपमा स्थापित भइसकेको छ। लगाउन सजिलो, राम्रो अनि सस्तो भएकाले यो सबै उमेर समूहका मानिसले रुचाउने महर्जन बताउँछन्। महर्जनको फ्याक्ट्रीबाट दैनिक ओच ब्रान्डका १ सय ५० भन्दा बढी पहिरन उत्पादन हुन्छन्। ओच नेपाली ब्रान्ड हो। उनको फ्याक्ट्रीबाट उत्पादन भएका पहिरन धेरैजसो काठमाडौं उपत्यकाभित्र खपत हुने महर्जन बताउँछन्। महर्जनको फ्याक्ट्रीबाट उत्पादन भएका पहिरनको होलसेल मूल्य पाइन्टको ८ सयदेखि १ हजार ५ सय रुपैयाँसम्म, ज्याकेटको १ हजार १ सयदेखि २ हजार रुपैयाँसम्म तथा वनपिसको १ हजार ५ सयदेखि ४ हजार रुपैयाँसम्म पर्छ।

## बजारमा उपलब्ध ब्रान्ड

नेपाली जिन्स बजारमा धेरैजसो विदेशी ब्रान्ड उपलब्ध छ, जसअन्तर्गत लिभाइज, ग्याब, बर्बरी आदि ब्रान्ड चल्तीमा छन्। अधिकांशले नेपालमै निर्माण भएका जिन्सका पहिरन लगाउँछन्, तर त्यसैलाई नेपाली ब्रान्ड हो भने ग्राहकले नरुचाउने फेसन डिजाइनरहरू बताउँछन्।

## जिन्स धुँदा ध्यान दिनुपर्ने कुरा

जिन्स यस्तो कपडा हो जसलाई धुने तरिका जानिएन भने छिट्टै रङ खुइलिएर नराम्रो देखिन्छ लामो समयसम्म टिकाउ पनि हुँदैन। त्यसैले जिन्सका पहिरन धुँदा निम्न कुरामा ध्यान दिनुपर्छ :

- जिन्स आफैंमा बलियो कपडा हो, यसलाई कम धुने र धुनै परे पानीमा धेरै समय भिजाउनु हुँदैन।
- जिन्सको कपडा सुकाउँदा उल्टो पारेर छायाँमा सुकाउनुपर्छ।
- पहिलो पटक धुँदा पानीमा एक चम्चा नुन हालेर धोयो भने रङ लामो समयसम्म बस्छ।
- जिन्स कहिल्यै तातोपानीले धुनु हुँदैन
- सकेसम्म ड्राइ वास गनुपर्छ।
- स्ट्रेचेबल जिन्सलाई घाममा धेरै सुकाउने तथा आइरन गर्ने काम गर्नु हुँदैन।

## जिन्सको बटन तथा जिपर कसरी जोगाउने ?

धेरै टाइट जिन्स लगाइयो भने बटन खुस्किन सक्छ। त्यसैले आफ्नो शरीरमा फिट हुने गरी लगाउँदा जिन्सको बटन लामो समयसम्म टिकाउ हुन्छ। यस्तै जिपर पनि सानै गल्तीले बिग्रन सक्छ। राम्रोसँग नसुकाई पट्याएर राख्दा जिपरमा खिया लाग्छ। त्यसपछि जिपर चाँडै बिग्रन्छ। त्यसैले जिन्सका पहिरन राम्रोसँग सुकाउनुपर्छ।

## फेरि रंगाउन सकिन्छ

जिन्स त्यस्तो कपडा हो जसलाई हामीले लामो समयसम्म लगाउन सक्छौं, तर मानिसहरू जिन्सको कपडा अलिकति रङ खुइलिएपछि फ्याँक्छन्, तर त्यसलाई फेरि रङ भरेर लगाउन सकिन्छ। ड्राइ क्लिनर्समा आफूले चाहेको रङ भरेर जिन्सका पहिरनलाई पुनः प्रयोगमा ल्याउन सकिन्छ।

## जिन्सको पुनः प्रयोग

जिन्स आफैंमा बलियो कपडा हो। यो च्यातियो अथवा फाट्यो भनेर चिन्ता लिनु नपर्ने फेसन डिजाइनरहरू बताउँछन्। यदि जिन्सको पाइन्ट च्यातियो भने पनि त्यसको बिच भागको सिलाई उधारेर झोला बनाउन सकिने डिजाइनरहरू बताउँछन्। उक्त झोला निकै बलियो हुने भएकाले बजारबाट सामान ल्याउन प्रयोग गर्न सकिन्छ। यस्तै जिन्सको पाइन्ट घुँडामा च्यातियो भने त्यसलाई घुँडाभन्दा तलको भाग फालेर हाफ पाइन्ट बनाएर पनि लगाउन सकिन्छ।

## बजारमा उपलब्ध जिन्सका प्रकार

**जगर्स** : जगर्स पाइन्ट अहिले एकदमै ट्रेन्डमा छ। यसको बटनमा इलास्टिक हुन्छ, अनि माथिबाट अलि खुकुलो हुँदै गएर तलचाहिँ कसिलो हुन्छ।

**बेलीबटन** : घुँडाबाट तल ठूलो हुँदै गएको पाइन्ट बेलीबटन पाइन्ट हो।

**चुज** : घुँडाबाट तल सानो हुँदै गएको पाइन्ट चुज पाइन्ट हो।

**हाइ वेस्ट** : हाइवेस्ट पाइन्ट धेरैजसो महिलाले लगाउँछन्, जुन कम्मरभन्दा माथि पेटको आधा भाग छोपिने गरी लगाइन्छ।

**ममी जिन्स** : योचाहिँ महिलाका लागि स्पेसल जिन्स हो। यो विशेष गरी विवाहिता तथा सन्तान भइसकेकाहरूले लगाउने भएकाले हाई वेस्ट र लुज फिटिङ खालको हुन्छ।

**ब्वाइफ्रेन्ड जिन्स** : यो टिनएजरले लगाउने पाइन्ट हो। यसमा ग्रन्ध हुन्छ। यो केही लुज पनि हुन्छ। ब्वाइफ्रेन्ड जिन्स पाइन्टचाहिँ आफ्नो साइजभन्दा अलि ठूलो साइजको लगाइन्छ।

**रेगुलर जिन्स** : यो चाहिँ थाइदेखि तलसम्म बराबर हुन्छ, त्यसैले यसलाई रेगुलर पाइन्ट भनिन्छ।



## जिन्सका पहिरन किन्दा ध्यान दिनुपर्ने कुरा :

- सस्तो र कमजोर जिन्सका पहिरन भरसक नकिनौं।
- अहिले स्ट्रेचेबल जिन्स ट्रेन्डमा छ। यस्तो जिन्स खरिद गर्दा पातलो फ्रेब्रिक छनोट गर्नु हुँदैन।
- आफूलाई असहज हुने गरी कडा कपडा प्रयोग गरिएको जिन्स किन्नु हुँदैन।
- जिन्सको वास्तविक रंग भनेकै इन्डिगो हो, त्यसैले इन्डिगो रंगको जिन्स खरिद गर्नु उपयुक्त मानिन्छ।
- जिन्स जति हल्का रंगको हुन्छ त्यति नै कमसल हुन्छ, त्यसैले हल्का रंगको जिन्सका पहिरन खरिद नगर्नु नै बेस हुन्छ।
- जिन्सका पहिरन खरिद गर्दा वासमा पनि ध्यान दिनुपर्छ। आफूले किन्न लागेको जिन्स केमिकल वा स्टोन वास के गरिएको छ थाहा पाउनुपर्छ। केमिकल वास गरिएको जिन्स धुँदा रंग जान्छ। त्यसैले स्टोन वास भएको जिन्स गरिद गर्नुपर्छ।

## सामाजिक सञ्जाल





**@NirmalPrasai5**
गृह मन्त्रालय भन्छ-१३ सय छाउगोठ भत्काइयो । अत्यन्त सकारात्मक समाचार, निरन्तरता पाओस् । अब मनको छाउगोठ पनि भत्काउनुपर्छ । भ्रमको छाउगोठ पनि भत्काउनुपर्छ । सतीप्रथा मुक्त गरेको यही समाजले कुरूप विकृतिका रूपमा रहेको छाउपडी प्रथा पनि अवश्य मुक्त गर्छ । मानसिकता परिवर्तन हुन्छ ।

**@umesh1chand**
छाउपडी प्रथा कहाँ छैन । म ताप्लेजुङ पुगेँ वा झापा पुगेँ । अहिले काठमाडौंमा छु । छुई कतै बाहिरिने अनेक नाममा छाउपडी देखेको छु । काठमाडौंमा समेत अनेक देखियो । दैलेखमा मात्र होइन, छाउपडी नेपालबाटै हटाउनुपर्छ ।

**@CVa1JQsQ5garIAK**
नेपाल सरकारलाई एउटा प्रश्न छ- छाउपडी गोठमा हुन्छ कि चेतनामा ? गोठमात्रै भत्काउने कि अझै महिला शिक्षा साथै जनचेतनामूलक कार्यक्रम ल्याउने । बरु यसो गरौं न, हामी सुदूरपश्चिमाञ्चलको पाठ्यक्रममा नै छाउपडी कुप्रथाको बारेमा लेखौं, अनिवार्य स्कुलमा पठन-पाठन सुरु गरौं ।

**@BidhyaWrites**
संसदीय समितिको निर्देशन : छाउपडी हटाउन निर्मम बन्नु ।

**@thevoiceofvoice**
छाउपडी प्रथा रोक्न: पहिला छाउगोठ भत्काउ । विभेद हुने घरको मुलिलाई कारबाही, अटेर गरे सरकारी सुविधा कटौती, महिनावारी र बच्चा जन्मिएको बेला अनुगमन, विस्तारै चेतना भरिँदै जान्छ जंगलीहरूमा ।

**@JyoteeKatuwal**
जहिले छाउपडीले महिला मरेको कुरामा बहस सुन्दा अचम्म लाग्छ । छाउपडी गलत त हो, तर छाउपडीले महिला मरेको होइन । महिला मर्नुको कारण गरिबी हो । कहिल्यै सम्पन्न परिवारकी महिलाको छाउपडीले मृत्यु सुन्न परेको छ र ? समाज आर्थिक हिसाबले सबल हुँदै गएपछि कुरीतिहरू हटाउन सजिलो हुँदै जान्छ ।

**@soonilcmr73**
छाउपडी प्रथाविरुद्ध सरकार निर्मम बन्ने मात्र होइन, चेतना जगाउने कार्यलाई व्यापकता दिन सरकारले उचित लगानी पनि गर्नुपर्छ । चेतना पढेर, पढाएर या सम्झाइ बुझाइ गरेर मात्र आउँदैन । आवश्यक कानुनी सजायको व्यवस्था पनि गर्नुपर्छ । सरकारले छाउगोठ भत्काउनै पर्छ र बनाउन प्रतिबन्ध लगाउनै पर्छ ।

**@chetnarayanpa01**
कर्णालीमा छाउपडी प्रथा । भत्किए छाउगोठ, भत्किएन छाउ प्रथा ।

**@trsubedi47**
रावललाई बास्कोटाको प्रहार: छाउपडी हटाउन नसक्ने, ठूलो कुरा गर्ने ? चर्को प्रहार गरेछन् त, अब उत्तर के आउने हो ?

**@SurendraPaudel**
यो निर्णयसँगै छाउपडी प्रथालाई निरन्तरता दिनेहरूले अबदेखि राज्यबाट प्रवाह हुने वृद्ध भत्ता, सामाजिक सुरक्षा भत्ता, सहुलियतका कर्जा लगायतका सेवा सुविधा पाउने छैनन् ।

**@joshihanshu**
गोठ भत्काउनु लक्षणको उपचार मात्र हो । देउताको डर छाउपडी समाप्त नहुनुको मुख्य कारण हो । बीस, चालीस जना अधिकारकर्मीले महिनावारी हुँदा सामूहिक रूपमा मन्दिर प्रवेश गरेर समुदायलाई आत्मबल दिन सकिएला कि । नत्र गोठ भत्काए नि त्रिपालमा बस्न आइहाल्दा रै'छन् ।

**@menamaraj**
सञ्चारमन्त्रीज्यू, छाउपडी कु-प्रथा हटाउने ठेक्का के भीम रावलको मात्र हो ? सरकारले यसको जिम्मा लिनुपर्दैन ? हाम्रा सञ्चारमन्त्री दिनदिनै असहिष्णु र असभ्य बन्दै गएका देखिन्छन् । अति दम्भ र अति शक्ति उन्मादले पतनको बाटो डोहोऱ्याउँछ कमरेड, ख्याल गरेको राम्रो ।

**@madhavjee**
आज कान्तिपुर टेलिभिजनमा समकोण कार्यक्रममा छाउपडी बहस गजबै थियो है निर्मला शर्माजी । गम्भीर, जानकारीमूलक । महिनावारी नबारेकै कारण अनमीको बच्चालाई गाउँलेले दूध नदेको रे । अझै छेवैको मन्दिरका कारण महिला स्कुल र हेपोमा नजाने रै'छन् । भीम रावल सर, जिल्लाको माहोल सुधार्न ।

**@HareeshLaw**
गोकुल बास्कोटा (भीम रावललाई)- आफ्नो जिल्लामा छाउपडी प्रथा रोक्न नसक्नेले ठूला कुरा गरिराछन् । भीम रावल (गोकुल बास्कोटालाई)-आफ्नो जिल्लामा चेलीबेटी र किड्नी बिक्री गर्न बन्दको प्रयास गर्दा हुन्थ्यो कि मन्त्री महोदय ।

**@Basanta50530516**
छाउपडी जस्तो सामाजिक कुरीतिविरुद्ध जिल्ला प्रशासन कार्यालयको आक्रामक अभियान । अब हामी निकट भविष्यमा सुर्खेत जिल्लालाई छाउपडी/छाउगोठमुक्त जिल्ला बनाउने छौं ।

**@DeepakG57179619**
खास अर्थमा छाउपडी ठूलो समस्या होइन, तर सरकार मन लगाएर कामै गर्दैन, कुरा रहयो आइएनजीओको, तिनीहरू काम गर्न गएका होइनन्, तिनीहरू त व्यापारी हुन्, आफ्नो मतलब पूरा गर्छन्, हिँड्छन् । वास्तविकता यही हो ।

**@Basanti_raini**
सरकारले छाउपडीसम्बन्धी कुसंस्कारलाई रोक्न जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले मर्यादित महिनावारी अन्तर्राष्ट्रिय सम्मेलनको तयारी गरेको छ ।

**@ourjaya**
जसको घरमा छाउपडी प्रथा प्रचलनमा रहेको पाइन्छ, त्यस्तो घरका अभिभावक र छाउगोठमा बस्ने महिलालाई समेत अनिवार्य रूपमा कानूनी कारबाहीको दायरामा तत्काल ल्याउन र कडा कारबाहीको व्यवस्था मिलाउन गृह मन्त्रालयलाई संसदीय समितिको निर्देशन ।

**@rock_7up**
शास्त्रमा यो लेखिएको छैन, त्यो लेखिएको छैन भन्दै उफ्रिनेलाई भन्न चाहन्छु-तपाईले मान्ने हरेक परम्परा अरुले तपाईको धर्मसँग जोडेर हेर्छन् । यदि ती परम्परा रुढीवादी छन् भने तिनलाई हटाउ । तब अरूले तपाईको धर्ममाथि औंला उठाउन सक्दैनन् । नत्र तर्क दिएरमात्र धर्म रक्षा हुन सक्दैन ।

**@Pri_darshan**
छाउपडी विशेष भूगोलमा चलेको परम्परा हो । वर्तमानमा त्यसको सान्दर्भिकता सक्यो । हिन्दू धर्मसँग लेनादेना छैन । छाउपडी हिन्दु धर्मको परम्परा हुन्थ्यो भने हिन्दु बसेको सबै भूभागमा चल्नु पर्थ्यो । नेपालको एउटा विशेष क्षेत्रमा चलेको त्यो परम्परा कसरी हिन्दु धर्मभित्रको हो भन्न सकिन्छ ?

**@msapkota00043**
छाउपडी प्रथा हिन्दूसँग जोडिएको नभै विशेष क्षेत्रसँग जोडिएको विषय हो, नत्र पूर्वमा त त्यस्तो देखेको छैन । त्यसैले धर्मलाई व्याख्या गर्नु पहिला धर्मको जरो कुरा बुझ्नुपर्छ ।

**@GuruGprakash**
छाउपडीको सुरुवात धेरै वैज्ञानिक थियो कि ! एक आध्यात्मिक वातावरण सहितको एकान्त घर, जहाँ नारी मासिक धर्म भएको बेला आराम गर्छे, पोसिलो खान्छे, एकदम सरसफाइसहित ध्यान साधना गर्छे । तसर्थ वर्तमान छाउपडी अन्त्यभन्दा आधुनिक छाउपडी भने कसो होला ! हाम्रा उन्नत संस्कार विकृत मात्र भएको हो ।

**@enabin**
छाउपडी प्रथाको अन्त्य असम्भव छ, तर छाउपडी बस्ने स्थानको सरसफाइ र स्तर उन्नतिको जनचेतना सम्भव छ । समस्याको समाधान खोजौं, नकि दिमागमा जकडिएको आस्थामाथिको प्रहार । फरक सोच्ने कि ?

**@bhawani2019**
छाउपडी रावलले हटाउन सकेनन् होला तर अहिले वहालवाला मन्त्री को छ ? बास्कोटा कि रावल ? सत्ताको कुर्सीमा आफू बसेर अरुले गरेनन् भन्नु नक्कचरोपना हो, केही कुण्ठा रावलमा होला, तर विषय उठान धेरै तर्कसंगत छन्, जनहितमा छन्, सञ्चारमन्त्री र सल्लाहकार नछटपाए हुने ।

**@spantosh_**
सुदूरपश्चिमलाई छाउपडी कुख्यात बनाइएको थियो, तर अवस्था त मध्यपश्चिमको दयनीय रहेछ त । गृह मन्त्रालयको रिपोर्टअनुसार सुर्खेतमा मात्रै १८ सयभन्दा धेरै छाउपडी गोठ रहेछन् । त्यसपछिका छाउपडी ग्रसित जिल्लाहरूमा जाजरकोट, दैलेख, सल्यान छन् । सुदूरपश्चिमका बझाङ र अछाम जिल्ला बाहेक अन्यत्र छाउपडी समस्या/गोठ नभएको गृहद्वारा स्पष्ट । सम्पूर्ण छाउगोठहरू भत्काइने ।

**@DipeshShahi**
आर्थिक र सामाजिक समानता भयो भने सुदूरका गोठहरू आफैं भत्किन्छन् र ती गोठहरू घरमा बदलिन्छन् । जसका कारण काठमाडौंका जस्तै पूजा र भान्सा कोठा नछिर्ने शर्तमा दिदीबहिनीहरू सिंगल रूपमा बस्न पाउँछन् । छाउपडी चेतना चाहिँ पुरुषवादी मानसिकताको उपज हो । त्यो मिलेर भत्काउँ ।

**@NabarajSoti**
आजसम्म शपथ नखाने सांसद, मन्त्री, प्रम कोही छन् र ? देउवाले चार चोटी खाएर दर्जनौं आलम, वीरेन्द्र कनोडिया जन्माए, खर्ब लुटे, बुढीलाई टिकट दिए । बाबुरामले संविधान जलाए, प्रचण्डले छोरा-बुहारीलाई जनप्रतिनिधि, सल्लाहकार, सांसद, मन्त्री बनाए, विश्व बैंकमा खर्ब कोचे, रावलले अछाममा छाउपडी हटाए ।

समाचार

# प्रसादमय कामना एवार्ड्स




पाँचौं संस्करणको कामना फिल्म एवार्ड्स-२०७६ मा चलचित्र 'प्रसाद' ले सर्वाधिक पाँच एवार्ड जित्न सफल भएको छ । प्रतिस्पर्धात्मक २६ विधा तथा अन्य ९ गरी कुल ३५ विधामा एवार्ड प्रदान गरिएको थियो भने लोकप्रिय १४ विधामा भोटिङको व्यवस्था थियो । १० विधामा मनोनीत 'प्रसाद'ले एवार्डका मुख्य विधाहरू सर्वोत्कृष्ट चलचित्रसहित निर्देशक (दिनेश राउत), अभिनेता (विपिन कार्की), अभिनेत्री (नम्रता श्रेष्ठ) तथा पटकथा (सुशील पौडेल) गरी ५ एवार्ड हात पारेको हो ।

सर्वाधिक १५ विधाको मनोनयनमा परेको चलचित्र 'नाइँ नभन्नु ल-५' ले सह-अभिनेत्री (प्रियंका कार्की), बालकलाकार (सेड्रिना शर्मा) गीतकार (दिनेश थपलिया), संगीतकार (वसन्त सापकोटा) तथा छायांकार (पुरुषोत्तम प्रधान) गरी ५ विधामा एवार्ड जित्न सफल भएको छ ।

गीत, संगीत, नृत्य तथा हास्य प्रस्तुतिसहितको एवार्ड वितरण समारोहमा १२ विधामा मनोनीत चलचित्र 'छक्कापञ्जा-३' ले हास्यकलाकार (केदार घिमिरे), नृत्य निर्देशक (कविराज गहतराज), संवाद (दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे र यमन श्रेष्ठ) तथा ध्वनि मिश्रण (सुनयमान श्रेष्ठ) गरी चार विधाको एवार्ड जितेको छ । १२ विधाकै मनोनयनमा परेको चलचित्र 'डमरुको डन्डिबियो' ले सर्वोत्कृष्ट नवनिर्देशक (छेतन गुरुङ) सँगै कथा (खगेन्द्र लामिछाने), पार्श्व संगीत (एलिस कार्की) तथा सम्पादन (निमेष श्रेष्ठ) गरी ४ विधाको अवार्ड चुमेको छ ।

चलचित्र 'साइँली'बाट दयाहाङ राईले सह-अभिनेताको एवार्ड जिते भने यही चलचित्रबाट हेमन्त रानाले पार्श्व गायकको एवार्ड जिते । अञ्जु पन्तले चलचित्र 'बाँध मायाले' बाट पार्श्व गायिकाको एवार्ड जितिन् । नवअभिनेतातर्फ चलचित्र 'बोबी'का उमेश थापा उत्कृष्ट भए भने नवअभिनेत्रीतर्फ 'ए मेरो हजुर-३' बाट सुहाना थापा पुरस्कृत भइन् । प्रमोद अग्रहरी चलचित्र 'कथा काठमाडौं'बाट सर्वोत्कृष्ट खलपात्र भए । चलचित्र 'भिलेन'बाट शुत्रराज शाहले सर्वोत्कृष्ट द्वन्द्व निर्देशक, चलचित्र चक्करका श्याम लामालाई सर्वोत्कृष्ट श्रृंगारको एवार्ड प्रदान गरियो ।

राजेश हमालको उद्घोषणबाट प्रारम्भ भएको समारोहलाई नरेश भट्टराई तथा मन्दिरा ढुंगेलले अगाडि बढाएका थिए । समारोहमा तारा थापा, प्रविशा अधिकारी, समीक्षा अधिकारी, आनन्द कार्की, देविका बन्दना, शम्भुजित बाँस्कोटा, प्रल्हाद तिमिल्सिना, टीका भण्डारी, गौरी मल्ल, वसन्त सापकोटा तथा मदनकृष्ण श्रेष्ठले मेड्ले गीत प्रस्तुत गरे भने अभिनेता भुवन केसीले आफ्नो जीवनकै दोस्रो रेकर्डेड गीत लाइभ ब्यान्डमार्फत प्रस्तुत गरे । अभिनेत्री मिथिला शर्माको एकल नृत्यमार्फत अघि बढेको समारोहमा यशराज गराच, प्रमोद अग्रहरी, छुल्टिम गुरुङ, पल शाह, पूजा शर्मा तथा विनु शाक्यले पनि आफ्नो नृत्य प्रस्तुतिमार्फत दर्शकको मन जिते । गौरी मल्ल, नरेशवीर सिंह तथा कोरियोग्राफर कविराज गहतराजको प्रस्तुति पनि उत्तिकै आकर्षक रह्यो । व्यंग्यकार राजा राजेन्द्र पोखरेलले अभिनेता राजेश हमाल र आनन्द कार्कीको सहयोगमा आफ्नो हास्य प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरे ।

समारोहमा कामना प्रकाशनका संस्थापक अध्यक्ष स्व. भरतलाल श्रेष्ठको नाममा स्थापित भरतलाल ह्युम्यानिटेरियन एवार्डबाट पोखराका समाजसेवी सोनाम साङ्पो तथा कामना प्रकाशनका प्रधान सम्पादक स्व. पुष्करलाल श्रेष्ठको नाममा स्थापित पुष्कर मिडिया एवार्ड इमेज ग्रुप अफ कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक रामकृष्ण मानन्धरलाई प्रदान गरियो ।

समारोहमा अभिनेता नीर शाह तथा मेकअप आर्टिस्ट सन्तु तामाङलाई कीर्तिमय दीर्घ योगदान सम्मान प्रदान गरिएको थियो ।

## थिएटरमा मलमा 'जामुनको रूख'



कीर्तिपुर राराहिलस्थित थिएटर मल- कीर्तिपुर रंगमञ्चमा नाटक 'जामुनको रूख : सेमलेस भल्गारिटी'को मञ्चन सुरु भएको छ । कृष्ण चन्दरको कथामा आधारित नाटकमा रंगकर्मी केदार श्रेष्ठको लेखन, परिकल्पना तथा निर्देशन छ । यसै नाटकबाट कीर्तिपुर रंगमञ्चमा नियमित नाटक मञ्चन सुरु भएको हो ।

गत वर्ष फागुनमा नेपाल अन्तर्राष्ट्रिय नाटक महोत्सवबाट नाटकघर कीर्तिपुर रंगमञ्चको उद्घाटन भएको थियो । यस बीचमा विभिन्न कार्यशाला तथा केही नाटक मञ्चन भए पनि नियमित मञ्चन भने 'जामुनको रूख'बाट भएको हो ।

हास्यव्यंग्य शैलीमा प्रस्तुत गरिएको ७० मिनेट लामो नाटक सरकारी सचिवालय अगाडि बूढो जामुनको रूख ढलेर एक आममान्छेलाई थिचेपछि सुरु हुन्छ । थिचिएको मान्छे निकाल्न कसैले जिम्मेवारी लिनुको सट्टा कर्तव्य र मानवीयतालाई पाखा लगाएर एकपछि अरूलाई जिम्मेवारी पन्छाउँदै नाटकको कथा अघि बढ्छ । अझै थिचिएको मान्छेप्रति भन्दा ठीक उल्टो ढलेको बूढो जामुनको रूखप्रति सहानुभूति प्रकट गर्दै अमानवीयताको हदसम्म पुग्छ ।

नाटक वर्तमान जटिल र विसंगत सामाजिक, राजनीतिक अवस्थाको सपाट कथा हो । पद र पावरमा रहेकाको अनिर्णय, अनियमितता, अकर्मण्यता, अव्यवस्था, असंवेदना, अमानवीयतालगायतको कथा हो । उर्दू र हिन्दी भाषी साहित्यकार कृष्ण चन्दरको लोकप्रिय कथामध्ये एक 'जामुनको रूख'जस्तै नाटकलाई पनि सरल र सरस रूपमा प्रस्तुत गर्ने प्रयास मञ्चमा देखिन्छ । 'तर हरेक सरलताभित्र जटिलता र जटिलताभित्र सरलता कलाको स्वाभाविकता हो । यसर्थ तपाईंको भौतिक आँखाले देखेका दृश्यहरूभन्दा पनि भयानक दृश्य तपाईंको चेतन आँखाले देख्नुभयो भने नाटक अर्थपूर्ण बनेछ भनेर बुझ्नेछु' निर्देशक श्रेष्ठले भने ।


आगामी माघ ४ गतेसम्म मञ्चन हुने नाटकमा शंकर भण्डारी, कञ्चन संग्रौला, मनिष ब्याञ्जु, शक्ति पाखिन, हिरा महर्जन, स्नेहा रसाइली, रोशन केसी र सरोज राईले अभिनय गरेका छन् । नाटकसँगै थिएटर मलमा मंगलबारदेखि 'क्यानभास एट थिएटर' नामक कला प्रदर्शनी पनि सुरु भएको छ । प्रदर्शनीमा विभिन्न विधाका १३ युवा कलाकारका कलाहरूको प्रदर्शनी हुने थिएटर मलका कला संयोजक सुजिता महर्जनले बताइन् ।

## शिलास्मालाई मिसेज टुरिजम एम्बेसडर



मलेसियाको क्वालालम्पुरमा शनिबार सम्पन्न मिसेज टुरिजम एम्बेसडर वर्ल्ड-२०२० को फाइनलमा नेपाली चेली शिलास्मा हमाल मल्लले ताज हात पारेकी छन् । शिलास्मा अन्य मुलुकका प्रतिस्पर्धीलाई पन्छाउँदै विजेता भएकी हुन् । उक्त विशेष कार्यक्रममा २१ देशका महिलाहरू यो प्रतियोगितामा सहभागी थिए । ती सबै प्रतिस्पर्धीलाई पछि पारेर शिलास्माले मिसेज टुरिजम एम्बेसडर वर्ल्ड-२०२० का ताज चुमेकी छिन् । विभिन्न चरणपछि फाइनलमा पुगेकी शिलास्माले अन्ततः उत्कृष्ट हुँदै वर्ल्डतर्फको शीर्ष उपाधि र ताज जितेकी छिन् । नेपालबाट प्रतियोगिताका लागि मोडल तथा मिसेज टुरिजम एम्बेसडर-२०२० विजेता शिलास्मा हमाल मल्लले प्रतिनिधित्व गरेकी थिइन् । उपाधि जितेपछि शनिबार बेलुका शिलास्माले भनिन्, 'मिसेज टुरिजम एम्बेसडर युनिभर्स-२०२० को फाइनलमा मैले वर्ल्डतर्फको उपाधि जितेर नेपाललाई उत्कृष्ट साबित गरेको छु । 'एसिया, युरोप, अफ्रिकालगायतका महाद्वीपका २१ जना महिला भएको प्रतिस्पर्धामा युनिभर्सतर्फको ताज भने मलेसियाले जितेको छ ।' केही वर्षयताबाट मोडलिङमा सक्रिय शिलास्माले नेपालका केही ब्युटी पेजेन्टमा पनि यसअघि ताज जितिसकेकी छिन् । उनी म्युजिक भिडियोमा समेत व्यस्त मोडलका रूपमा चिनिएकी छिन् ।

## यौन जिज्ञासा





डा. राजेन्द्र भद्रा

म २० वर्षको भएँ । मेरो विवाह पनि भइसक्यो, तर मेरो लिंगको साइज धेरै सानो छ । त्यसैले सम्पर्क गर्दा मजा पनि आउँदैन । के बिस्तारै उमेर बढ्दै जाँदा मेरो लिंगको साइज पनि बढ्छ होला ? लिंग नबढ्नुको कारण के होला ?

...4682

लिंगको साइज धेरै सानो भन्नुभए पनि स्पष्ट रूपमा नाप नलेख्नु भएकाले यसै भन्न सकिने स्थिति भने भएन । लिंग एक विशेष अंग हो र यसको सांकेतिक महत्त्व बढी छ । सन्तान उत्पादन गर्ने अंगका रूपमा भएर पनि यस्तो भएको हुन सक्छ । कतिपय व्यक्तिले यसको आकार वा लम्बाइलाई पुरुषको ‘व्यक्तित्व’ वा भनौं उसको ‘पौरुषत्व’सँग नै जोडिएको ठान्ने गर्छन्, त्यसैले उनीहरूमा आफ्नो लिंगप्रति निकै चासो र चिन्ता हुन्छ । कतिपय व्यक्तिले लिंगको लम्बाइ वा मोटाइ सामान्य भए पनि सानो भयो कि भनेर पिर-चिन्ता गर्ने गर्छन् । व्यक्ति-व्यक्तिअनुसार लिंगको लम्बाइ तथा मोटाइ एकदमै फरक-फरक हुन सक्छ ।

अहिले देशअनुसार लिंगको नापसम्बन्धी गरिएका अध्ययनहरूका अनुसार केही विविधता भए पनि कंगोको ७ दशमलव १ इन्च, इक्वेडरको ६ दशमलव ९ इन्च, हल्यान्डको ६ दशमलव २ इन्च, फ्रान्सको ५ दशमलव ७ इन्च, बेलायतको ५ दशमलव ५ इन्च, संयुक्त राज्य अमेरिकाको ५ दशमलव १ इन्च, पाकिस्तानको ४ दशमलव ८ इन्च, दक्षिण कोरियाको ४ दशमलव ४ इन्च, जापानको ४ दशमलव ३ इन्च, थाइल्यान्डको ४ इन्च, भारतको ४ इन्च तथा उत्तरी कोरियाको ३ दशमलव ८ इन्च देखिएको छ । नेपालको सन्दर्भमा लिंगको नापको तथ्यांक उपलब्ध नभएका कारण यसै भन्न नसकिए पनि हाम्रो वरिपरिको देशका बासिन्दासँग वंशाणु वा जातीय तथा अन्य कतिपय कुरामा मिल्ने भएकाले तुलना गर्न मनासिव नै होला भन्ने लाग्छ ।

### लिंगको नापको निर्धारण कसरी हुन्छ ?

यसको जवाफ दिन त्यति सजिलो भने छैन, किनकि धेरै कुराले यसमा प्रभाव पारेको हुन्छ । छोटकरीमा भन्नुपर्दा वंशाणुले एक महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सायद सबैभन्दा बढी प्रभाव पुरुष हार्मोनको हुन्छ । धूमपानले भने यसको नाप कम गराउने प्रभाव राख्छ । सामान्यतया किशोरावस्थासम्म तीव्र गतिमा बढ्ने गरेको लिंग लामो समयसम्म किशोरावस्थापछि त्यही नापमा रहन्छ । अहिले लिंग बढाउने उपाय जस्तो तन्काउनेदेखि शल्यक्रियासम्म उपलब्ध छन् । उपाय हेरी यसको प्रभावकारिता वा अन्य असरहरू आ-आफ्नै किसिमका हुन्छन् । उमेर बढ्दै गएपछि अधबैंसे भएपछि बिस्तारै लिंगको नापमा केही कमी आउने गर्छ ।

### लिंगको उमेरअनुसार विकास

केटाको यौनांग विकासलाई निम्न चरणमा विभाजन गरिएको छ ।

१. Tanner Stage 1 (Pre-prepubertal) : अण्डकोषको लम्बाइ २ दशमलव ५ सेमिभन्दा कम, यौनकेश आउन बाँकी तथा लिंगको वृद्धि नभएको ।

२. Tanner Stage 2 : अण्डकोषको लम्बाइ २ दशमलव ५ देखि ३ दशमलव २ सेमि, लिंगको फेदमा हल्का रूपमा यौनकेश (मोटो, गाढा रंगको केश) आउने, लिंगको वृद्धिको सुरुवात हुने ।

३. Tanner Stage 3 : अण्डकोषको लम्बाइमा वृद्धि भएर ३ दशमलव ६ सेमिको हुने, अनि जघनास्थित क्षेत्र ती पनि यौनकेश (मोटो, गाढा रंगको केश) फैलने, लिंगको लम्बाइ तथा मोटाइ बढ्ने । केही स्तनमा पनि केही वृद्धि देखिन सक्छ ।

४. Tanner Stage 4 : अण्डकोषको लम्बाइमा वृद्धि भएर ४ दशमलव १ देखि ४ दशमलव ५ सेमिको हुने, जघनास्थि क्षेत्रमा हुने यौनकेश (मोटो, गाढा रङ्गको केश) वयस्क पुरुषको जस्तो नै हुने । लिंगको लम्बाइ तथा मोटाइ निरन्तर रूपमा बढ्ने ।

५. Tanner Stage 5 : अण्डकोषको लम्बाइमा वृद्धि भएर ४ दशमलव ५ सेमिभन्दा बढीको हुने, जघनास्थि क्षेत्रमा हुने यौनकेश (मोटो, गाढा रंको केश) वयस्क पुरुषको जस्तै हुने र तिघ्राको भित्रतिर फैलिने । लिंगको लम्बाइ तथा मोटाइ निरन्तर अब वयस्क नापमा पुग्ने । यदि स्तनमा वृद्धि भएको भए यो हराएर जाने ।

### मजा आउने नआउने कुरा

यो पक्कै हो कि दुई व्यक्ति यौनसम्पर्कमा संलग्न हुन्छन्, तर तपाईंले किन लिंगको थप विकास गर्न चाहनुभएको थाहा भएन । धेरैजसोको मनमा आफ्नो यौनसाथीलाई पर्याप्त यौनसुख दिन नसकिएला कि हो भन्ने रहन्छ । कुनै पनि व्यक्तिले यौन चरमसुख पाउने कुरा उसको शारीरिक पक्षका साथै मानसिक पक्षसंग अन्तरंग सम्बन्ध राख्छ । यौनसुख प्राप्त गर्न सो व्यक्ति मानसिक रूपमा नै तयार हुनु जरुरी छ र उत्तेजनाका सन्देश उसले शारीरिक रूपमा प्राप्त गर्न बाह्य कुराले सहयोग गर्ने हो । यस अर्थमा अर्को व्यक्तिले यौन चरमसुख वा मजा पाउने/नपाउने कुराको जिम्मा लिन वा ग्यारेन्टी गर्न सकिँदैन, सहयोग गर्न मात्र सकिने हो । उदाहरणका लागि तपाईंले कुनै व्यक्तिलाई सुन्दर ध्वनि वा सुमधुर संगीत सुनाउन सक्नुहुन्छ, तर त्यसबाट आउने मजा त सो व्यक्ति आफैंले लिनुपर्ने हुन्छ ।

अर्को कुरा, तपाईंलाई पक्कै पनि महिलाको सबैभन्दा बढी यौन संवेदनशील अङ्ग भगाङ्कुर बाहिरतिरै हुने कुरा त थाहै होला । महिला तल र पुरुष माथि भएर सामान्यतया गरिने यौनसम्पर्कमा लिंगले भगांकुरलाई घर्षण गर्दैन, त्यसैले लिंगको लम्बाइ वा मोटाइ बढाए मजा लिन सक्ने भएन । तपाईंले भगांकुर घर्षण गर्न औंला वा अन्य कुराको प्रयोग गर्न सक्नुहुन्छ । फेरि महिलाको योनिको बाहिरी (योनिद्वारनेरको) भाग यौन संवेदनशील न कि भित्री भाग, जसमा छोटो नै लिंगले पनि घर्षण गर्न भ्याउँछ ।

## पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

# अबको गन्तव्य असुरक्षित गर्भपतनको अन्त्य

अबको गन्तव्य असुरक्षित गर्भपतनको अन्त्य’ नाराका साथ विगत दुई वर्षदेखि सुरक्षित गर्भपतन दिवस नेपालमा मनाउँदै आए तापनि असुरक्षित गर्भपतन रोकिएको भने छैन । विश्व स्वास्थ्य संघ (डब्लूएचओ) ले २०१८ फेब्रुअरीमा प्रकाशित गरेको तथ्यांकअनुसार हरेक वर्ष ५ करोड ६० लाख महिलाले गर्भपतन गर्छन्, जुन कुल गर्भको २५ प्रतिशत हुन्छ । विश्व स्वास्थ्य संघले गर्भपतनका कारण करिब ८० लाख महिलाको ज्यान जोखिममा रहने गरेको र २ करोड ५० लाख महिलाले असुरक्षित गर्भपतन रोज्ने गरेको तथ्यांक सार्वजनिक गरेको छ ।

> असुरक्षित गर्भपतन हुन नदिन गर्भपतनलाई सुरक्षित बनाउनु अर्को विकल्प हुन सक्छ । गर्भपतनलाई सुरक्षित बनाउन नेपालमा गर्भपतनलाई कानुनी मान्यता दिएर सुरक्षित गर्भपतन सेवा सुरु गरिएको पनि १५ वर्ष बितिसक्यो ।

असुरक्षित गर्भपतनले गर्भपतन राम्ररी नहुने जसका कारण अत्यधिक रक्तश्राव हुने सम्भावना हुन्छ । अत्यधिक रक्तश्रावका कारण महिलाको मृत्युसमेत हुने गरेको पाइन्छ । त्यस्तै असुरक्षित गर्भपतनले पाठेघरमा घाउ लाग्ने, फुट्ने तथा यौनअंगहरू नै बिग्रिने हुनसक्छ । यसले गर्दा तत्कालै महिलाको ज्यान जान सक्ने वा दीर्घकालीन रूपमा बाँझोपन हुन सक्ने सम्भावना रहन्छ ।

असुरक्षित गर्भपतनका कारणले पाठेघरमा संक्रमण हुने र बेलैमा संक्रमणलाई नियन्त्रण गर्न नसकेको अवस्थामा महिलाको ज्यान जाने खतरा रहन्छ । असुरक्षित गर्भपतनका कारणले आएका जटिलताहरूका थप उपचारका लागि हरेक वर्ष ७० लाख महिलालाई अस्पतालमा भर्ना गर्नुपरेको विश्व स्वास्थ्य संघको सो तथ्यांकले देखाएको छ ।



असुरक्षित गर्भपतनकै कारण४ दशमलव ७ देखि १३ दशमलव २ प्रतिशत मातृमृत्यु हुने गरेको सो तथ्यांकमा उल्लेख गरिएको छ । यिनै कारणहरूले गर्दा असुरक्षित गर्भपतनलाई चुनौतीका रूपमा स्वीकार गर्नुपर्ने र यसलाई रोक्नु आवश्यक देखिन्छ । त्यसैले होला, यस वर्षको नारा पनि ‘अबको गन्तव्य असुरक्षित गर्भपतनको अन्त्य’ दिएको हुनुपर्छ ।

मानिसको आवश्यकता बढ्दो छ । गाँस, बास र कपासमा मात्र हामी सीमित रहँदैनौं । गाँस, बास र कपाससँगै ‘सहवास’ पनि आजको आवश्यकता हो, अनि सहवास पछि त गर्भ स्वाभाविक हो, तर गर्भ आवश्यकता नहुन सक्छ र गर्भपतन रोज्नुपर्ने हुनसक्छ । गर्भपतन रोक्न सहवासलाई प्रतिबन्धित गर्न सकिन्न र व्यावहारिक पनि हुन्न । तर, गर्भपतनलाई सुरक्षित बनाउन सकिन्छ । गर्भपतन र यसका जटिलता कम गर्न सबैभन्दा उत्तम उपाय परिवार नियोजनका साधनको प्रयोग गर्नु नै हो भन्दा फरक नपर्ला । परिवार नियोजनका साधनले गर्भ रहन नदिने भएकाले गर्भपतन रोज्नुपर्ने बाध्यतालाई अन्त्य गरिदिन्छ । आवश्यक परामर्श लिएर आफूलाई मन परेको प्रभावकारी परिवार नियोजनका साधन प्रयोग गर्नु बुद्धिमानी सावित हुन्छ । अहिले बजारमा आकस्मिक गर्भनिरोधक चक्की पनि उपलब्ध हुने भएकाले संयोगवश रहन गएको असुरक्षित यौनसम्पर्कपछि पनि गर्भ रोक्न सकिने भएकाले अलिक सजिलो पक्कै भएको हुनुपर्छ ।

असुरक्षित गर्भपतन हुन नदिन गर्भपतनलाई सुरक्षित बनाउनु अर्को विकल्प हुन सक्छ । गर्भपतनलाई सुरक्षित बनाउन नेपालमा गर्भपतनलाई कानुनी मान्यता दिएर सुरक्षित गर्भपतन सेवा सुरु गरिएको पनि १५ वर्ष बितिसक्यो । नेपालमा १८ वर्ष पार गरेकी, मानसिक सन्तुलन ठीक रहेको हरेक गर्भवतीले आफ्नै मञ्जुरीमा तथा १८ वर्ष पार नगरेको (नाबालक) वा मानसिक अवस्था ठीक नभएको अवस्थामा नातेदारको मञ्जुरीमा गर्भपतन गर्न पाउने कानुनी व्यवस्था छ । गर्भपतनले कानुनी मान्यता पाएकाले लुकिछिपी, असुरक्षित स्थानमा र अयोग्य व्यक्तिबाट गर्भपतन गराउनुपर्ने बाध्यतालाई अन्त्य भएको छ ।

खेलकुद

# फुटबलले धनी रोहित




तस्बिर : हेमन्त श्रेष्ठ




■ हिमेशरत्न बज्राचार्य

सहिद स्मारक लिग 'ए' डिभिजनको तेस्रो चरणका खेल चलिरहेको थियो, सातदोबाटोमा । रोहित चन्द त्यहाँ आइपुगे । इन्डोनेसियामा फुटबल सिजन सकेलगत्तै उनी काठमाडौं झरेका थिए र सातदोबाटो पनि पुगे । उनको उद्देश्य खेल हेर्नु थियो होला, तर उनको आगमनले नेपाली फुटबल बजार एकाएक गर्मियो । अनुमान गर्न सुरु भयो, अब रोहितले पनि यहाँको लिग खेल्नेछ र उनी हुनेछन्, नेपाली लिगकै सबैभन्दा महँगा खेलाडी ।

हल्ला केसम्म चल्यो भने केही क्लब त उनलाई प्रत्येक खेलको २ लाख रुपैयाँ दिनसम्म पनि तयार थिए । खासमा यो हल्ला मात्र थिएन, साँच्चै थियो । उनलाई अनुबन्ध गर्न प्रमुख क्लब तयार पनि थिए, तर सायद रोहित आफैं तयार थिएनन् । उनी इन्डोनेसियामा एक लामो सिजन सकेर नेपाल फर्किएका थिए र उनको उद्देश्य आराम गर्नु नै थियो । र, यो आराम अर्को सिजनका लागि आफूलाई मानसिक र शारीरिक रूपमा बलियो बनाउन आवश्यक पनि थियो ।

इन्डोनेसियाको लिग वानलाई एसियाकै एक उत्कृष्ट लिग मानिन्छ । सम्भवतः जापान र दक्षिण कोरियाको घरेलु लिगपछि सबैभन्दा अब्बल दर्जाका लिगमा यसलाई पनि मानिन्छ । यही लिगमा उनले गत सिजन पर्सिजा जाकार्ताका लागि खेले । यो इन्डोनेसियाली घरेलु लिगको सबैभन्दा सफल क्लबमध्ये एक हो । यो क्लबसँग रोहितको अनुबन्ध अझै जनवरीसम्म बाँकी छ । त्यसले पनि प्राविधिक रूपमा रोहितले हाम्रोमा तुरुन्तै खेल्ने सम्भावना पनि थिएन ।

कोही पनि नेपाली इन्डोनेसिया पुगेर जकार्ता पुग्नुपर्छ, अचेल उनलाई सबैभन्दा पहिले सोधिने प्रश्न हो, 'के तपाईं रोहित चन्दलाई चिन्न हुन्छ ?' यति धेरै लोकप्रिय छन्, रोहित इन्डोनेसियामा । नेपाली हो भनेर परिचय दिइसकेपछि इन्डोनेसियामा ठोक्किने पहिलो प्रश्न वास्तवमै यही हो, धेरैले यही अनुभव गरेको हुनुपर्छ । इन्डोनेसियाली पत्रपत्रिकाका पढ्नुपर्छ, थाहा हुन्छ, रोहितका 'डाइहार्ड फ्यान' इन्डोनेसियामा धेरै छन्, त्यसैले पनि उनको लोकप्रियता चुलिएको हो ।

यी फ्यान कस्तासम्म छन् भने रोहितलाई पर्सिया जाकार्ताले टिममा नराख्ने भएपछि त्यसको विरोधमा जुलुस नै निस्केको थियो, दुई सिजन अगाडि । एक वर्षअगाडि सन् २०१८ को सिजन त रोहित र पर्सिजा दुवैका लागि गज्जब नै रह्यो । क्लबले लिग उपाधि जित्यो, अनि रोहितले उत्कृष्ट खेलाडीको पुरस्कार । लिग वानमा ब्राजिलदेखि लिएर युरोपकै नाम चलेका खेलाडीसम्म पनि खेल्ने गर्छन् । यिनै खेलाडीबीच पनि रोहित लिगको उत्कृष्ट खेलाडी हुन सफल भएका हुन् ।

यसपल्टको सिजन भने रोहित र क्लब दुवैका लागि खासै रहेन् । सन् २०१९ मा क्लबले लिग उपाधिको रक्षा गर्न सकेन । रोहित आफैंले पनि औसत प्रदर्शन मात्र गरे । सिजनको सुरुमै उनलाई बाली युनाइटेडले अनुबन्ध गर्न चाहेको थियो ।

> "व्यावसायिक फुटबल खेलर नेपाली खेलाडीमध्ये सबैभन्दा बढी कमाउने यिनै रोहित हुन् । उनी अहिले २९ वर्षका भए, सन् २००९ देखि व्यावसायिक फुटबल खेल्न थालेका हुन् । यो एक दशकमा उनले ४ लाख डलरको हाराहारीमा कमाएको हुनुपर्छ ।




पर्सिजाले लिग जित्दाका ब्राजिली प्रशिक्षक स्टेफानोले पनि रोहितलाई पनि बाली आउने प्रस्ताव राखेका थिए, रोहित आफैं भने तयार भएनन् । संयोग कस्तो रह्यो भने यही बाली युनाइटेड यसपल्टको च्याम्पियन रह्यो ।

अबको सिजन उनले कहाँबाट खेल्नेछन् त ? यो तय छैन । इन्डोनेसियाली लिग वानमा १८ टिम छन् र सबै टिम उस्तै-उस्तै बलिया छन्, टिमका आधारमा पनि आर्थिक हैसियतमा पनि । राम्रो विदेशी खेलाडीलाई यी क्लब राम्रै पारिश्रमिक दिन्छन् । रोहितले सन् २०१९ मा कति धमाए त ? उनको सीधा-सीधा उत्तर कसैले पनि दिँदैन । तय छ, उनले १ लाख डलरको छेउछाउमा कमाए होला, सायद व्यक्तिगत प्रदर्शन राम्रो नभएको यसभन्दा केही कम ।

बरु त्यसको पनि अघिल्लो सिजन उनले मज्जाले १ लाख डलरको हाराहारीमा कमाए होला, किनभने उनको त्यो सिजन वास्तवमै अद्वितीय थियो । उनले डिफेन्सिव मिडफिल्डरका रूपमा उत्कृष्ट प्रदर्शन गरे । गोलका लागि केही एसिस्ट पनि रचे र आफैं पनि केही गोल गरे । उनको भूमिका ठ्याक्कै भन्दा 'बक्स टु बक्स' मिडफिल्डरका रूपमा थियो । भन्नै पर्छ, नेपाली खेलाडीले विदेशी भूमिमा फुटबलमा प्राप्त गरेको सबैभन्दा ठूलो सफलता यही हो ।

अनि के पनि भन्न सकिन्छ भने फुटबल खेलर नै यी एन्फा एकेडेमीका उत्पादन धनी पनि भएका छन् । व्यावसायिक क्रिकेट खेलर नेपाली खेलाडीमध्ये सबैभन्दा बढी कमाउने निर्विवाध रूपमा सन्दीप लामिछाने हुन् । व्यावसायिक फुटबल खेलर नेपाली खेलाडीमध्ये सबैभन्दा बढी कमाउने भने यिनै रोहित हुन् । उनी अहिले २९ वर्षका भए, सन् २००९ देखि व्यावसायिक फुटबल खेल्न थालेका हुन् । यो एक दशकमा उनले ४ लाख डलरको हाराहारीमा कमाएको हुनुपर्छ ।

यो अनुमान मात्र हो, उही नहुन सक्छ, तर उनले कमाएको रकम यसको वरिपरि नै हुन सक्छ । यसमा पारिश्रमिकदेखि लिएर पुरस्कार राशि पनि पर्न सक्छ । सुदूर पश्चिमका रोहितले एन्फा एकेडेमीमा छनोट भएयता पछाडि फर्केर हेर्नुपरेको छैन । सुरुमा उनले नेपालमा मच्छिन्द्रबाट खेले, त्यसपछि भारतको आई-लिग खेल्न हिन्दुस्तान लिबरबाट आबद्ध भए । त्यति नै बेला उनले युरोपमा खेल्न पनि प्रयास गरे । त्यही बेला हल्ला चलेको थियो, आर्सनल र टोटनहमले उनमा रूचि देखाएको थियो ।

यी हल्लाभन्दा बढी हुन सकेन, तर उनी इन्डोनेसियाली लिगमा भने लगातार व्यस्त रहे । सुरुमा पीएपीएस पाकेनबरुमा आबद्ध भए, त्यसपछि लगत्तै पर्सिजा जकार्ता । उनले केही समय मलेसियामा पनि खेले । नेपाल फर्केका बेला केही समय मनाङ-मर्स्याङ्दीबाट पनि खेले । सुरुदेखि नै घोषित अघोषित रूपमा रोहितको एउटै निर्णय रहेको छ, विदेशी क्लबकै लागि व्यावसायिक फुटबल खेल्ने । यो निर्णयमा जोखिम उत्तिकै थियो, तर रोहित जत्तिको खेलाडीले त्यति आँट गर्नु ठीक पनि थियो ।

खेलकुद



# घोडचढी : सोख कि खेल ?

तस्बिरहरू : इलिट जोशी

नेपालमा घोडचढी खेल नौलो होइन, तर यसको प्रतियोगितात्मक अवस्था हेर्ने हो भने यो नेपालमा पछिल्लो पटक भित्रिएको नयाँ खेल मानिन्छ । नेपालमा घोडचढीसँग सम्बन्धित खेलका रूपमा काठमाडौंमा चैत महिनामा आयोजना हुने घोडेजात्रा र साउन महिनामा मुस्ताङमा आयोजना हुने यार्तुङलाई नै मानिन्छ । वार्षिक रूपमा आयोजना हुने यी दुवै घोडचढीसँग सम्बन्धित खेलका आ–आफ्नै धार्मिक र सामाजिक मान्यता भए पनि घोडचढी खेलका रूपमा भने यी दुवैले मान्यता पाउन सकेका छैनन् ।

काठमाडौंमा आयोजना हुने घोडेजात्रामा गरिने घोडा दौडलाई कुनै समय एसियाकै सबैभन्दा ठूलो मैदानमा आयोजना हुने घोडा दौड प्रतियोगिता मानिन्थ्यो । काठमाडौंको घोडेजात्राको उत्पत्तिको आ–आफ्नै किंवदन्ती छ । किंवदन्तीअनुसार दैत्यमाथि मानिसको जित र टुँडिखेलमा दैत्य आत्मा रहेका कारण बर्सेनि घोडा कुदाएर दैत्यको आत्मालाई दबाउने गरिएको विश्वास गरिन्छ, जसका कारण घोडेजात्रा कहिलेदेखि सुरु भएको हो भन्ने विषयमा खासै यकिन तथ्य छैन । पछिल्लो पटक नेपाली सेनाले घोडेजात्रालाई निरन्तरता दिन थालेपछि भने घोडेजात्रामा पनि विविधता आउन थालेको छ ।


काठमाडौंमा घोडेजात्रा मनाइएजस्तै घोडामा सवार भएर मुस्ताङमा यार्तुङ आयोजना हुने गर्छ । तिब्बतीयन मूलको यो मौलिक पर्व तिब्बतसँग सिमाना र वेशभूषा मिल्ने नेपालीहरूले पनि वर्षौंदेखि मनाउँदै आउन थालेका छन् । यो पर्वमा स्थानीय आफ्नो घोडामा सवार भएर विभिन्न किसिमको दौड प्रतियोगितालगायत घोडामा सवार भएर विभिन्न क्षमता देखाउने गर्छन् ।

सयौं वर्ष अगाडिदेखि यी दुई खेल नेपालमा आयोजना हुँदै आए पनि नेपालमा घोडचढीले भने प्रतियोगितात्मक खेलको रूप धारण गर्न सकेको छैन । घोडचढीलाई आजभन्दा १ सय २० वर्षअगाडि अर्थात् सन् १९०० मा पेरिसले आयोजना गरेको दोस्रो ओलम्पिक प्रतियोगितामा पहिलो पटक खेलकुदका रूपमा समावेश गरेको थियो । यो अवस्थालाई हेर्ने हो भने नेपालमा घोडचढी प्रतियोगितात्मक भन्दा मनोरञ्जन खेलका रूपमा खेलिने गरेको देखिन्छ ।

> “ किंवदन्तीअनुसार दैत्यमाथि मानिसको जित र टुँडिखेलमा दैत्य आत्मा रहेका कारण बर्सेनि घोडा कुदाएर दैत्यको आत्मालाई दबाउने गरिएको विश्वास गरिन्छ, जसका कारण घोडेजात्रा कहिलेदेखि सुरु भएको हो भन्ने विषयमा खासै यकिन तथ्य छैन ।

पछिल्ला केही वर्षमा घोडचढीलाई पनि खेलका रूपमा विकास गर्ने जमर्को गरिन थालिएको छ । सन् २०११ मा श्रीलंकामा आयोजना भएको पहिलो दक्षिण एसियाली बिच गेम्समा नेपालले घोडचढी खेलमा १ स्वर्ण, १ रजत र १ कांस्य पदक जितेको थियो । यो सफलताले नेपालमा पनि घोडचढीको केही सम्भावना देखिएको हो । घोडचढीको हाम्रो देशमा अलग्गै इतिहास छ । यसलाई केही व्यवस्थित र प्रतियोगिताको रूप दिने हो भने हामी अन्तर्राष्ट्रिय क्षेत्रमा जान सक्छौं भन्छन् नेपाल घोडचढी संघका अध्यक्ष रवि राजकर्णिकार ।

घोडचढी खेलले पछिल्लो केही वर्षदेखि नेपालमा निरन्तरता पाउँदै आएको छ । यसैको छैटौं संस्करण आज शुक्रबारदेखि टुँडिखेलमा आयोजना हुँदैछ । एकदिने यो प्रतियोगितामा घोडचढीको हाइजम्प, टेन्ट पोगिङ र शो जम्पको स्पर्धा हुनेछ ।





> ‘अहिले यो खेलमा जति खेलाडी र घोडा छन् तिनीहरूलाई अनुभवी बनाउँदै अन्तर्राष्ट्रिय मान्यताका लागि ढोका खोल्ने हाम्रो योजना हो ।’
> – रवि राजकर्णिकार
> अध्यक्ष

यसपटकको प्रतियोगितामा २० पुरुष र ६ महिला राइडरहरूले प्रतिस्पर्धा गर्नेछन् । राष्ट्रिय प्रतियोगिताका रूपमा आयोजना भए पनि यो प्रतियोगितामा सहभागी हुने अधिकांश खेलाडी भने नेपाली सेनाकै छन् । प्रतियोगितामा सहभागी हुने घोडाको उपलब्धताकै कारण पनि नेपाली सेनाका खेलाडी र घोडाले यो प्रतियोगितालाई सफल बनाउने देखिन्छ । घोडचढी प्रतियोगितामा प्रयोगमा आउने घोडा आममानिससँग छैन भने पनि हुन्छ । यस्तो अवस्थामा प्रतियोगितामा आममानिसको पहुँच हुन नसकेको अध्यक्ष राजकर्णिकार स्विकार्छन् । उनी भन्छन्, ‘यो राष्ट्रिय प्रतियोगिताको हाम्रो लक्ष्य भनेको अहिले रहेका थोरै घोडचढी खेलाडीहरूलाई अनुभवी गराउने हो भने उनीहरूलाई अन्तर्राष्ट्रिय अनुभव दिलाउनु पनि हो ।’ संघले सबै विधामा पहिलो, दोस्रो र तेस्रो हुने खेलाडीलाई जनही २०, १५ र १० हजार रुपैयाँ नगद पुरस्कार राखेको छ भने महिला प्रतियोगीलाई ५ हजार रुपैयाँ दिने घोषणा गरिसकेको छ ।

अहिले नेपाल घोडचढी संघले अन्तर्राष्ट्रिय मान्यता पाएको छैन । रवि भन्छन्, ‘स्वदेशभित्र यो खेलका केही गतिविधि आयोजना पाएमा हामीलाई अन्तर्राष्ट्रिय मान्यता लिन सजिलो हुन्छ । यही प्रतियोगिता आयोजना गर्न पनि संघलाई गाह्रो छ, खेलाडी मात्र भएर भएन घोडा पनि चाहियो, फेरि यो प्रतियोगितामा सहभागी हुने घोडा पनि विशेष किसिमको हुनुपर्‍यो । यस्तो घोडा आममानिसले पाल्न र प्रशिक्षण दिन पनि सक्दैनन् । त्यसैले नेपाली सेनाको सहयोगबिना यो प्रतियोगिताको राष्ट्रिय प्रतियोगिता आयोजना गर्न पनि सम्भव छैन । अहिले यो खेलमा जति खेलाडी र घोडा छन् तिनीहरूलाई अनुभवी बनाउँदै अन्तर्राष्ट्रिय मान्यताका लागि ढोका खोल्ने हाम्रो योजना हो ।’

घोडचढी खेल हेर्दा जति आकर्षक मानिन्छ यसको राष्ट्रिय होस् वा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्नु र सहभागी गराउनुलाई खर्चिलो र झन्झटिलो मानिन्छ । प्रतियोगितामा सहभागी हुने घोडा खेलाडीले अभ्यास गरेकै हुनुपर्छ । यस्तो अवस्थामा घोडालाई विशेष किसिमको सवारी साधनबाट गर्ने ढुवानी, तिनीहरूको क्वारेन्टाइन परीक्षण, स्थानीय वातावरणसँग घुलमिल आदि जस्ता कुराले झन्झटिलो हुने गर्छ । अहिले नेपालका घोडचढी खेलाडीहरूलाई केही अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन निमन्त्रणा आए पनि खर्च र झन्झटिलो नियमका कारण सहभागी हुन नसकेको रवि बताउँछन् । उनी भन्छन्, ‘हामीले अन्तर्राष्ट्रिय मान्यता पायौं भने वैदेशिक सहयोगमा नेपालभित्रै केही गर्न सक्ने वातावरण बन्ने थियो कि ?’

जाँदाजाँदै

# ‘पारिजातले मेरो कथाको प्रशंसा गर्नुभएको थियो’

**नेपालकी प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीको अघिल्लो वर्ष ‘न्याय’ शीर्षकमा आत्मवृत्तान्त प्रकाशन भएपछि सार्वजनिक वृत्तमा उनी लेखकका रूपमा पनि चिनिइन् । हालै उनको उपन्यास पुस्तक ‘कारा’ सार्वजनिक भएको छ । नयाँ पुस्तक प्रकाशनकै सेरोफेरोमा कार्कीसँग साप्ताहिकका कृष्ण आचार्यले गरेको संवाद :**

**आत्मवृत्तान्त ‘न्याय’ सार्वजनिक भएको १५ महिनामै ‘कारा’ उपन्यास लिएर आउनुभयो । तयारी पहिल्यैदेखि थियो या यही १५ महिनामा तयार पार्नुभएको हो ?**

सायद पाठकहरूले अपेक्षा गर्नुभएको थिएन । यो उपन्यास मैले अहिले लेखेको भने होइन । २०४६ सालको जनआन्दोलनमा प्रहरीले नियन्त्रणमा लिएर मलाई विराटनगरको हाटखोला जेल चलान गऱ्यो । त्यतिबेला मैले जेलको वातावरण नियाल्ने अवसर पाएँ । जेलको दरिद्र अवस्था देखेर मलाई अचम्म लाग्यो । कुनै किल्लाको आकारको जेलभित्र भकारीजस्तो माटाको ढिस्को बनाइएको थियो । माथिबाट फर्स बिछ्याएर त्यसको मुनि नुन राखिएको थियो । नुनको असरले कैदीको छिटो मृत्यु होस् भन्ने पञ्चायती शासकको मनसाय रहेछ । छानामा झुलजस्तो माकुराको कालो भयंकर जालो पिङ खेलिरहेको थियो । ढिस्कोमाथि माटोको भाँडा राखेर खाना बनाउनुपर्थ्यो । झन्डै ३० फिटको पर्खालभित्र हामी यसरी कैद भएका थियौं कि त्यहाँबाट बाहिरको संसार नियाल्नु सपनाजस्तो थियो । कतैबाट ताजा हावा आउने कुरै थिएन । महिलामाथि विभेद, अन्याय र अत्याचार त्यस्तै । मलाई त्यहाँको जीवन कुनै चलचित्रको रिलजस्तो लाग्यो । सबै कुरालाई आफ्नो डायरीमा टिपोट गरिरहेकी थिएँ । त्यही टिपोटले अहिले आएर उपन्यासको रूप लिएको हो ।

**त्यतिबेला टिपोट गर्दा नै भविष्यमा पुस्तक बनाउने सोच्नुभएको थियो ?**

जेलभित्रको गतिविधिले मलाई निकै छोएको थियो । त्यसैले यो साहित्य सिर्जनाको राम्रो सिक्वेन्स हुन्छ भन्ने लागेर टिपोट गरेकी थिएँ । जेलबाट निस्किएपछि डायरीको टिपोटलाई लम्ब्याएर सारेँ । त्यसपछि भने लामो समय (झन्डै तीन दशक) थन्किएर बस्यो ।

**साहित्यप्रतिको रुचि पहिल्यैदेखि थियो या जेलको वातावरणबाटै यतातर्फ आकर्षित हुनुभयो ?**

सानैदेखि म कविता र उपन्यासहरू पढ्थेँ । फुर्सद हुनासाथ मेरो ध्यान साहित्यिक कृतिको अध्ययनमा जान्थ्यो । म आफैं पनि कथा र कविताहरू लेख्थेँ । १८-१९ वर्षको उमेरमा मैले एउटा उपन्यास तयार पारेर हरिभक्त कटुवाललाई देखाएँ पनि । उहाँले ‘नानी, तेरो उपन्यास लेख्ने उमेर अझै भएको छैन’ भन्नुभयो । त्यसपछि म पछि हटेँ ।

> “
>
> पारिजातले मेरो विराटनगरस्थित घरमै पुगेर “तपाईंको कथा असाध्यै मन पर्‍यो” भन्नुभयो । सोही क्रममा मलाई एक दिन सूचना विभागबाट फोन आयो । ०३५-३६ सालतिर हो । रानी ऐश्वर्याका बारेमा पनि कथा लेखिदिनुपर्‍यो भनियो । त्यसपछि भने मलाई लेख्न मन लाग्न छाड्यो ।

**युवाकालमा तपाईंका कथा र कविता कतै छापिए पनि कि ? रहर मेटन मात्रै लेख्नुभयो ?**

मेरा कथा र कविता विराटनगरका स्थानीय पत्रपत्रिकामा निकै छापिएका छन् । त्यतिबेला काठमाडौंबाट निस्कने पत्रपत्रिकामा पनि छापिए । एउटा कथा पढेर पारिजातले त्यसको प्रशंसा गर्नुभएको थियो । कथाको नाम मैले अहिले बिर्सिएँ तर त्यो कथा जीवनसँग हारेको एक युवकको थियो । उसले बिहानीसँगै देखेको सूर्यलाई आफ्नो उदाउँदो भविष्यको प्रतीकका रूपमा लिएको थियो । एक पाक्षिकमा छापिएको सो कथा पढेर पारिजातले मेरो विराटनगरस्थित घरमै पुगेर ‘तपाईंको कथा असाध्यै मन पर्‍यो’ भन्नुभयो । सोही क्रममा मलाई एक दिन सूचना विभागबाट फोन आयो । ०३५-३६ सालतिर हो । रानी ऐश्वर्याका बारेमा पनि कथा लेखिदिनुपर्‍यो भनियो । त्यसपछि भने मलाई लेख्न मन लाग्न छाड्यो । त्यहींदेखि मैले लेख्न छाडेँ । लोकतान्त्रिक आन्दोलनमा लागेको मान्छे म, कसरी राजपरिवारको गुनगान गाउन सक्थेँ ?



तस्बिर : नवराज बाग्ले



> मैले इमानदार भएर काम गर्दा पनि ममाथि महाअभियोग लगाउन खोजियो । त्यो मेरा लागि सामान्य घटना थिएन ।

**जेलबसाइको भोगाइलाई ‘कारा’मा आख्यानको रूप दिनुभएको छ । यसमा वास्तविक घटनाको सम्बन्ध कति छ ?**

सारी-चोलो लगाएकी, पटुका बाँधेकी, लामो कपाल भएकी एउटा महिला भऱ्याङमा उक्लिरहेकी छ, सोच्दा-सोच्दै यो आइडिया फुऱ्यो । त्यसपछि मैले उसलाई केन्द्रीय पात्र बनाएर उपन्यास सुरु गरेँ । आपराधिक घटना समावेश गर्न मसँग थुप्रै सन्दर्भ थिए । रोचक लागेजति मिसाउँदै गएँ । भऱ्याङ उक्लिएकी महिलालाई किर्ते मुद्दामा फसेको पात्र बनाएँ । सौताको बच्चाप्रति हुने निकै क्रूर व्यवहारबारे पनि मैले सुनेकी थिएँ । त्यसलाई पनि मिसाउँदै लगेँ । यसरी जेलको सन्दर्भमा पात्र र घटनाक्रम मिसाउँदै त्यसलाई रोचक बनाएर यो कृति तयार पारेकी हुँ ।

**तपाईंले जेलजीवन पनि बिताउनुभयो, न्यायिक क्षेत्रको नेतृत्व पनि सम्हाल्नुभयो । महिला र अपराधको सम्बन्धको सामाजिक पक्षलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

महिलाहरू हत्पति अपराध गर्ने पक्षमा हुँदैनन् । दुई-तीन प्रतिशतमा मात्र यसको सम्भावना हुन्छ । उनीहरूले आफ्नो मात्र नभएर परिवारको पनि इज्जत र प्रतिष्ठाको ख्याल राख्छन् । यो एकदम क्रय-विक्रयमा हुन्छ । मेरो उपन्यासमा एक पात्र छिन्, जो श्रीमान्ले छाडेर माइतीमा बसेकी हुन्छिन् । मामाको छोरासँग लसपस भएर उनको गर्भधारण हुन्छ । बच्चा जन्मिएपछि लगेर कतै फाल्छिन् । कुकुरले बोकेर उसको आँगनमै ल्याइदिन्छ । उसको बच्चा भन्ने थाहा पाएपछि उनीमाथि अनैतिकताको बिल्ला भिराइन्छ, पक्राउ गरेर थुनामा राखिन्छ । उनीसँग अमानवीय व्यवहार गरिन्छ । यो मैले आफैं हेरेको मुद्दा हो । पात्रको नाम परिवर्तन गरेर यो घटनालाई मैले उपन्यासमा समेटेकी छु । जीउ मास्ने, बेच्ने अपराधमा पनि अभिभावकले लाग्न बाध्य बनाउँछन्, तर फस्ने महिला हुन्छन् ।

**जेलजीवन त महिला र पुरुषका लागि एउटै अनुभव होइन र ?**

पुरुष जेल पर्नु र महिला पर्नुमा फरक छ । पुरुषका लागि उसका श्रीमती, आमा, बहिनी सबैले पर्खिएर बस्छन् । तर, महिला पर्दा उनीहरूलाई साथ दिने, उनीहरूको पर्खाइमा बस्ने कोही हुँदैन । जेलबाट निस्किएपछि ऊ कतै जाने ठाउँ हुँदैन । विराटनगरमा मसँगै जेलमा बसेकी एक महिला जेलमुक्त भएपछि सडक-पेटीमा माग्दै हिँडेको मैले कैयौं पटक देखेकी छु । उसलाई आफ्नै हातले केही रुपैयाँ सहयोग गरेकी छु । प्रायः पुरुषहरू अपराध गरेरै जेल आएका हुन्छन्, तर महिला अपराध नगरी फस्छन् । अपराध गर्नेहरू कम मात्र हुन्छन् । यो कुरा मैले जेलमा देखेको र आफ्नो करियरमा अनुभव गरेको आधारमा भन्दै छु ।

**‘कारा’ उपन्यासको टिपोट तीन दशकअघि तयार रहेछ । तर, उपन्यासभन्दा आत्मवृत्तान्त अघि निकाल्नुभयो, किन ?**

मैले इमानदार भएर काम गर्दा पनि ममाथि महाअभियोग लगाउन खोजियो । त्यो मेरा लागि सामान्य घटना थिएन । न्यायालयभित्रका विकृति स्मरण हुँदै निकाल्दा राम्रो भनेर मैले पहिले आत्मकथाको पुस्तकमा काम गरेँ । ‘कारा’जस्ता उपन्यासका विषय मसँग धेरै छन् । बिस्तारै काम गर्दै जान्छु ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **राजाराम गौतम**